institute of development studies

कार्यपत्र

पुस्तक २०२२ सङ्ख्या ५७०

# नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूको परिवर्तनका बारेमा समाचारहरुको विश्लेषण

Arjun Kharel, Sadikshya Bhattarai, Prajesh Aryal,
Sudhir Shrestha, Pauline Oosterhoff and Karen Snyder

मे २०२२

विकास अध्ययन संस्थान (IDS) ले विश्वव्यापी रूपमा थप समतामूलक र दिगो विकासका लागि चाहिने ज्ञान, कार्य र नेतृत्वलाई रूपान्तरण गर्ने विश्वस्तरीय अनुसन्धान, अध्ययन र शिक्षण प्रदान गर्दछ।

© विकास अध्ययन संस्थान २०२२

कार्यपत्र पुस्तक २०२२ सङ्ख्या ५७०
नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरूका सम्बन्धमा समाचारहरुको विश्लेषण

Arjun Kharel, Sadikshya Bhattarai, Prajesh Aryal, Sudhir Shrestha, Pauline Oosterhoff and Karen Snyder
मे २०२२

पहिलो पटक मे 2022 मा विकास अध्ययन संस्थानद्वारा प्रकाशित
अन्तर्राष्ट्रिय मानक क्रम सङ्ख्या (ISSN): २०४०-०२०९ अन्तर्राष्ट्रिय मानक पुस्तक सङ्ख्या (ISBN): 978-1-80470-075-4 डिजिटल वस्तु परिचायक (DOI): **10.19088/IDS.2022.085**

सुझावित उद्धरण: Kharel, A.; Bhattarai, S.; Aryal, P.; Shrestha, S.; Oosterhoff, P. र Snyder, K. (२०२२) *नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरूका सम्बन्धमा समाचारहरुको विश्लेषण*, IDS कार्यपत्र ५७०, Brighton: विकास अध्ययन संस्थान, डिजिटल वस्तु परिचायक ISBN: 978-1-80470-075-4 DOI: **10.19088/IDS.2022.085**

यस प्रकाशनको क्याटलग रेकर्ड ब्रिटिश लाइब्रेरीमा उपलब्ध छ।

संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (USAID) र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (UK Aid) मार्फत अमेरिकी नागरिक र ब्रिटिश नागरिकको उदार सहयोगले यो अनुसन्धान सम्भव भएको हो। यो पत्र Winrock International (विनरक इन्टरनेशनल) को जिम्मेवारी हो र यसले USAID वा अमेरिकी सरकार वा UK Aid वा बेलायत सरकारका विचार-धारणालाई प्रतिबिम्बित गर्दैन ।

यो **क्रिएटिभ कमन्स एट्रिब्युशन ४.०** अन्तर्राष्ट्रिय इजाजतपत्र (CC BY) का सर्तहरूमा वितरण गरिने एक खुला पहुँच भएको पत्र हो, जसले मूल लेखक र स्रोतलाई उल्लेख गरी र कुनै पनि परिमार्जन वा अनुकूलन गरिएको भए त्यसलाई सङ्केत गरि कुनै पनि माध्यमद्वारा अप्रतिबन्धित प्रयोग, वितरण र पुनरुत्पादनलाई अनुमति दिन्छ।

यसमा उपलब्ध छ:
विकास अध्ययन संस्थान, लाइब्रेरी रोड
Brighton, BN1 9RE, United Kingdom
+44 (0)1273 915637
**ids.ac.uk**

विकास अध्ययन संस्थान (IDS) ग्यारेन्टीद्वारा सीमित र इङ्ल्याण्डमा दर्ता गरिएको एक परोपकारी कम्पनी हो
परोपकार दर्ता सङ्ख्या 306371
परोपकारी कम्पनी सङ्ख्या 877338

कार्यपत्र

अंक २०२२ सङ्ख्या ५७०

# नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूको परिवर्तनका बारेमा समाचारहरुको विश्लेषण

Arjun Kharel, Sadikshya Bhattarai, Prajesh Aryal,
Sudhir Shrestha, Pauline Oosterhoff and Karen Snyder

मे २०२२

# नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरूका सम्बन्धमा समाचारहरुको विश्लेषण

Arjun Kharel, Sadikshya Bhattarai, Prajesh Aryal, Sudhir Shrestha,
Pauline Oosterhoff and Karen Snyder
मे २०२२

## सारांश

यस अध्ययनमा सन् २०१५ पछि नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरूका बारेमा बुझ्नका लागि नेपालबाट मानव बेचबिखनमा संलग्न भएका विभिन्न व्यक्तिहरूबारे समाचारहरुमा गरिएको चित्रणलाई विश्लेषण गरिएको छ। यस अध्ययनका निष्कर्षहरू सन् २०१६ देखि २०२० सम्मको पाँच वर्षको अवधिमा नेपालका छ वटा राष्ट्रिय समाचार पत्रमा प्रकाशित ४८० वटा समाचारहरुको विश्लेषणका साथसाथै यस विषयमा प्रकाशित विद्यमान दस्तावेजहरू र समाचारपत्रका संवाददाता र सम्पादकहरूसँगको अन्तर्वार्तामा आधारित छन्।

समाचारमा रिपोर्ट गरिएका आरोपीत अपराधीहरूमा धेरैजसो पुरुषहरू थिए भने पीडितहरूमा महिलाहरूको सङ्ख्या धेरै थियो। रिपोर्ट गरिएका यौन बेचबिखनका पीडितहरूमा महिलाहरूको ठूलो सङ्ख्या देखिएको थियो भने रिपोर्ट गरिएका श्रम बेचबिखनका पीडितहरूमा पुरुष र महिलाको सङ्ख्या बराबर थियो। यो नेपालबाट विदेशमा काम गर्न जाने पुरुष र महिला आप्रवासीहरूको वास्तविक अनुपातभन्दा फरक छ, जहाँ वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिने महिला कामदारहरूभन्दा पुरुष कामदारहरू ८० प्रतिशतले बढी छन्। समाचार लेखहरूको विश्लेषणमा भारत ऐतिहासिक रूपमा बेचबिखनको गन्तव्य र ट्रान्जिटको हिसाबले शीर्ष मुलुक रहेकोमा अझै पनि सोही स्थानमा नै रहेको देखिएको छ। खाडी सहकार्य परिषद् (GCC) अन्तर्गतका मुलुकहरू, उत्तर अमेरिका, युरोप, दक्षिणपूर्वी एसिया र अष्ट्रेलिया नयाँ गन्तव्यका रूपमा देखा परेका छन् भने म्यानमारसहित युरोप, अफ्रिका र ल्याटिन अमेरिकाका केही मुलुकहरू नेपालबाट हुने मानव बेचबिखनको नयाँ ट्रान्जिटका रूपमा देखा परेका छन्। अध्ययनले नेपाली सञ्चारमाध्यममा मानव बेचबिखनसम्बन्धी रिपोर्टिङमा सुधार गर्न अनुसन्धानात्मक पत्रकारिताका लागि स्रोतहरू बाँडफाँड गर्न र समालोचनात्मक लैङ्गिक विश्लेषण सहितका ठोस रिपोर्टिङमा संवाददाताहरूलाई तालिम दिन सिफारिस गरेको छ। सरकारी निकायहरू बीचको समन्वय र अप्रभावकारी नीतिहरूको संशोधनले मानव बेचबिखन नियन्त्रण गर्न र रोजगारका लागि सुरक्षित आप्रवासनलाई प्रोत्साहित गर्न योगदान पुऱ्याउन सक्छ।

## मुख्य शब्दहरू

नेपाल, मानव बेचबिखन; समाचारहरुको विश्लेषण; बेचबिखनका मार्गहरू; लिङ्ग; श्रम **आप्रवासन**; श्रम

## लेखकहरू

**Arjun Kharel (PhD)** त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्रका सहायक प्राध्यापक हुनुहुन्छ र उहाँ नेपालको काठमाडौंस्थित सोसल साइन्स बहाःको सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लाम) मा अध्येता समेत हुनुहुन्छ। उहाँको अनुसन्धान आप्रवासन, श्रम, सामाजिक परिवर्तन र विकासमा केन्द्रित छ।

**Sadikshya Bhattarai** (Msc) सन् २०१९ देखि नेपालको काठमाडौंस्थित सोसल साइन्स बहाःको सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लाम) मा अनुसन्धान अधिकृतका रूपमा कार्यरत हुनुहुन्छ। उहाँको पेशागत पृष्ठभूमिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आप्रवासन र जीविकोपार्जन लगायत आप्रवासन र गतिशीलतासँग सम्बन्धित विविध मुद्दाहरूमा गरिएका कार्य समेटिएका छन्।

**Prajesh Aryal** (MA) नेपालको काठमाडौंस्थित सोसल साइन्स बहाःको सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लाम) मा अनुसन्धानकर्ताका रूपमा कार्यरत हुनुहुन्छ। उहाँको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आप्रवासन र यसको शासनका विभिन्न पक्षहरूमा अनुसन्धान रुचि छ।

**Sudhir Shrestha** (MA) नेपालको काठमाडौंस्थित सोसल साइन्स बहाःको सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लाम) मा अनुसन्धानकर्ताका रूपमा कार्यरत हुनुहुन्छ। उहाँको अनुसन्धान रुचि श्रम, आप्रवासन र अनौपचारिक रोजगारीमा रहेको छ।

**Pauline Oosterhoff** (PhD, MA, MPH) सन् २०१४ देखि बेलायतस्थित इन्स्टिट्युट अफ डेभलपमेन्ट स्टडीज, युनिभर्सिटी अफ ससेक्स, मा अध्येता हुनुहुन्छ। IDS मा उहाँको अनुसन्धानले यौन तथा प्रजनन स्वास्थ्य एवम् अधिकारहरू, आधुनिक दासत्व तथा श्रम आप्रवासन, महामारी र मानवीय प्रतिक्रियाहरूमा केन्द्रित गरेको छ र त्यसमा नीति, योजना र स्थानीय वास्तविकताहरू बीचको अन्तरको अध्ययन गरिएको छ।

**Karen Snyder** (PhD, MPH) भ्यानकुभर, क्यानडाका एक मूल्याङ्कनकर्ता एवम् अनुसन्धानकर्ता हुनुहुन्छ। उहाँको मानवबेचबिखन-विरुद्ध, मानव अधिकार, स्वास्थ्य र वातावरणसम्बन्धी नीति तथा अभ्यासहरू सुधारमा २५ वर्षभन्दा बढी अनुभव छ।

# सारसंक्षेप

## पृष्ठभूमि

विकास अध्ययन संस्थान (IDS) ले हाम्रो सम्मान परियोजनाको साझेदारीमा नेपालमा मानव बेचबिखनसँग सम्बन्धित विभिन्न बहु-विषयक र कार्य-अनुसन्धान परियोजनाहरू संचालन गर्दै आएको छ। यस कार्यक्रमका मुख्य उद्देश्यहरू यसप्रकार छन्: (क) वैदेशिक श्रम आप्रवासन प्रक्रियाको क्रममा नेपाली कामदारको बेचबिखन र नेपालभित्र वयस्क मनोरञ्जन क्षेत्रमा हुने बेचबिखनलगायत प्राथमिकताका क्षेत्रहरूमा प्रवृत्तिहरूको नक्साङ्कन गर्ने; (ख) मान्छेको बेचबिखन (TIP) का सम्बन्धी आधारभूत ज्ञानमा सुधार गर्ने; र (ग) मानव बेचबिखनलाई कम गर्न र बेचबिखनबाट बचेका र बेचबिखनको जोखिममा रहेका मानिसहरूका लागि सेवा प्रवाहमा सुधार गर्न के गर्न जरूरी छ भनेर पहिचान गर्ने। IDS ले यो अध्ययन सञ्चालन गर्नका लागि सोसल साइन्स बहाको सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी सँग सम्झौता गरेको छ।

यस अध्ययनको मुख्य उद्देश्य विगत पाँच वर्षमा श्रम आप्रवासनका लागि नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरूका बारेमा बुझ्नु र संदिग्ध पीडित, आरोपीत अपराधी र पहिचान प्रक्रियामा संलग्न व्यक्ति जस्ता मानव बेचबिखनमा संलग्न भएका विभिन्न व्यक्तिहरूबारे सञ्चारमाध्यममा गरिएको चित्रणलाई विश्लेषण गर्नु थियो। अध्ययनमा मिश्रित विधिहरू प्रयोग गरिएका थिए, जसमा मानव बेचबिखन सम्बन्धी उपलब्ध तथ्याङ्क र प्रकाशित दस्तावेजहरुको समीक्षा, छ वटा राष्ट्रिय समाचारपत्रहरुमा प्रकाशित समाचारहरुको विश्लेषण र मानव बेचबिखन सम्बन्धी रिपोर्टिङका विषयहरूमा समाचार संवाददाता र सम्पादकहरूसँगको अन्तर्वार्ता समावेश थिए।

सञ्चारमाध्यमले मानव बेचबिखनसम्बन्धी सूचना प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा अध्ययनले प्रकाशित लेखहरूलाई तथ्याङ्कको प्राथमिक स्रोतका रूपमा प्रयोग गर्यो। मानव बेचबिखनसँग सम्बन्धित सञ्चारमाध्यममा हुने चित्रण र फ्रेमिङले सर्वसाधारण जनताका अनुभूति र धारणाहरूलाई आकार दिन महत्वपूर्ण भूमिका निर्वाह गर्छ। सञ्चारमाध्यमको राजनीतिक क्षेत्र र नीति तर्जुमाका बारेमा छलफल आयोजना गर्ने कुरामा पनि मुख्य भूमिका छ।

## अध्ययनका मुख्य निष्कर्षहरू

सञ्चारमाध्यमका रिपोर्टहरूको विश्लेषणले अधिकांश बेचबिखनका घटनाहरू छलकपटमा आधारित भएको र जसमा मानव तस्करहरूले झूटो बाचा र आशा देखाएर पीडितहरूलाई लोभ्याउने वा फकाउने गरेको कुरा देखाएको छ। सबैभन्दा धेरै रिपोर्ट गरिएका मानव बेचबिखनका उदाहरणहरूमा श्रम बेचबिखन र यौन बेचबिखन थिए। समाचारपत्रका रिपोर्टहरूमा पाइएको श्रम बेचबिखन रिपोर्टिङको उच्च दर अन्य विद्यमान प्रकाशित दस्तावेजका नेपालमा बेचबिखनका घटनाहरू बढ्दो रूपमा श्रम आप्रवासन र वैदेशिक रोजगारसँग जोडिएको भन्ने निष्कर्षहरूसँग मिल्दो थियो।

समाचार पत्रका रिपोर्टहरूमा आरोपीत अपराधीहरूमा धेरैजसो पुरुषहरू थिए भने पीडितहरूमा महिलाहरूको सङ्ख्या धेरै थियो। समाचार रिपोर्टहरूमा महिला 'पीडितहरू' को अत्याधिक सङ्ख्या देखिनुमा नेपालका प्रहरी र मानव बेचबिखन विरुद्ध कार्यरत संस्थाहरूले पुरुष 'अभिभावक' नभएका स्वतन्त्र महिला कामदारहरूलाई सीमा पार गरेर भारत जानबाट रोक्ने कुरामा केन्द्रित भएकोले पनि हुन सक्छ, जबकि पुरुष कामदारहरूलाई स्वतन्त्र आवागमन गर्न दिइन्छ। सबैभन्दा बढी पीडित मोरङ, झापा, दाङ, सिन्धुपाल्चोक र मकवानपुर जिल्लाका थिए। रिपोर्ट गरिएका पीडितहरूको शीर्ष दश वटा स्रोत जिल्लामध्ये छ वटा भारतसँग सीमा जोडिएका छन्। शीर्ष

स्थानमा रहेका धेरैजसो जिल्लाहरू नेपालबाट धेरै महिला श्रम आप्रवासी पठाउने प्रमुख जिल्लाहरू थिए, यसले श्रम आप्रवासन र मानव बेचबिखनबीचको सम्बन्धलाई सङ्केत गर्दछ।

त्यसैगरी, सञ्चारमाध्यमका रिपोर्टहरूले अवरोधकहरूका बारेमा खुलासा गरेको जानकारीमा प्रायजसो नेपाल प्रहरी र सशस्त्र प्रहरी बल लगायतका सुरक्षा निकायहरू थिए, त्यसपछि मानव बेचबिखन विरुद्ध कार्यरत गैरसरकारी संस्थाहरू थिए । त्यसबाहेक, नेपाल प्रहरी र मानव बेचबिखन विरुद्ध कार्यरत संस्थाहरू दुवैले पीडितहरूको उद्धार तथा पुनर्स्थापना र अपराधीहरूलाई कानुनी कारवाहीको कार्यमा सहजीकरणका लागि अन्य मुलुकका अन्य कल्याणकारी संगठन र सरकारी अधिकारीहरूसँग समन्वय गरेका छन्।

नेपालबाट मानव बेचबिखनका गन्तव्य र मार्गहरूबारे प्रकाशित दस्तावेजहरूले भारत, तिब्बत स्वायत्त क्षेत्र र हङकङ (चीनको विशेष प्रशासकीय क्षेत्र), दक्षिण कोरिया र खाडी सहकार्य परिषद (GCC) अन्तर्गतका मुलुकहरू सन् २०१६ भन्दा अगाडि बेचबिखनमा परेका पीडितहरूको प्रमुख गन्तव्यहरू थिए भन्ने कुरा देखाउँछ। प्रकाशित दस्तावेजहरूले मानव तस्करहरूले भारत र अन्य मुलुकहरूमा पीडितहरूलाई ओसापसार गर्नका लागि भूमि मार्गहरू (अर्थात् नेपाल र भारत बीचको खुला सीमाना) बारम्बार प्रयोग गरेको पनि उल्लेख गर्दछन्। सन् २०१६ देखि सन् २०२० सम्म समाचार सञ्चारमाध्यमा रिपोर्ट गरिएका बेचबिखनका गन्तव्य र ट्रान्जिट क्षेत्रहरूको विश्लेषण गर्दा गन्तव्य र ट्रान्जिट मुलुकहरूको सूचीमा वर्षैपिच्छे केही पहिलेकै र केही नयाँ नामहरू रहेको देखियो। यसबाट मानव तस्करहरूले पीडितहरूलाई आफ्नो गन्तव्यसम्म पुर्‍याउन हरेक वर्ष प्रायः नयाँ-नयाँ मार्ग खोज्छन् भन्ने देखिन्छ। अध्ययन गरिएका लेखहरूमा जीसीसी अन्तर्गतका मुलुकहरू, भारत, संयुक्त राज्य अमेरिका, युरोपेली मुलुकहरू र अष्ट्रेलिया गन्तव्यको रूपमा रहेको प्रायः धेरै रिपोर्ट गरिएको थियो भने अध्ययनले समेटेको पाँच वर्षको अवधिमा भारत, म्यानमार, थाइल्याण्ड, श्रीलङ्का र मेक्सिको अधिक रुपमा ट्रान्जिट मुलुकहरूका रूपमा रहेको उल्लेख गरिएको थियो।

धेरैजसो समाचार लेखहरूले बेचबिखनका घटकहरू किन र कसरी समावेश गरियो भन्ने कुराको खोजतलाश नगरिकनै घटनाहरू रिपोर्ट गरेका थिए र त्यसैले रिपोर्ट गर्ने क्रममा विशेष लेन्स प्रयोग गरेका थिएनन्। सरकारी र निजी सञ्चारमाध्यम, दुवैका संवाददाताहरूले राज्यको असफलता, मानव अधिकार र गरिबी तथा आर्थिक अभावलाई रिपोर्टिङको लेन्सहरूका रूपमा प्रयोग गरेका थिए। तथापि, सरकारी सञ्चारमाध्यमले रिपोर्टिङ गर्दा निजी सञ्चारमाध्यमको तुलनामा राज्यको असफलता र मानव अधिकारको फ्रेम कम प्रयोग गर्ने र गरिबी तथा आर्थिक अभावको लेन्स बढी प्रयोग गर्ने गरेको देखियो ।

## मुख्य सुझावहरू

- नेपालमा अनुसन्धानात्मक समाचार रिपोर्टिङका लागि सहयोग गर्ने र यसको महत्वलाई जोड दिने। यसका लागि अनुसन्धानात्मक पत्रकारिताका अवरोधहरू पहिचान गरी ती अवरोधहरूलाई सम्बोधन गर्नका लागि आर्थिक स्रोतहरू लगायत आवश्यक प्रोत्साहनहरू उपलब्ध गराउन सकिन्छ।
- संवाददाताहरूको पेशागत कार्यसम्पादन र रिपोर्टिङको गुणस्तर अभिवृद्धि गर्न उनीहरूलाई आप्रवासन, श्रम अधिकार र मानव बेचबिखनका मुद्दाहरूमा अनुसन्धानात्मक समाचार रिपोर्टिङ सम्बन्धी तालिम दिने। सम्बन्धित मानव बेचबिखनका समाचार लेखहरूको ठोस अनुसन्धान, तथ्य जाँच र प्रभावकारी सञ्चारका लागि तालिम दिइनुपर्छ।
- संवाददाताहरूलाई समलोचनात्मक लैङ्गिक विश्लेषणलगायत मानव बेचबिखनका परिवर्तनशील ढाँचा र स्वरुपको विश्लेषणका बारेमा तालिम दिने।
- महिला आप्रवासी कामदारहरूलाई जबरजस्ती श्रम तथा शोषणप्रति झन् जोखिममा पारेका महिला श्रम आप्रवासीहरूको आवतजावतमा प्रतिबन्ध लगाउने जस्ता अप्रभावकारी नीतिहरूमा परिमार्जन गर्ने।
- मानव बेचबिखन तथा ओसारपसार विरूद्धको कानुन तथा नीतिहरूको व्यवस्थापन र कार्यान्वयन गर्नका लागि वैदेशिक रोजगार विभाग र मानव बेचबिखन अनुसन्धान ब्यूरो बीचको समन्वय सुदृढ बनाउने। नेपालमा मान्छेको बेचबिखनका परिवर्तनशील रूपहरूलाई समावेश गर्नका लागि वर्तमान मानव बेचबिखन र श्रम आप्रवासनसम्बन्धी कानुनहरू परिमार्जन र संशोधन गर्ने ।

# विषयवस्तुहरू


स्वीकृतिहरू 12

अध्ययनमा प्रयोग गरिएका शब्दावली र धारणहरूको परिभाषा 13

संक्षिप्त रूप 15

1. प्राक्कथन 15
1.1 अनुसन्धान परियोजनाको पृष्ठभूमी 15
1.2 अध्ययनको प्रसङ्ग: नेपालबाट हुने मानव बेचबिखन र श्रम प्रवास 15
1.2.1 नेपालबाट हुने मानव बेचबिखनको प्रचलन 15
1.2.2 नेपालबाट हुने मानव बेचबिखनको ढाँचामा हुन सक्ने परिवर्तनहरू 16
1.2.3 नेपालबाट मानव बेचबिखनको अध्ययनका सम्बन्धमा समाचारहरुको विश्लेषण 18

2. कार्यपद्धति 22
2.1 प्रकाशित दस्तावेज समीक्षा 22
2.2 समाचार संग्रहको सामग्री विश्लेषण 23
2.3 संवाददाता र सम्पादकहरूसँगका रचनात्मक अन्तर्वार्ताहरू 26
2.4 तथ्याङ्क निकासी 26
2.5 विश्लेषण र संश्लेषण 26
2.6 तथ्याङ्क गुणस्तर आश्वासन 28
2.7 सीमितताहरू 30
2.8 नैतिक विचारहरू 31

3. मानव बेचबिखनसम्बन्धी सञ्चारमाध्यम समावेशन 33
3.1 नेपालमा सञ्चारमाध्यमको वातावरण 33
3.2 सञ्चारमाध्यमद्वारा ज्ञानको निर्माण र दर्शकमा यसको प्रभाव 36
3.3 मानव बेचबिखनको कभरेजको बारे समाचारहरुको विश्लेषण 37
3.4 मानव बेचबिखनको सञ्चारमाध्यम चित्रण 38
3.5 नेपाली सञ्चारमाध्यममा मानव बेचबिखनको चित्रण 39

4. अध्ययन गरिएका सञ्चारमाध्यम रिपोर्टहरूमा मानव बेचबिखनको समावेशन 41
4.1 समाचार लेखका विशेषताहरू 41
4.2 रिपोर्ट दायर भएका पीडितका विशेषताहरू 42
4.3 रिपोर्ट दायर भएका अपराधीका विशेषताहरू 45
4.4 अवरोधकहरूको रिपोर्टिङ 50
4.5 अवरोधकहरूको सहयोगमा पीडित र अपराधीहरूको पहिचान गर्ने प्रक्रिया 52

4.6 मानव बेचबिखनको प्रकृति/कारणहरू 55
4.7 मानव बेचबिखनको माध्यम 56
4.8 मानव बेचबिखनका लागि नियुक्ति प्रक्रिया 58
4.9 अन्तर्राष्ट्रिय मानव बेचबिखन मार्गहरू 59
4.9.1 सन् २०१६ अघि अन्तर्राष्ट्रिय बेचबिखन मार्गहरू 59
4.9.2 ओसारपसारका मार्गहरू (२०१६-२०) 60
4.9.3 नेपालबाट मानव बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरूका सहायक कारकहरू 65
4.9.4 बेचबिखनका ढाँचाहरूमा भएका परिवर्तनहरूका सम्बन्धमा संवाददाताहरूको अवलोकन 68
4.10 मानव बेचबिखनको सञ्चारमाध्यम 'रिपोर्टिङ लेन्स' 69
4.10.1 नेपालमा हुने मानव बेचबिखनका बारेमा लेख्ने र प्रकाशन गर्ने सञ्चारमाध्यम संवाददाता र सम्पादकहरूको अनुभव 72
5. **निष्कर्ष र सुझावहरू** 74
**एनेक्स** 1: **मौखिक सहमति सम्झौता (मुख्य सूचकहरूका लागि)** 77
**एनेक्स** 2: **अन्तर्वार्ताको जाँचसूची (संवाददाता र सम्पादकहरूका लागि)** 78
**एनेक्स** 3: **गुणस्तर मूल्याङ्कन उपकरण** 79
**एनेक्स** 4: **समाचार लेखहरूमा रिपोर्ट गरिएको गन्तव्य** 80
**एनेक्स** 5: **विभिन्न क्षेत्रहरूमा रिपोर्ट गरिएका गन्तव्य मुलुकहरूको रेकर्डिङ** 81
**एनेक्स** 6: **समाचार लेखहरूमा रिपोर्ट गरिएका ट्रान्जिट मुलुकहरू** 82
**एनेक्स** 7: **विभिन्न क्षेत्रहरूमा रिपोर्ट गरिएका ट्रान्जिट मुलुकहरूको रेकर्डिङ** 84
**एनेक्स** 8: **समाचार लेखहरूमा रिपोर्ट गरिएका बाहिर निस्कने जिल्लाहरू** 85
**एनेक्स** 9: **पीडितहरूको रिपोर्ट गरिएका मूल जिल्लाहरू** 86
**एनेक्स** 10: **नेपालमा जाति र जातीय वर्ग** 88
**एनेक्स** 11: **तथ्याङ्क निकासी फाराम** 89
**सन्दर्भहरू** 90

## चित्रहरू

चित्र २.१ खोज र परीक्षण नतिजाहरू 25
चित्र ४.१ रिपोर्ट दायर भएका पीडितहरूको मूल जिल्ला 44
चित्र 4.2 समाचार लेखहरूमा रिपोर्ट गरिएका गन्तव्यहरू 58
चित्र ४.३ समाचार लेखहरूमा रिपोर्ट गरिएका ट्रान्जिट मुलुकहरू 59
चित्र ४.४ समाचार लेखहरूमा रिपोर्ट गरिएका बाहिर निस्कने जिल्लाहरू 61

## तालिकाहरू

तालिका २.१ नेपालबाट हुने मानव बेचबिखनको अध्ययनका सम्बन्धमा समाचारहरुको विश्लेषण 22
तालिका २.२ समाचार लेखहरूको खोजीमा प्रयोग गरिएका मुख्य शब्दहरूको सूची 24
तालिका ४.१ समाचार लेखहरूमा सञ्चारमाध्यम र तथ्याङ्कको प्रयोग 39
तालिका 4.2 रिपोर्ट गरिएका पीडितहरूको लिङ्ग 40
तालिका 4.3 रिपोर्ट गरिएका पीडितहरूको जाति/जातीयता 42
तालिका 4.4 रिपोर्ट गरिएका अपराधीहरूको लिङ्ग 45
तालिका 4.5 रिपोर्ट गरिएका 'आरोपीत' अपराधीहरूको जाति/जातीयता 46
तालिका ४.६ नमुना समाचार लेखहरूमा रिपोर्ट गरिएका अवरोधकहरू 48
तालिका 4.7 मानव बेचबिखनका कारणहरू 52
तालिका ४.८ रिपोर्ट गरिएका पीडितहरूको लिङ्गअनुसार मानव बेचबिखनका कारणहरू 53
तालिका ४.९ समाचार लेखहरूमा रिपोर्ट गरिएका मानव बेचबिखनको माध्यम 54
तालिका ४.१० कथित पीडित र अपराधीहरूबीच रिपोर्ट गरिएको सम्पर्कको माध्यम 56
तालिका ४.११ सञ्चारमाध्यमका स्वामित्व प्रकारहरूका अनुसार रिपोर्टिङ लेन्स 67

# कृतज्ञता

यो अध्ययन कैयौं व्यक्ति र संगठनहरूको सहयोगमा मात्रै सफलतापूर्वक सम्पन्न भएको हो। लेखकहरूले अध्ययनको दौरानमा विनरक इन्टरनेशनल र हाम्रो सम्मान परियोजनाबाट पाएको निरन्तर सहयोगको प्रशंसा गरेका छन्। सुरुवाती र अन्तिम रिपोर्टहरूमा अमूल्य टिप्पणीहरू दिएर योगदान पुऱ्याउनुभएकोमा विनरक इन्टरनेशनलका Audra Stark, Tricia Ryan र Michelle McKay र हाम्रो सम्मान परियोजनाका Zainab Akther, Sabina Pradhan, Balmukunda Humagain र Sanoj Tulachan लाई पनि धन्यवाद दिन चाहन्छौं। लेखकहरूले अन्तिम रिपोर्ट समीक्षा गरी रचनात्मक प्रतिक्रिया प्रदान गर्नुभएकोमा बाह्य समीक्षक Jessie Brunner लाई कृतज्ञता व्यक्त गर्दछन्। हामी अन्तिम रिपोर्टको समीक्षा गरी विशेष गरी अध्ययनको प्रस्ताव विकास गर्न सहयोग गर्नुभएकोमासोसल साइन्स बहाका निर्देशक Deepak Thapa लाई पनि धन्यवाद दिन चाहन्छौं। सबै हरूको टिप्पणी र सुझावहरूबाट यस अन्तिम प्रतिवेदनलाई वर्तमान स्वरूपमा ल्याउन अत्यन्तै मद्दत पुगेको छ।

हामी सोसल साइन्स बहाअन्तर्गतको सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटीसँग सम्बद्ध रहनुभएका अनुसन्धानकर्ताहरू, जस्तै Sita Mademba, Bibhu Luitel, Kumar Aryal, Leela Khatri र Ngta Regmi ले समीक्षाका लागि सान्दर्भिक प्रकाशनहरू पहिचान गर्ने, समाचार लेखको प्रारम्भिक जाँच गर्ने, अन्तर्वार्ताहरू सहजिकरण र संचालनगर्ने वा अन्तर्वार्ताका ट्रान्सक्रिप्टहरू तयार पार्ने लगायत तथ्याङ्कसङ्कलनको प्रक्रियामा सहयोग गर्नुभएकोमा उहाँहरूप्रति आभार प्रकट गर्दछौं। हामी CESLAM का Dogendra Tumsa, Bipin Upadhyaya र Ajaya Subedi ले कोड गरिएका समाचार रिपोर्टहरूको तथ्याङ्कीय विश्लेषणबाट रिपोर्टमा प्रयोग गरिने तालिका र नक्साहरू निर्माण गर्नमा मद्दत गर्नुभएकोमा धन्यवाद व्यक्त गर्छौं। लेखकहरूले अनलाइनमा फेला पार्न नसकेका निश्चित महिना/वर्षमा प्रकाशित भएका समाचारपत्रहरू खोज्नमा सहायता गर्नुहुने सोसल साइन्स बहाका पुस्तकालयाध्यक्ष Jagadish Aryal लाई पनि धन्यवाद व्यक्त गर्छौं।हामी CESLAM को Rajita Dhungana ले अध्ययनको प्रपोजल (प्रस्ताव) को मस्यौदा तयार पार्नका लागि गर्नुभएको योगदानको पनि कदर गर्दछौं। लेखकहरूले अनुसन्धान टोलीलाई आफ्नो पुस्तकालयका संग्रहहरूमा पहुँच गर्न अनुमति दिएकोमा कान्तिपुर प्रकाशन र गोरखापत्र संस्थानलाई पनि धन्यवाद व्यक्त गर्दछन्।

यस अध्ययनका लागि अन्तर्वार्ता दिनुहुने *गोरखापत्र, कान्तिपुर, अनलाइनखबर, सेतोपाटी, द काठमाडौं पोस्ट* र द *राइजिङ नेपाल*का सम्पादक र संवाददाताहरूप्रति हामी आभारी छौं। हामी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, KIN नेपाल, माइती नेपाल र शक्ति समूहका पदाधिकारीहरूले हामीले फोन कल गर्दा तुरुन्तै जवाफ दिनुभएको र अन्तिम प्रतिवेदन तयार गर्दा विभिन्न जानकारी प्रमाणित गर्नमा मद्दत गर्नुभएकोमा उहाँहरूप्रति पनि कृतज्ञता व्यक्त गर्दछौं।

विकास अध्ययन संस्थान (IDS) को  Amy Cowlard ले परियोजना व्यवस्थापनमा गर्नुभएको सहयोगको लागि र सोसल साइन्स वहा: को Rita Bhujel ले यस अध्ययनको  क्रममा गर्नुभएको प्रशासनिक सहयोग प्रति हामीआभारी छौं।

# अध्ययनमा प्रयोग गरिएका शब्दावली र अवधारणाहरूको परिभाषा

**जबरजस्ती श्रम**: अन्तर्राष्ट्रिय श्रम संगठनको जबरजस्ती श्रमसम्बन्धी महासन्धि, १९३० (नम्बर २९) का अनुसार, जबरजस्ती वा बाध्यकारी श्रम भनेको 'कुनै व्यक्तिले सजायको धम्की दिएर जबरजस्ती र निजको इच्छा विपरित गराइएको सबै कार्य वा सेवा' हो (ILO 2021a)।

**मानव बेचबिखन**: अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघको महासन्धिको पूरकका रूपमा रहेको मानव बेचविखन, विशेषगरी महिला र बालबालिकाको बेचबिखन रोकथाम, निर्मूल र सजाय गर्नेसम्बन्धी प्रोटोकलले (सामान्यतया पालेर्मो प्रोटोकल भनिन्छ) मानव बेचबिखन' लाई यसरी परिभाषित गर्दछः

> *शोषण गर्ने उद्देश्यले धम्की दिएर वा शक्ति प्रयोग गरेर वा अन्य कुनै प्रकारले बल प्रयोग गरेर, अपहरण गरेर, ठगी वा जालसाजी गरेर, अधिकारको दुरूपयोग गरेर वा जोखिम स्थितिकोको दुरूपयोग गरेर वा अर्को व्यक्तिमाथि नियन्त्रण रहेको व्यक्तिको मन्जुरी लिन पैसा वा लाभहरू दिने वा लिने गरेर व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा कुनै निश्चित स्थानमा ल्याउने कार्य। शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, जबरजस्ती श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यासहरू, कमारा कमारी राख्ने वा अङ्ग झिक्ने कार्यहरू हुन्।*
> (UN 2000)

**श्रम आप्रवासन**: श्रम आप्रवासनलाई आफ्नो गृह राज्यबाट रोजगारीको प्रयोजनका लागि अर्को राज्यमा बसाइसराइ गर्ने कार्यका रूपमा परिभाषित गरिएको छ (IOM n.d.)।

**श्रम बेचबिखन**: अमेरिकी बेचबिखन पीडित संरक्षण ऐन, २००० का अनुसार, श्रम बेचबिखन भनेको 'अनैच्छिक कमारा कमारी , गुलामी, ऋण बन्धन वा दासत्वको अधीनतामा राख्ने उद्देश्यले शक्तिको प्रयोग, जालसाजी वा बलप्रयोग गरेर श्रम वा सेवाहरूका लागि व्यक्तिलाई भर्ती गर्ने, राख्ने, ओसारपसार गर्ने, व्यवस्था मिलाइदिने वा कुनै प्रकारले प्राप्त गर्ने' हो (अमेरिकी सरकार २०००)।

**यौन बेचबिखन**: अमेरिकी बेचबिखन पीडित संरक्षण ऐन, २००० का अनुसार, यौन बेचबिखन भनेको 'व्यावसायिक यौन कार्यको उद्देश्यले व्यक्तिलाई भर्ती गर्ने, राख्ने, ओसारपसार गर्ने, व्यवस्था मिलाइदिने वा कुनै प्रकारले प्राप्त गर्ने' हो (अमेरिकी सरकार २०००)। नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, 2007 ले ऐच्छिक यौन कार्यसहित तलका चारमध्ये कुनै पनि क्रियाकलापलाई मानव बेचबिखनका रूपमा लिन्छः कुनै पनि प्रयोजनका लागि व्यक्तिको खरिदबिक्री गर्ने; कसैलाई केही सुविधा-लाभ दिएर वा नदिइकन यौन व्यवसायमा संलग्न गराउने; कानुनद्वारा अन्यथा निर्धारित गरेकोमा बाहेक अरू बेला मानवीय अङ्गहरू झिक्ने; र यौन व्यवसायमा सहभागी हुने (नेपाल सरकार २००७)।

# संक्षिप्त रूप

| | |
|---|---|
| **AHTB** | मानव बेचबिखन अनुसन्धान ब्यूरो |
| **APF** | सशस्त्र प्रहरी बल, नेपाल |
| **CESLAM** | सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी |
| **Covid-19** | कोभिड १९ |
| **CSO** | नागरिक समाज संगठन |
| **DoFE** | वैदेशिक रोजगार विभाग |
| **FEA** | वैदेशिक रोजगार ऐन |
| **GCC** | खाडी सहकार्य परिषद |
| **GoN** | नेपाल सरकार |
| **HRW** | ह्युमन राइट्स वाच |
| **IDS** | विकास अध्ययन संस्थान |
| **ILO** | अन्तर्राष्ट्रिय श्रम संगठन |
| **NGO** | गैरसरकारी संस्था |
| **NHRC** | राष्ट्रिय मानव अधिकार आयोग |
| **NOC** | अनापत्ति प्रमाणपत्र |
| **NPR** | नेपाली रुपैयाँ |
| **PCN** | प्रेस काउन्सिल नेपाल |
| **SOP** | मानक सञ्चालन कार्यविधि |
| **SSB** | सशस्त्र सीमा बल |
| **TIP** | मानव बेचबिखन |
| **UAE** | संयुक्त अरब इमिरेट्स |
| **UNODC** | लागू पदार्थ तथा अपराधका लागि संयुक्त राष्ट्र कार्यलय |
| **USAID** | संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास एजेन्सी |

# १. परिचय

## १.१ अनुसन्धान परियोजनाको पृष्ठभूमी

हाम्रो सम्मान परियोजना भनेको संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (USAID) को माध्यमबाट अमेरिकी नागरिक र संयुक्त अधिराज्यको UK Aid को माध्यमबाट ब्रिटिश नागरिकले उदारतापूर्वक समर्थन गरेको र विनरक इन्टरनेशनलले कार्यान्वयन गरेको पाँच वर्षे कार्यक्रम हो। छनौटमा परेका नेपालका दश वटा जिल्लामा हुने मानव बेचबिखन कम गर्नु हो। रोकथाम, संरक्षण, अभियोजन र साझेदारीको '४ पीहरु' प्रयोग गरेर, हाम्रो सम्मान परियोजनाले मानव बेचविखन कम गर्नका लागि विभिन्न सरोकारवाला र कार्यान्वयन साझेदारहरूलाई एकजुट गराउने छ। हाम्रो सम्मान परियोजनाले वैदेशिक श्रम आप्रवासनको क्रममा नेपाली कामदारको बेचबिखन र नेपालभित्र वयस्क मनोरञ्जन क्षेत्रमा हुने बेचबिखनलगायत प्राथमिकताका क्षेत्रहरूमा प्रवृत्तिहरूको नक्साङ्कन गर्न; मान्छेको बेचबिखन (TIP) का बारेमा आधारभूत ज्ञानमा सुधार गर्न; र मानव बेचबिखनलाई कम गर्न र बेचबिखनबाट बचेका र बेचबिखनको जोखिममा रहेका मानिसहरूका लागि सेवा प्रवाहमा सुधार गर्न के गर्न जरूरी छ भनेर पहिचान गर्नका लागि मिश्रित विधिहरू प्रयोग गरी बहुविषयक, कार्यपरक अनुसन्धान परियोजनाहरू सञ्चालन गर्न आफ्नो अन्तर्राष्ट्रिय अनुसन्धान साझेदारका रूपमा विकास अध्ययन संस्थान (IDS) लाई संलग्न गराएको छ।

IDS ले यो अध्ययन सञ्चालन गर्नका लागि सोसल साइन्स बहाको सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (CESLAM) सँग सम्झौता गरेको थियो। CESLAM श्रम तथा आप्रवाशनको बिषयमा अध्ययन अनुसन्धान गरेर यसको बुझाइमा योगदान पुर्‍याउन स्थापना गरिएको एक अनुसन्धान केन्द्र हो।

## १.२ अध्ययनको प्रसङ्ग: नेपालबाट हुने मानव बेचबिखन र श्रम आप्रवासन

### १.२.१ नेपालबाट हुने मानव बेचबिखनको प्रचलन

नेपालबाट हुने मानव बेचबिखन श्रम आप्रवासन, धर्मसन्तान, वैदेशिक रोजगार, शिक्षा, पर्यटन, वैदेशिक विवाह र सांस्कृतिक आदानप्रदान कार्यक्रमहरू लगायत अन्य कुराहरूको आडमा हुने गर्दछ (NHRC २०१९; FWLD २०२०)। राष्ट्रिय मानव अधिकार आयोग (NHRC) प्राप्त २०१३/१४ देखि २०१६/१७ सम्मका मानव बेचबिखनसम्बन्धी उजुरीहरूको तथ्याङ्कले नेपालबाट हुने मानव बेचबिखनका महत्त्वपूर्ण माध्यमका रूपमा नक्कली विवाह, रोजगारी र विदेश यात्रालाई समेत देखाउँछ। यसअघिको NHRC अध्ययनले नेपाली पुरुष र महिलाहरू मुख्यतया श्रम शोषणको प्रयोजनका लागि विदेशमा बेचबिखन हुने, साथै वयस्क मनोरञ्जन क्षेत्रमा यौन शोषणका लागि पनि बेचविखन बढ्दो रहेको उल्लेख गर्दछ (NHRC २०१८)।

मानव बेचबिखन (TIP) को प्रचलनको कार्य गोप्य रूपमा हुने भएकोले यसको दरको भरपर्दो अनुमान सदैव चुनौतीपूर्ण हुन्छ र नेपालको हकमा पनि यो सत्य छ, यहाँ बेचबिखनसम्बन्धी प्रश्नहरूमा राष्ट्रिय स्तरमा प्रतिनिधित्वमा आधारित घरधुरी सर्वेक्षण हुँदैन। कतिपय अध्ययनहरूले नेपालका प्रमुख जोखिम क्षेत्रहरूमा बँधुवा श्रमका लागि मान्छेको बेचबिखन (TIP)

को प्रचलन मापन गर्नका लागि नयाँ पद्धतिहरू प्रयोग गरेका छन् तर तिनीहरू सीमित दायरामा छन् र तिनीहरूको कार्यक्षेत्र सीमित छ र अन्तर्राष्ट्रिय मानव बेचबिखनसम्बन्धी राष्ट्रिय स्तरमा प्रतिनिधि गर्ने तथ्याङ्क प्रदान गर्दैनन् (Oosterhoff, Sharma र Burns २०१७, २०२०)। नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो (AHTB) ले उपलब्ध गराएको तथ्याङ्क अनुसार, विगत पाँच वर्षमा हरेक वर्ष ब्यूरोमा मानव बेचबिखन (TIP) सँग सम्बन्धित १०० र ३०० सम्म उजुरी दर्ता भएका थिए जसमा २०२०/२१ मा सबैभन्दा कम सङ्ख्यामा १३४ उजुरी र २०१७/१८ मा सबैभन्दा बढी सङ्ख्यामा ३०५ उजुरी परेका थिए (Hamal २०१९)। भारतीय सीमा सुरक्षा फौजको रूपमा रहेको , सशस्त्र सीमा बल (SSB) ले नेपालबाट यौन शोषणको उद्देश्यले भारतमा बेचबिखन हुने युवती र महिलाहरूको सङ्ख्या सन् २०१२ को ७२ बाट बढेर सन् २०१७ मा ६०७ पुगेको रिपोर्ट गरेको छ (NHRC २०१८)।

तर पनि, दर्ता भएका मुद्दाहरूको सङ्ख्या वा दर्ता भएका मुद्दाहरूका आधारमा पहिचान गरिएका पीडित वा को सङ्ख्या मानव बेचबिखन (TIP) को घटनाको गलत मापन हो। धेरैजसो पीडितहरू बेपत्ता भएका मानिसको वर्गमा पर्न सक्ने हुँदा यस्तो हुन सक्छ (यद्यपि, उनीहरू कहाँ/कुन हालतमा छन् भन्ने कुरालाई सिधैँ बेचबिखनको विषयसँग जोड्न सकिँदैन)। मानिसहरू बढ्दो रूपमा वैदेशिक रोजगारको आडमा बेचबिखन हुनु अर्को सम्भाव्यताको कुरा पनि हो तर नेपालमा मानव बेचबिखन र वैदेशिक रोजगारसँग सम्बन्धित मुद्दाहरू हेर्नका लागि अधिकारप्राप्त विभिन्न कानुन र सरकारी निकायहरू छन् र वैदेशिक रोजगारसँग सम्बन्धित मुद्दाहरूलाई मानव बेचबिखनको तथ्याङ्कमा नराखिने सम्भावना रहेको छ। उजुरी दर्ता गर्दा हुने समस्याहरूले गर्दा भरपर्दो अनुमानमा पनि प्रभाव परेको छ (Thapa et al., आवश्यक परेको खण्डमा उपलब्ध)। केही पीडितहरूले बेचबिखनसँग जोडिएका लान्छनाको डरले, बेचबिखनमा के के पर्छन् भन्ने कुराको ज्ञान नभएर, र बेचबिखन भएका र बेचविखन गर्नेहरूबीचको शक्ति भिन्नताको प्रभावका कारणले उजुरी दर्ता नगर्ने निर्णय लिन सक्छन् (Murray *et al.* २०१९; NHRC २०१८; Thapa *et al.,* आवश्यक परेको खण्डमा उपलब्ध)।

## १.२.२ नेपालबाट हुने मानव बेचबिखनको ढाँचामा हुन सक्ने परिवर्तनहरू

भारत ऐतिहासिक रूपमा नेपालबाट हुने अन्तर्राष्ट्रिय बेचबिखनका लागि सबैभन्दा प्रमुख गन्तव्य र ट्रान्जिट मुलुक रहँदै आएको छ र यो दुई मुलुकहरू बीचको १,७०० किलोमिटर खुला सीमाले गर्दा सहज भएको छ (Banerjee २०२१; Mandal २०१९ a)। अक्सर, आप्रवासी कामदारहरूले भारत हुँदै संसारका विभिन्न मुलुकहरूमा यात्रा गर्नका लागि अनधिकृत माध्यम प्रयोग गर्ने गर्छन् र यसरी उनीहरू दिल्ली र अन्य ठूला सहरी केन्द्रहरूमा मेडिकल परीक्षणका लागि गइरहेको बिरामी भएको बहाना बनाएर (Gurung २०१३) वा सीमापारि रहेका आफन्तहरूलाई भेट्न जान लागेको बहाना बनाएर सीमा पार गर्छन् (Kharel २०१६)। खुला सीमानाका कारण धार्मिक प्रयोजनका लागि पनि मानिसहरूको आवतजावत हुन्छ र मानव तस्करहरूले तीर्थयात्राको हिस्सा भएको बहाना बनाएर पीडितहरूको तस्करी गर्छन् (माइती नेपाल 2018)। सयौं किलोमिटर खुला सिमानामा मानिसहरूको आवतजावतलाई नियन्त्रण गर्नु दुवै मुलुकका सीमा सुरक्षा निकायका लागि चुनौतीपूर्ण काम हो। तीर्थयात्रीहरूको ठूलो समूहमा बेचबिखनका पीडितहरूको पहिचान गर्नु अधिकारीहरूका लागि विशेषगरी चुनौतीपूर्ण हुन सक्छ, सायद ठूलो आकारको समूहको कारणले मात्र नभएर धर्मको स्वतन्त्रतामा हस्तक्षेप गरेको आरोप लाग्ने डरले पनि त्यस्तो हुन सक्छ।

अपुष्ट प्रमाण र प्रतिवेदनरूका अनुसार विशेषगरी, सन् २०१५ पछि बेचबिखनको ढाँचा परिवर्तन भएको छ र तस्करहरूले विभिन्न ट्रान्जिट विन्दुरू र यात्राका माध्यमहरू प्रयोग गरी नेपाली पुरुष

र महिलाहरूलाई संसारका विभिन्न मुलुकहरूमा पुऱ्याउन थालेका छन्। बेचबिखनका ढाँचाहरूमा परिवर्तन ल्याउन योगदान पुऱ्याउने एउटा कारक सन् २०१५ को विनाशकारी भूकम्प हुन सक्छ, भूकम्पले हजारौँ घरबारविहीन र पर्याप्त आर्थिक अवसरहरू नभएका नेपाली महिला र बालबालिकाकोमानव बेचबिखनमा पर्ने जोखिम बढायो (Pragya n.d.; NHRC २०१७)। हालैका वर्षहरूमा नेपाली महिलाहरूको अन्तरदेशीय (वैदेशिक) विवाहमा मानव बेचबिखनको केही प्रमाण पनि छ। सन् २०१८ को NHRC रिपोर्टअनुसार १,२०० भन्दा बढी नेपाली महिलाहरू कोरियाली पुरुषसँग विवाहको आडमा दक्षिण कोरियामा आप्रवासन  भएका छन्, जसमध्ये धेरैले दुर्गम क्षेत्रका पुरुष वा अपाङ्गता भएका र वृद्ध उमेरका पुरुषसँग छलपूर्ण विवाह गरेका छन् (NHRC २०१८)। एउटा घटनामा, नेपाल प्रहरीले सन् २०१९ को अगस्टमा 'बेहुली किन्ने' प्रचलनमा संलग्न भएको आशंकामा दशजना मानिसलाई पक्राउ गरेको थियो, यस घटनामा  नेपाली महिलाहरूलाई विवाहको नाममा चिनियाँ पुरुषलाई 'बेचिएको' थियो। रिपोर्टअनुसार, चिनियाँ पुरुषहरूले नेपाली बेहुली किन्दा करिब १५ लाख रुपैयाँ तिरेका थिए र धेरैजसो नेपाली महिलाहरू चीन पुगेपछि लैङ्गिक हिंसा, यौन दासत्व वा बेतलबी श्रमको पीडित भएका थिए (Dhungana २०१९)।

नेपाली पुरुष र महिलाहरूको बेचबिखन वैदेशिक श्रम आप्रवासनसँग पनि जोडिएको छ। वैदेशिक रोजगार क्षेत्रले लामो समयदेखि नेपालको वृहत र सूक्ष्म अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ र श्रमिकको रेमिट्यान्स ठूलो व्यापार घाटा रहेको यस मुलुकका लागि विदेशी मुद्राको सबैभन्दा भरपर्दो स्रोत बनेको छ । धेरै नेपाली परिवारहरू पनि आफ्नो आधारभूत आवश्यकता पूरा गर्नका लागि आप्रवासी  कामदारहरूबाट आउने रेमिट्यान्समा भर पर्ने गर्छन्। बेचबिखनका गन्तव्य मुलुक र मार्गहरू समय सँगै परिवर्तन हुँदै गएको रिपोर्ट गरिएको छ (Maharjan र Thapa २०१७)। मुख्यतया भारतमा र भारत हुँदै विभिन्न गन्तव्य मुलुकमा नेपाली नागरिकहरूको ओसारपसार हुने गरेको भए पनि, पछिल्लो समय तस्करहरूले भारतको भूमि मार्गसँगसँगै नेपाली आप्रवासी कामदारहरूलाई श्रीलङ्का र म्यानमार (अमेरिकी राज्य विभाग २०२०) हुँदै विभिन्न श्रम गन्तव्यमा पुऱ्याउने गरेका छन् (Sapkota २०२१)।

तस्करहरूले प्रयोग गर्ने मार्ग र गन्तव्यहरूका सम्बन्धमा, विगतका केही वर्षमा मानव बेचबिखनका नयाँ प्रणालीहरूलाई श्रम आप्रवासनको आडमा हुने मानव बेचबिखनलाई नियन्त्रण गर्न तयार गरिएका प्रतिबन्धात्मक नीतिहरूसँग पनि आंशिक रूपमा जोड्न सकिन्छ। उदाहरणका लागि, नेपाल सरकारले सन् २०१७ मार्चमा संसदीय समिति अन्तर्गतको,  अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको सिफारिसका आधारमा घरेलु कामका लागि नेपाली कामदारको यात्रामा प्रतिबन्ध लगाएको थियो।

तर पनि, त्यस्ता यात्रा प्रतिबन्धहरू अप्रभावकारी  भएका छन् (McCarthy २०२१: ९३)। प्रकाशित दस्तावेजहरूले प्रतिबन्धात्मक नीतिहरूले मानव बेचबिखनका अन्य स्वरूपहरू निम्त्याउने सम्भावना भएको देखाउँछ (ILO २०१५; McCarthy २०२१: ९३)। अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को रिपोर्टले भनेको छ

> *बेचबिखन र अनौपचारिक आप्रवासनका समस्याहरूलाई आप्रवासन प्रतिबन्धहरूमार्फत सम्बोधन गर्न सकिन्छ भन्ने मान्यता राख्नु गलत हुन्छ। यस त्रुटीपूर्ण तरिकाले आप्रवासन प्रतिबन्धले भारतमार्फत आप्रवासनको बाटोहरू  र विमानस्थल तथा  अध्यागमन अधिकारीहरू बीचको भ्रष्टाचार मौलाउन दिने प्रमुख कारणका रूपमा काम गरेको हुनसक्ने भन्ने कुरा बुझ्न सकेको छैन।*
> (ILO २०१५)

### १.२.३ नेपालबाट हुने मानव बेचबिखनको अध्ययनका सम्बन्धमा समाचारहरुको विश्लेषण

सञ्चारमाध्यम मानव बेचबिखनसम्बन्धी जानकारी र ज्ञानका महत्त्वपूर्ण स्रोत हो। उदाहरणका लागि, संयुक्त राज्य अमेरिकामा गरिएको एक अध्ययनका लागि अन्तर्वार्ता लिएका गैरविज्ञहरूको ५५ प्रतिशतभन्दा बढीले मानव बेचबिखनमा उनीहरूको जानकारीको स्रोत सञ्चारमाध्यम र दोस्रो व्यक्तिगत ज्ञान भएको देखाएको छ (Logan २००७)। मध्य नेपालको सिन्धुपाल्चोक जिल्लाका तीन उच्च माध्यमिक विद्यालयहरूबाट व्यवस्थित सांयोगिक नमुना प्रयोग गरी गरिएको अध्ययनले यौन बेचबिखनका बारेमा सचेत भएका नमुना किशोरकिशोरी विद्यार्थीहरूको ९० प्रतिशतभन्दा बढीले सञ्चारमाध्यम (रेडियो वा टिभी) लाई यौन बेचबिखनका बारेमा आफ्नो ज्ञानको प्राथमिक स्रोत भएको देखायो (Shrestha *et al.* २०१५)। अध्ययनहरूले समाचार पत्र र अन्य समाचार माध्यमको अभिन्न भूमिकालाई जनताका लागि नीति र सामाजिक मुद्दाहरूका बारेमा जानकारी दिने मुख्य  केन्द्रीय र प्रायः सबैभन्दा विश्वसनीय स्रोतका रूपमा उल्लेख  गरेका छन् (Sanford, Martínez र Weitzer २०१६)।

सञ्चारमाध्यमप्रति यो जनविश्वास अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतासँग सम्बन्धित छ। प्रेस स्वतन्त्रता महत्त्वपूर्ण छ किनभने यसले नागरिकहरूलाई सार्वजनिक मामिलाहरूका बारेमा सूचना दिन र सबै तहमा सरकारी कार्यहरूको अनुगमन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। तसर्थ, पीडितहरूको चित्रणसहित मानव बेचबिखनसँग सम्बन्धित सञ्चारमाध्यममा हुने चित्रण र फ्रेमिङले  सञ्चारमाध्यमको सुशासनलाई झल्काउँछ र यसले जनता र नीति निर्माताहरूको धारणामा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ (Vance २०१२; Sanford *et al.* २०१६)।  जनताको विचारले मुलुकको राजनीतिक वातावरण र नीति निर्माण वातावरणलाई प्रभाव पार्न सक्ने भएकोले पनि यो महत्त्वपूर्ण छ (Denton २०१०)।

नेपालबाट हुने अन्तर्राष्ट्रिय बेचबिखनका समाचार रिपोर्टहरूको सरसर्ती समीक्षाले रिपोर्टिङमा र दाताको आर्थिक सहयोगमा सम्भावित पूर्वाग्रहहरू देखिन्छ। सन् २०१९/२० मा 'कानुनी प्रवेश'[1] का लागि ९० प्रतिशत पुरुषहरूले श्रम स्वीकृति पाए पनि त्यसमा पुरुष बेचबिखनलाई  बिरलै ध्यान दिइन्छ (DoFE २०२०)। पुरुष र महिलाहरूको बेचबिखनमा लैंगिक रूपमा सन्तुलित रिपोर्टिङ अझै पनि हुन सकेको छैन। यसले अन्तरदेशीय मानव बेचबिखन महिलासँग मात्र सम्बन्धित छ भन्ने प्रबल धारणा स्थापित गर्न योगदान पुर्‍याएको छ, जसले दातृ निकायहरूलाई पुरुषको बेचबिखन रोकथाममा न्यून लगानी छुट्याउन वा लगानी नै नगर्न उत्प्रेरित गर्न सक्दछ। समाचार रिपोर्टिङमा लैङ्गिक पूर्वाग्रहहरू हुने कुरा मानव बेचबिखनको प्रारुप तयार गर्ने सम्बन्धी अमेरिकी समाचार लेखहरूको सामग्री विश्लेषण गरेको एउटा अध्ययनमा पनि देखाइएको थियो: 'समाचार लेखहरूले पुरुषहरूलाई बिरलै उल्लेख गर्दछ र उल्लेख गरेमा पनि उनीहरूलाई छुट्टै उल्लेख नगरी धेरैजसो रूपमा महिला पीडितहरूको साथमै उल्लेख गरिएको हुन्छ'  (Sanford *et al.* 2016)। मानव बेचबिखनको सञ्चारमाध्यम रिपोर्टिङमा लैङ्गिक पूर्वाग्रहहरूको विश्लेषणले नेपली पुरुष र महिला दुवैमा बेचबिखनको जोखिमलाई देखाउन र सोहीअनुसार यस समस्यालाई सम्बोधन गर्न रणनीतिहरू विकास गर्न योगदान पुर्‍याउन सक्छ। साथै, श्रम मध्यस्थकर्ताहरू वा श्रम प्रक्षेपणमा संलग्न व्यक्तिहरूको भूमिकाका बारेमा अनुसन्धानको अभाव छ (Oosterhoff *et al.* 2018)। आरोपीत अपराधीहरूबारे सञ्चारमाध्यममा प्रस्तुत लेखहरूलाई ध्यान दिनाले

[1] घर बिदा लिएर नेपाल आएका र उही रोजगारदातामा काम गर्न फर्कने कामदारहरूलाई कानुनी प्रवेशका लागि श्रम स्वीकृति दिइन्छ, तर यसअघि DoFE बाट श्रम स्वीकृति नलिइकन अनाधिकारिक माध्यमद्वारा विदेश यात्रा गरेका कामदारहरूलाई दिइँदैन।

सर्वसाधारण र सञ्चारकर्मीहरूको धारणा बुझ्न मद्दत मिल्छ, जसले सान्दर्भिक र उपयोगी हस्तक्षेप कार्यहरूको विकासमा योगदान पुऱ्याउन सक्छ।

लामो समयका सञ्चारमाध्यम रिपोर्टहरूको विश्लेषणले नेपाली पुरुष र महिलाहरूको बेचबिखनका लागि प्रयोग भइरहेको नयाँ ढाँचा र मार्गहरू पनि पत्ता लगाउन सक्छ। यसले रोजगारी र अन्य उद्देश्यका लागि नेपालबाट हुने अन्तरदेशीय बेचबिखनको समस्यालाई सम्बोधन गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। मानव बेचबिखनसँग सम्बन्धित समाचार रिपोर्टहरूको व्यवस्थित अध्ययनले नेपालमा हुने मानव बेचबिखनको प्रक्रिया – यसमा संलग्न मानिस, गतिविधि र स्थानहरू – बारे राम्रोसँग बुझ्न मद्दत गर्न सक्छ जुन मानिसहरूको काम गर्ने अधिकार र आवतजावत गर्ने स्वतन्त्रताको सम्मान गर्ने प्रभावकारी हस्तक्षेपका कार्यक्रमहरू बनाउनका लागि आवश्यक छ ।

नेपालमा छापिएका समाचारपत्रहरूको इतिहास नेपाली समाचार माध्यममा सबैभन्दा लामो छ, त्यसपछि रेडियो स्टेशन र टेलिभिजन च्यानलहरू छन् (Acharya २०१८)। नेपालमा अनलाइन सञ्चारमाध्यमको दुई दशकको छोटो इतिहास छ र अझै पनि यसलाई मूलधारको सञ्चारमाध्यमका रूपमा अझ बढी मान्यता चाहिन्छ (*ibid.*)। नेपाली जनसङ्ख्यामध्ये लगभग ४० प्रतिशतले मात्रै समाचारपत्र पढ्छन् भन्ने रिपोर्ट आए पनि केही समाचारपत्रहरूमा एजेन्डा सेटिङमा पर्याप्त सम्भावना रहेको विश्वास गरिन्छ र तीमध्ये धेरैजसो विश्वसनीय समाचारका स्रोत हुन् (Acharya २०२१)। छापाका सञ्चार माध्यमले मानव बेचबिखनलगायत राजनीतिक र सामाजिक मुद्दाहरूको व्यापक रिपोर्टिङ गर्दछ। हालैका वर्षहरूमा नेपालबाट हुने मानव बेचबिखनसम्बन्धी समाचार लेखहरूले नेपाली छापा माध्यममा बढी चर्चा पाइरहेको छ।[2]

यस पृष्ठभूमिमा, यो अध्ययन निम्न उद्देश्यका साथ नेपालबाट हुने अन्तर्राष्ट्रिय मानव बेचबिखनसम्बन्धी सञ्चारमाध्यम रिपोर्टिङको अनुसन्धान गर्नका लागि गरिएको थियो:

- विगत पाँच वर्षमा श्रम आप्रवासनका लागि नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूमा भएका रिपोर्ट भएका परिवर्तनहरूका बारेमा बुझ्ने र तिनीहरूमा योगदान पुऱ्याउन सक्ने कारकहरू पहिचान गर्ने।
- संदिग्ध पीडित, आरोपीत अपराधी र पहिचान प्रक्रियामा संलग्न व्याक्ति जस्ता मानव बेचबिखनमा संलग्न भएका विभिन्न पक्षहरूको सञ्चारमाध्यम चित्रण पहिचान गर्ने र बुझ्ने साथै समालोचनात्मक रूपमा विश्लेषण गर्ने।
- नेपालमा मानव बेचबिखनसम्बन्धी सञ्चारमाध्यममा र राष्ट्रिय प्रतिवेदनमा रिपोर्ट गरिएका पीडित र आरोपीत अपराधीहरू बीचका भिन्नताहरू जाँच्ने र यी भिन्नताहरूका कारणहरू छलफल गर्ने।
- श्रम आप्रवासनका लागि नेपालबाट हुने मानव बेचबिखनको रोकथाम गर्ने हस्तक्षेप कार्यक्रमलाई जानकारी गराउने।

2 नेशनल डेलीका सम्पादकसँगको अन्तर्वार्ता, 22 अक्टोबर 2021।

# २. विधि

अध्ययनले मिश्रित विधिहरू अपनाएको थियो, ती विधिहरू निम्न थिए: (क) प्रकाशित दस्तावेजको समीक्षा; (ख) सङ्ग्रहित समाचारका सामग्री विश्लेषण; र (ग) संवाददाता र सम्पादकहरूसँगको रचनात्मक अन्तर्वार्ताहरू। विस्तृत विधि तल वर्णन गरिएको छ।

## २.१ प्रकाशित दस्तावेज समीक्षा

नेपालबाट हुने मानव बेचबिखन रोकथाम गर्न र श्रम आप्रवासन नियन्त्रण गर्नका लागि विद्यमान कानुनी प्रारूप तथा अभ्यासहरू बुझ्न र त्यसमा रहेका कमीहरू पहिचान गर्न विगतका दुई दशकमा प्रकाशित प्रतिवेदन, शैक्षिक प्रकाशन, र कानुनी तथा नीतिगत दस्तावेज आदिको अध्ययनको पहिलो आधा समयमा विस्तृत समीक्षा गरियो । अध्ययनमा नेपाली सञ्चारमाध्यमले काम गर्ने राजनीतिक-आर्थिक परिप्रेक्ष्यलाई परिवेशगत बनाउन, साथसाथै निष्कर्षहरूलाई परिवेशगत बनाउन नेपालमा श्रम आप्रवासन प्रक्रिया, श्रम शोषण र जबरजस्ती श्रमको लागि हुने बेचविखन, सञ्चारमाध्यमको वातावरण र नेपालमा संचारमाध्यमको महत्त्व, नेपालबाट बेचविखन हुने मार्गहरू र मानव बेचबिखनको चित्रण जस्ता अन्य विषयहरूलाई पनि हेर्न सञ्चारमाध्यमसम्बन्धी नीतिहरूको समीक्षा गरियो।

प्रकाशित दस्तावेज समीक्षा दुई वटा मुख्य क्षेत्रमा केन्द्रित थियो: नेपालमा सञ्चारमाध्यमको वातावरण र नेपाली सञ्चारमाध्यममा मानव बेचबिखनसम्बन्धी समाचारको रिपोर्टिङ; र सन् २०१६ अघि नेपालबाट हुने अन्तर्राष्ट्रिय मानव बेचबिखनका प्रकृति र मार्गहरू। नेपाली सञ्चारमाध्यमले कसरी काम गर्छ र परम्परागत रूपमा मानव बेचबिखनका घटनाहरूलाई कसरी रिपोर्ट गरेका छन् भन्नेबारे अन्तर्दृष्टि प्राप्त गर्न यो समीक्षा उपयोगी थियो। समीक्षाले सन् २०१५ सम्म नेपालबाट हुने मानव बेचबिखनको प्रकृति र मार्गहरू बुझ्नका लागि पनि महत्त्वपूर्ण भूमिका खेलेको थियो। अध्ययनले सन् २०१५ लाई त्यसबेलादेखि (पाँच वर्षको अवधिमा) बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरूको नक्सांकन गर्न आधाररेखाको रूपमा प्रयोग गरेको छ। सन् २०१५ लाई आधाररेखाका रूपमा चयन गर्नुको मुख्य कारण सोही वर्षको अप्रिलमा गएको विनाशकारी भूकम्पपछि नेपालमा मानव बेचबिखनका घटनामा वृद्धि हुनु हो (Pragya n.d.)। प्रकाशित दस्तावेज समीक्षा अन्तर्गत प्रकाशित दस्तावेज, NHRC द्वारा नेपालमा वार्षिक रूपमा प्रकाशित हुने मानव बेचबिखन रिपोर्टहरू सन् २०११ देखि २०१६ सम्मको अवधिका लागि व्यापक रूपमा समीक्षा र विश्लेषण गरियो। हालको अध्ययनका नतिजाहरूलाई NHRC का प्रतिवेदनका नतिजाहरूसँग तुलना गर्न NHRC का सन् २०१६ देखि २०२० सम्मका राष्ट्रिय प्रतिवेदनहरू पनि समीक्षा गरियो।

प्रकाशित दस्तावेज समीक्षाबाट प्राप्त जानकारीहरू विशेषगरी सुरुवात चरणका तथ्याङ्क विश्लेषणमा, र निस्कर्षहरू प्रस्तुत गर्ने क्रममा तथ्याङ्कलाई त्रिकोणात्मक विश्लेषणमा प्रयोग गरिने कोडहरू पहिचान गर्नका लागि पनि उपयोगी थियो।

## २.२ सङ्ग्रहित समाचारको सामग्री विश्लेषण

छापा र अनलाइन सञ्चारमाध्यमका छ वटा परम्परागत स्रोतमा प्रकाशित निश्चित समयावधिको समाचार लेखका सामग्री विश्लेषण गरियो, यसमा देहायका कुराहरू हेरियो: रिपोर्ट गरिएको बेचबिखनका मार्गहरू; पीडित तथा अन्य सम्बन्धित पात्रहरू, जस्तै सरकारी निकाय र (आरोपीत) अपराधीहरूको पहिचान; सम्भावित वैदेशिक रोजगार व्यवसायीहरू; अनौपचारिक एजेन्टहरू; र अन्तर्राष्ट्रिय मानवबेचबिखन सञ्जालहरू। सञ्चारमाध्यमको सामग्री विश्लेषण भनेको, सामग्री विश्लेषणको एक विशेष उपसमूह हो, जुन 'लिखित सामग्री सङ्कलन र विश्लेषण गर्ने तरिका हो, "सामग्री" ले शब्द, अर्थ, चित्र, प्रतीक, विचार, विषयवस्तु वा सञ्चार गर्न सकिने कुनै पनि सन्देशलाई जनाउँछ (Macnamara २००५)। यस अध्ययनमा नेपालबाट हुने मानव बेचबिखन सम्बन्धमा प्रकाशित समाचार रिपोर्टहरूले विश्लेषणका लागि सामग्रीको (content) रूपमा काम गरेको छ। यो अध्ययन नेपालमा हुने सीमापार मानव बेचविखनमा मात्र केन्द्रित छ, यद्यपि नेपालमा हुने मानव बेचविखनमा विविधता छ र सीमापार बेचबिखनमा मात्र सीमित छैन।

प्रतिदर्शका रूपमा चयन गरिएका  छ वटा समाचार आउटलेटहरूमा अङ्ग्रेजी र नेपाली दुवै भाषाका समाचार थिए र यसमा छापा समाचार पत्रिका र अनलाइन समाचार पोर्टलहरू दुवै थिए । अध्ययनका लागि निम्न छपा समाचारपत्रहरू चयन गरिएको थियो:

- *कान्तिपुर*
- *गोरखापत्र*
- *दि काठमाडौं पोस्ट*
- *दि राइजिङ नेपाल*

दुई वटा अनलाइन समाचार पोर्टल निम्न थिए:

- *अनलाइनखबर*
- *सेतोपाटी*

यी समाचार आउटलेटहरू मानव बेचबिखनसँग सम्बन्धित समाचार धेरैभन्दा धेरै समेट्ने र सकेसम्म समाचार दोहोरिने अवस्थालाई न्यूनीकरण गर्ने हिसाबले चयन गरियो।*गोरखापत्र* [3] र यसको अङ्ग्रेजी प्रतिरूप *दि राइजिङ नेपाल* [4] नेपालको सबैभन्दा पुरानो दैनिक समाचारपत्र हो जुन सरकारी निकाय *गोरखापत्र संस्थान*द्वारा सञ्चालित छ। अर्कोतिर, *कान्तिपुर* [5] र यसको अङ्ग्रेजी प्रतिरूप *दि काठमाडौं पोस्ट* [6] नेपालमा सबैभन्दा बढी प्रसारित - र वास्तवमा सबैभन्दा प्रतिष्ठित - निजी समाचारपत्रहरू हुन्।

---

3 ***गोरखापत्र***।
4 ***दि राइजिङ नेपाल***।
5 ***कान्तिपुर***।
6 ***दि काठमाडौं पोस्ट***।

# तालिका २.१ नेपालबाट हुने मानव बेचबिखनको अध्ययनका सम्बन्धमा समाचारहरुको विश्लेषण

| प्रकाशन | ढाँचा | भाषा | स्वामित्व | स्वामित्वका विवरणहरू |
|---|---|---|---|---|
| *कान्तिपुर* | प्रिन्ट र अनलाइन | नेपाली | निजी | *कान्तिपुर सञ्चारमाध्यम समूह* |
| *दि काठमाडौं पोस्ट* | प्रिन्ट र अनलाइन | अङ्ग्रेजी | निजी | *कान्तिपुर सञ्चारमाध्यम समूह* |
| *गोरखापत्र* | प्रिन्ट र अनलाइन | नेपाली | सरकार | *गोरखापत्र संस्थान* |
| *दि राइजिङ नेपाल* | प्रिन्ट र अनलाइन | अङ्ग्रेजी | सरकार | *गोरखापत्र संस्थान* |
| *अनलाइनखबर* | अनलाइन | नेपाली तथा अङ्ग्रेजी | निजी | *अनलाइन खबर नेपाल प्रा.लि* |
| *सेतोपाटी* | अनलाइन | नेपाली तथा अङ्ग्रेजी | निजी | *सेतोपाटी सञ्चार प्रा.लि* |

स्रोत: लेखकहरुको आफ्नै।

नेपालमा समाचारपत्रको प्रसारमा तथ्याङ्कको अभाव छ तर सन् २०१७ मा गरिएको सञ्चारमाध्यमको एक सर्वेक्षणले ४० प्रतिशत नेपालीले समाचारपत्र पढ्नछन् भन्ने देखायो (Acharya २०२१)। समाचारपत्रमध्ये *कान्तिपुर*को पाठकवर्ग कुल पाठकहरूको आधाभन्दा बढी छन् भन्ने देखिएको थियो र *गोरखापत्र* लोकप्रियताको हिसाबले तेस्रो स्थानमा परेको थियो। त्यसैगरी, *अनलाइनखबर*[7] र *सेतोपाटी*[8] इन्टरनेटमा नेपाल सम्बन्धी समाचार पाइने दुई वटा सबैभन्दा लोकप्रिय स्रोत हुन्। संयुक्त राज्य अमेरिकाको वेब ट्राफिक विश्लेषण गर्ने कम्पनी एलेक्सा इन्टरनेटद्वारा गरिएको नेपालका वेबसाइटहरूको वर्गीकरणले *अनलाइनखबर* नेपालको सबैभन्दा लोकप्रिय समाचार पोर्टल मानेको छ; र *सेतोपाटी* लाई चौथो स्थानमा राखेको छ (Amazon २०२१)। निजी र राज्य-सञ्चालित दुवै प्रकारका समाचार एजेन्सीहरूबाट सकेसम्म नदोहोरिने गरी धेरैभन्दा धेरै समाचार लेखहरूको छनौट सुनिश्चित गर्न यी छ वटा सञ्चारमाध्यमलाई हाम्रो तथ्याङ्कको प्राथमिक स्रोतका रूपमा छनोट गरियो।नेपालमा क्षेत्रीय

7 *अनलाइनखबर*।
8 *सेतोपाटी*।

स्तरका विभिन्न छापा र अनलाइन समाचार माध्यम भए तापनि समय र बजेटको सीमाका कारण तिनीहरूलाई अध्ययनमा समावेश गर्न सकिएन । यस अध्ययन समाचार लेखहरूमा (news articles) केन्द्रित थियो, र यसमा सम्पादकीय, विचार र फिचर लेखहरूको विश्लेषण समावेश गरिएन।

चयन गरिएका सञ्चारमाध्यमका स्रोतहरूबाट समाचार लेखहरू निम्न रूपमा पहुँच गरिएको थियो:

- छापामा प्रसारित समाचारपत्रहरू- *कान्तिपुर, दि काठमाडौं पोस्ट, गोरखापत्र* र *दि राइजिङ नेपाल* का लागी- अध्ययनका लागी चुनिएका वर्षहरु (२०१६-२०) मा प्रकाशित प्रतिहरू सोसल साइन्स बहा: को पुस्तकालयबाट (भौतिक प्रतिलिपि), सञ्चारगृहका अनलाइन डिपोजिटरी (इ-पेपर)[9] र सञ्चारगृहका पुस्तकालयहरू (भौतिक प्रतिलिपि) मार्फत पहुँच गरिएको थियो। सान्दर्भिक समाचार लेखहरू तालिका २.२ मा प्रस्तुत गरिएका मुख्य शब्दहरू प्रयोग गरी पहिचान गरिएको थियो।
- चयन गरिएका चार राष्ट्रिय दैनिकका इ-पेपरहरू बाहेक उनीहरूका अनलाइन समाचार पोर्टलहरू पनि थिए, जसले पेपर छपाइका लागि गएपछि पनि घटनाहरूको सञ्चारमाध्यमको अपडेट गर्न सहयोग गर्थ्यो । समयको अभावका साथै प्राविधिक समस्याहरूका कारण[10] यस अध्ययन छापिएका समाचार लेखहरूमा मात्र केन्द्रित रह्यो।
- दुई विशुध्द अनलाइन समाचार पोर्टलहरू, *अनलाइनखबर* र *सेतोपाटी* मा सबै TIP-सम्बन्धित समाचार लेखहरू तिनीहरूका वेबसाइटहरूमा रहेको खोज गर्ने माध्यम प्रयोग गरी पहिचान गरिएको थियो। तिनीहरूका संग्रहहरूमा खोजी गर्न तालिका २.२ मा प्रस्तुत मुख्य शब्दहरू प्रयोग गरिएको थियो। त्यसपछि सान्दर्भिक लेखहरू कपी गरेर वर्ड फाइलमा पेस्ट गरियो ।

मानव बेचबिखनको सन्दर्भमा समाचारहरूमा सामान्यतया प्रयोग हुने अङ्ग्रेजी र नेपाली दुवै भाषाका मुख्य शब्दहरूको सेट अनुसन्धानकर्ताहरूले पहिचान गरी तयार पारेका थिए। यस क्षेत्रमा वर्षौंको अनुभवबाट अनुसन्धानकर्तासँग भएको पहिला देखिको ज्ञान प्रयोग गरेर र राष्ट्रिय दैनिक र अनलाइन सञ्चारमाध्यममा मानव बेचबिखनसम्बन्धी समाचार लेखहरू हेरेर सूची पूर्ण भएको महसुस नभएसम्म प्रमुख शब्दहरू पहिचान गरिएको हो। अनुसन्धानकर्ताहरूले नेपाली र अङ्ग्रेजी दुवै भाषामा मानव बेचबिखनको घटनालाई वर्णन गर्न र रिपोर्ट गर्न सामान्यतया प्रयोग हुने शब्दहरू नोट गरे। मुख्य शब्दहरू पछि समाचार संग्रह खोज्न प्रयोग गरियो। शब्दको एकभन्दा बढी स्वीकृत हिज्जे भएको अवस्थामा सबै वैकल्पिक हिज्जे खोजी गरियो (जस्तै, labour/labor)। यी मुख्य शब्दहरू अघिल्लो पाँच वर्ष (२०१६-२०) को अवधिमा माथिका स्रोतहरूबाट समाचार लेखहरू खोज्ने आधारका रूपमा प्रयोग गरिएको थियो। यी शीर्षकमा यी मुख्य शब्दहरू भएका लेखहरूको सूचीलाई अन्तिम रूप दिइएपछि, अनुसन्धानकर्ताहरूले समाचार रिपोर्टहरू मानव बेचबिखनसँग सम्बन्धित छन् भनी सुनिश्चित गर्न लेखहरूका सामग्रीहरू सरर पढे।

[9] उदाहरणका लागि, मिति २० अप्रिल २०२१ को इ-पेपर *कान्तिपुर*मा निम्न लिङ्कमार्फत पहुँच गर्न सकिन्छ: **ईकान्तिपुर**।

[10] विभिन्न संस्करणहरूको सम्भावित अस्तित्वका बारेमा व्यावहारिक र प्राविधिक प्रश्नहरू उठाउँदै अनलाइन समाचार अझ सजिलै परिवर्तन गर्न सकिन्छ।

अन्तमा, निम्न तीन वटा मापदण्ड पूरा गर्ने सबै लेख चयन गरिएको थियो:

– तिनीहरू २०१६ र २०२० को बीचमा माथि उल्लेख गरिएका छ वटा स्रोतमध्ये कुनैन कुनैमा प्रकाशित भएका थिए।
– तिनीहरूको शीर्षकहरूमा तालिका २.२ मा सूचीबद्ध गरिएका एक वा बढी मुख्य शब्दहरू समावेश थिए।
– अनुसन्धानकर्ताहरूले तिनी लेखहरूलाई सरर पढेर जाँच गरेका थिए।

## तालिका २.२ समाचार लेखहरूको खोजीमा प्रयोग गरिएका मुख्य शब्दहरूको सूची

| English terms | | नेपाली शब्दावली | |
|---|---|---|---|
| Human trafficking | Visit visa | नाका [Entry/exit points] | भिजिट भिसा [Visit visa] |
| Trafficking | Transit | मानव ओसारपोसार [Human transportation] | विवाहमार्फत भिसा [Marriage visa] |
| Marriage | Rescue | मानव बेचबिखन [Human trafficking] | उद्धार [Rescue] |
| India | Forced labour | चेलीबेटी [Girls] | नेपाल भारत सीमा [Nepal-India border] |
| Border | Foreign migration | भारत [India] | ट्रान्जिट [Transit] |
| Nepal-India border | Sex-trafficking | कोठी [Brothel] | युवती/महिला तस्करी [Girl/women smuggling] |
| Maiti Nepal | Exploitation | मानव तस्कर [Human trafficker] | मेनपावर [Manpower Company] |
| Prostitution | Brothel | दलाल [Broker] | बिचौलिया [Middleman] |
| Bonded labour | Recruitment | वैदेशिक रोजगार [Foreign employment] | डान्स बार [Dance bar] |
| Broker | Manpower | यौन व्यवसाय [Prostitution] | तेस्रो मुलुक [Third country] |
| Foreign employment | Dance bar | बाल श्रम [Child labour] | बालबालिका [Children] |


| | | | |
|---|---|---|---|
| Human smuggling | Arrest | तेस्रो मुलुक [Third countries] | यौन शोषण [Sexual exploitation] |
| Child labour | Children | श्रम शोषण [Labour exploitation] | बन्धा मजदुर [Bonded labourer] |

स्रोत: लेखकहरुको आफ्नै।

अर्को चरणमा, लेखको गुणस्तरका आधारमा समावेशका लागि समाचार लेखहरू चयन गरियो। यसमा अनुसूची ३ मा प्रस्तुत पूर्व-परिभाषित सूचकहरूका आधारमा लेख मूल्याङ्कन गरी र मापदण्ड पूरा नगर्ने लेखहरू समावेश गरिएन। त्यसपछि बाँकी लेखहरूले यस परियोजनाका लागि हाम्रो तथ्याङ्कका प्राथमिक स्रोतहरू भए।

लेखहरूको नमुना सङ्कलनको पहिलो चरणमा जम्मा ७८८ लेख पहिचान गरिएको थियो। नमुना सङ्कलन प्रक्रियाको दोस्रो चरणमा, अनुसूची ३ मा तोकिएका मापदण्डहरूसँग मेल नखाएका र गुणस्तर मूल्याङ्कनमा असफल भएका लेखहरू हटाइयो । अन्तमा, थप विश्लेषणका लागि ४८० लेखको नमुना तयार पारेको थियो (चित्र २.१)।

## चित्र २.१ खोज र परीक्षण नतिजाहरू




स्रोत: लेखकको आफ्नै।

## २.३ संवाददाता र सम्पादकहरूसँग गरिएका अन्तर्वार्ताहरू

नमुनाका रूपमा लिइएका समाचार माध्यमका लागि स्थलगत र डेस्कमा काम गर्ने संवाददाता र सम्पादकहरूसँग अर्ध-संरचित (semi-structured) रचनात्मक अन्तर्वार्ताहरू लिइएको थियो। सामग्रीको विश्लेषण पूरा गरेपछि अन्तर्वार्ताहरू सञ्चालन गरिएको थियो र यी अन्तर्वार्ताहरूको मुख्य उद्देश्य सामग्री विश्लेषणबाट प्राप्त निष्कर्षहरूलाई सन्दर्भगत बनाउन र केही हदसम्म प्रमाणित गर्नु थियो। यसरी अन्तर्वार्ताको तथ्याङ्कहरुलाई प्राप्त गरिएको अन्य तथ्याङ्कहरुको कमी-कमजोरी सुधार गर्न र समाचारहरुको विश्लेषणको क्रममा उठेका प्रश्नहरूको सम्बोधन गर्न प्रयोग गरिएको थियो। मानव बेचबिखनका कथाहरू समेट्ने पाँच जना संवाददाताहरूसँग अन्तर्वार्ता लिइएको थियो: निजी र सरकारी छापा सञ्चारमाध्यमबाट दुई-दुईजना, अनलाइन समाचार पोर्टलका एक जना संवाददाता र निजी स्वामित्वमा रहेको समाचारपत्र र अनलाइन समाचार पोर्टलका एक-एक जना गरी दुई जना सम्पादक। सरकारी सञ्चारमाध्यमका सम्पादकहरूलाई सम्पर्क गरी आमन्त्रित गरियो तर उनीहरूले सम्पादकहरूभन्दा बेचबिखनसम्बन्धी आवश्यक जानकारी उपलब्ध गराउन फिल्ड/डेस्क संवाददाता उपयुक्त रहेको बताउँदैउनीहरूले अध्ययनमा भाग लिन अस्वीकार गरे।

## २.४ तथ्याङ्क निकाल्ने बिधि

खण्ड २.२ मा तोकिएका मापदण्ड पूरा गर्ने समाचार लेखहरू थप विश्लेषणका लागि मितिको क्रममा एउटै वर्ड फाइलमा राखिएको थियो। लेखहरू शीर्षक, प्रकाशन मिति र समाचारको स्रोतद्वारा पहिचान गरिएको थियो। दुईजना अनुसन्धानकर्ताले लेखहरू अध्ययन गर्दै तथ्याङ्क निकासी फारम प्रयोग गरी एक्सेल फाइलमा तथ्याङ्क निकाले। तथ्याङ्क अध्ययनका उद्देश्यहरूको आधारमा र प्रकाशित दस्तावेजहरू समीक्षाबाट आएका जानकारी प्रयोग गरेर तथ्याङ्क निकासी फाराम विकास गरिएको थियो। तथ्याङ्कप्रकाशित दस्तावेज कोडिङमा एकरूपता जाँच गर्न, दुईजना अनुसन्धानकर्ताले अध्ययनका लागि चयन गरिएका सबै लेखको समूहबाट गोला प्रथा विधिबाट चयन गरिएका लगभग ५ प्रतिशत लेखहरूलाई अलग-अलग कोड गरेका थिए। कोडिङमा कुनै ठूलो भिन्नता थिएन; त्यसकारण, कोडर र अनुसन्धान टोलीबीच छलफल गरेपछि कोड र कोडिङ प्रक्रिया जारी राखिएको थियो।

## २.५ विश्लेषण र संश्लेषण

तथ्याङ्कको विश्लेषणमा सामग्री विश्लेषण विधि प्रयोग गरिएको थियो। Denton (२०१०) द्वारा छलफल गरिएअनुसार तथ्याङ्कभित्र प्रकट र अप्रकट सामग्री दुवैमा ध्यान केन्द्रित थियो। सामग्री विश्लेषणका लागि मिश्रित-विधिहरू प्रयोग गरिएको थियो (जस्तै परिमाणात्मक र गुणात्मक सामग्री विश्लेषण)। परिमाणात्मक सामग्री विश्लेषण स्पष्ट सामग्रीको मापन र विश्लेषणसँग सम्बन्धित छ (लेखहरूको सतह-स्तरको सामग्री, जसको कोडिङलाई कोडरले व्याख्या गर्न आवश्यकता पर्दैन र त्यसलाई तुलनात्मक र वस्तुनिष्ठ रूपमा रेकर्ड गर्न सकिन्छ), र गुणात्मक सामग्री विश्लेषण अप्रकट सामग्रीसँग सम्बन्धित छ (विषयवस्तुको अन्तर्निहित अर्थ, जुन कोडरहरूले व्यक्तिपरक प्रक्रियाद्वारा व्याख्या गरे अनुसार हुन्छ) (Patterson *et al.* २०१६)।

अध्ययनमा समावेश गरिएका समाचार लेखहरूको कोडिङबाट तथ्याङ्कको विश्लेषण सुरु भयो। तथ्याङ्क निकासी फाराम प्रयोग गरेर मानकीकृत तथ्याङ्क निकाल्ने प्रक्रिया पहिलो चरणको कोडिङको रूपमा रह्यो। यो जानकारीले समाचार लेखहरूमा धेरैजसो प्रकट सामग्रीको विश्लेषणमा योगदान पुऱ्यायो। कोडिङको पहिलो चरणमा प्रयोग गरिएका विषयवस्तु/कोडहरूमा समाचार लेखहरूको बिब्लियोमेट्रिक जानकारी समावेश गरिएको थियो र त्यसपछि समाचार लेखमा उल्लेख भएका बेचबिखनको प्रकृति, गन्तव्य र ट्रान्जिट मुलुकहरू, नाका, आरोपीत पीडितहरूको विशेषता (लिङ्ग, थर, उत्पत्ति) , आरोपीत अपराधीहरूको लिङ्ग र जातीयता, र नाकामा संभावित मानव बेचबिखनको निगरानी राख्ने अवरोधक व्यक्तिहरु र संस्थाहरुको जानकारी समावेश थियो।

कोडिङ प्रक्रियाको दोस्रो चरणमा, मानव बेचबिखनको रिपोर्टिङमा प्रयोग गरिएका फ्रेम/लेन्सहरू पहिचान गर्न ध्यान दिइयो, जसमार्फत तीन वटा लेन्स पहिचान गरियो: 'राज्यको असफलता', 'गरिबी र आर्थिक अभावको परिणाम' र 'मानव अधिकारको परिप्रेक्ष्य'। यस चरणमा, कोडहरू पनि परिष्कृत गरिएको थियो र नयाँ कोडहरू समावेश गरिएको थियो; उदाहरणका लागि, बेचबिखनको माध्यम थपिएको थियो। त्यसैगरी, बाहिर निस स्थलहरूला बाहिरलाई निस्कने डिस्ट्रिक्टहरूमा पुन: कोड गरिएको थियो र रिपोर्ट गरिएको पीडित र अपराधीहरूको थर सूचीमा थपियो र पछि यसलाई जात/जातीय समूहहरू सिर्जना गर्न प्रयोग गरिएको थियो।

दोस्रो चरणको कोडिङमा पहिचान गरिएका कोडहरू स्प्रेडसीटमा थपिएका थिए र त्यसपछि नयाँ थपिएका कोडहरूका लागि सबै नयाँ लेखहरूबाट तथ्याङ्क निकालिएको थियो। SPSS तथ्याङ्क विश्लेषण सफ्टवेयर प्रयोग गरेर परिमाणात्मक तथ्याङ्क (अर्थात, समाचार लेखहरूमा पहिचान गरिएका आरोपीत पीडितहरूको सङ्ख्या, नेपालीहरूको बेचबिखनमा संलग्न विदेशी नागरिकहरू आदि जस्ता परिमाणात्मक रूपमा व्यक्त गर्न सकिने विषयवस्तुहरू) विश्लेषण गरियो र तालिकाहरूमा देखाइयो। जानकारीमूलक नक्साहरू भने ArcGIS सफ्टवेयर प्रयोग गरेर सिर्जना गरियो।

समाचार रिपोर्टहरूबाट साभार गरिएका उध्दरणहरू गुणात्मक तथ्याङ्कको प्रमुख तत्व थिए र तिनीहरूलाई ठोस उदाहरणहरूको साथ परिमाणात्मक तथ्याङ्कको व्याख्या गर्न मुख्य रूपमा प्रयोग गरियो। गुणात्मक तथ्याङ्कको अर्को महत्त्वपूर्ण स्रोत अध्ययनका लागि चयन गरिएका समाचार सञ्चारमाध्यमका सम्पादक र संवाददातासँग लिइएका रचनात्मक अन्तर्वार्ता थियो। अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कको विश्लेषणका लागि अन्तर्वार्ताको लिखित प्रतिलिपि अङ्ग्रेजीमा तयार गरियो (तर अन्तर्वार्ता नेपालीमा लिइएको थियो) र मूलतः अन्तर्वार्ता जाँचसूचीका विषयवस्तु/उप-विषयवस्तुहरू प्रयोग गरेर अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई कोडिङ गरी व्यवस्थित गरियो (अन्तर्वार्ता जाँचसूचीका लागि अनुसूची २ हेर्नुहोस्)। अन्तर्वार्ताको ट्रान्सक्रिप्टहरू पढ्दै जाँदा थप विषयवस्तु/उप-विषयवस्तुहरू पनि पहिचान गरियो। तिनीहरूलाई अन्तर्वार्ता तथ्याङ्क कोडिङ र व्यवस्थित गर्नमा पनि प्रयोग गरियो। रचनात्मक अन्तर्वार्ताका तथ्याङ्कलाई मुख्यतया आवश्यकता बमोजिम समाचारहरुको विश्लेषणबाट प्राप्त निष्कर्षहरू प्रमाणित गर्न र नेपालमा मानव बेचबिखन रिपोर्टिङको प्रक्रियाबारे पत्रकार र सम्पादकहरूबाट अन्तर्दृष्टि प्राप्त गर्न प्रयोग गरियो।

## २.६ तथ्याङ्क गुणस्तर आश्वासन

खण्ड २.२ मा उल्लिखित मापदण्डहरू पूरा गर्ने समाचार रिपोर्टहरू अध्ययनका लागि चयन गरिएको थियो। सञ्चारमाध्यमको बृहत् विश्लेषण गर्ने प्रक्रिया माथि खण्ड २.२ मा प्रस्तुत गरिएको छ। तथ्याङ्क कोडिङमा हुने त्रुटिहरू कम गर्नका लागि दोहोरो कोडिङको प्रक्रिया प्रयोग गरियो, जहाँ एक जना अनुसन्धानकर्ताले दोस्रो अनुसन्धानकर्ताद्वारा कोड गरिएको समान नमुनामा स्वतन्त्र रूपमा कोडहरू राख्दछ । यस उद्देश्यका लागि, दोस्रो अनुसन्धानकर्ताले ५ प्रतिशत सांयोगिक रूपमा चयन गरिएका समाचार लेखहरूको कोड गर्यो। कुनै पनि प्रमुख असहमति नदेखिएकाले कोडरहरू र अनुसन्धान टोलीबीच छलफल गरेपछि समान कोड र कोडिङ प्रक्रियाहरू जारी राखिएको थियो।

समाचार लेखहरू मूल्याङ्कन गर्न र गुणस्तरमा आधारित समाचार लेखहरू समावेश वा बहिष्कार गर्न गुणस्तर मूल्याङ्कन उपकरण (अनुसूची ३ हेर्नुहोस्) प्रयोग गरिएको थियो। मानव बेचबिखन सम्बन्धी सामान्य टिप्पणीहरू मात्र गर्ने लेखहरूलाई विश्लेषणमा समावेश गरिएन। जम्मा ४८० वटा लेखहरू अन्तिम सूचीमा परे।

## २.७ अध्ययनका सीमाहरू

यस अध्ययनमा केही सीमाहरू छन्। अध्ययन अन्तर्राष्ट्रिय मानव बेचबिखनमा केन्द्रित थियो; तसर्थ, यसले नेपालभित्र हुने मानव बेचबिखन सम्बन्धी समाचार रिपोर्ट र अन्य प्रकाशनहरूको अध्ययन र विश्लेषण गरेन, यद्यपि आन्तरिक बेचबिखन पनि नेपालमा एक प्रमुख समस्याको रुपमा रहेको छ।

यस अनुसन्धानको उद्देश्य  सन् २०१६ देखि २०२० सम्मको विगत पाँच वर्षमा नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरूका बारेमा बुझ्ने थियो। अध्ययनको उद्देश्य नेपालभित्र बेचबिखनका मार्गहरू हेर्ने थिएन। अध्ययनले अघिल्लो वर्षहरूको तुलनामा सन् २०१६ देखि २०२० सम्मको बेचबिखनका मार्गहरूमा भएका सामान्य परिवर्तनहरू मात्र पहिचान गर्‍यो र एक पटक मात्र रिपोर्ट गरिएका ट्रान्जिट स्थानहरूमा ध्यान केन्द्रित गरेन।

अध्ययनको दायराका कारण, चार वटा राष्ट्रिय दैनिक समाचारपत्र र दुई वटा अनलाइन समाचार स्रोतलाई मात्र समावेश गरियो । यसरी अध्ययनले अन्य धेरै राष्ट्रिय र क्षेत्रीय छापा र अनलाइन समाचार सञ्चारमाध्यम समावेश गरेको छैन। तसर्थ, नेपालबाट हुने मानव बेचबिखनका केही समाचार रिपोर्टहरू छुटेको हुन सक्थ्यो ।तर पनि, छनोट गरिएका समाचार सञ्चारमाध्यम नेपालमा सबैभन्दा बढी पढिने छापा र अनलाइन समाचार स्रोत थिए; र तिनीहरूमध्ये धेरैजसो मुलुकभरि र - केही समाचारपत्रहरूको विदेशमा समेत संवाददाताहरू भएकाले, यो सर्वसाधारणका लागि उपलब्ध लिखित समाचारको प्रतिनिधि नमुना हुने अपेक्षा गरियो।[11] अनुसन्धान टोलीले लेखहरू खोज्नका लागि सान्दर्भिक मुख्य शब्द (key words) प्रयोग गर्ने उत्कृष्ट प्रयासको बावजूद अध्ययनले केही मुख्य शब्द र सम्बन्धित लेखहरू छुटाएको हुन सक्ने सानो सम्भावना छ।

11 कान्तिपुर मिडिया ग्रुप; गोरखापत्र संस्थान।

कथानक विश्लेषणले अनुसन्धानका सहभागीहरूले आफ्नै अनुभवमा आधारित घटनाका बारेमा कथा र अर्थ कसरी निर्माण गर्छन् भनेर बुझ्न मद्दत गर्छ। तर पनि, अध्ययनको क्रममा समयसीमा र पहुँचको कमीका कारण समाचार लेखहरूमा रिपोर्ट गरिएका पीडित, अपराधी र अवरोधकहरूको प्रत्यक्ष विवरणप्राप्त गर्न कथानक विश्लेषण प्रयोग गरिएको थिएन। त्यस्तै, नमुना समाचारपत्रको राजनीतिक वा वैचारिक झुकाव पत्ता लगाउने प्रवचन विश्लेषण (discourse analysis) पनि गरिएको थिएन।

माथि वर्णन गरिए झैं, यस अध्ययन सामग्री विश्लेषणको ढाँचाअन्तर्गत गरिएको थियो र त्यसैले, रिपोर्ट गरिएका मानव बेचबिखनका पीडित/बेचबिखनमापरि बचेकाहरु, आरोपीत अपराधीहरू र मानव बेचबिखनका सम्भावित पीडित र संदिग्ध तस्करहरूको पहिचान/रोक्नमा संलग्न भएका भनी रिपोर्ट गरिएका निकाय वा एजेन्टहरूबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएन। यस अध्ययनले सञ्चारमाध्यमकाबारेमा जानकारी प्राप्त गर्न  विशुद्ध नमुनामा छनौट गरिएका रिपोर्टहरूको विश्लेषणमार्फत प्रयास गऱ्यो ।

गुणात्मक सामग्री विश्लेषणलाई प्रयोग गर्ने सबै अध्ययनहरू जस्तै, यो अध्ययनमा पनि समाचार रिपोर्टहरू कोडिङ गर्दा र तथ्याङ्कको व्याख्या गर्दा केही स्तरको आत्म-चेतना पनि समावेश भएको हुनसक्छ। कुनै पनि वास्तविकता जस्तै, तथ्याङ्कको विश्लेषण र व्याख्या पनि सामाजिक रूपमा नै  गरिन्छ। अनुसन्धान टोलीले तटस्थता कायम राख्ने प्रयासहरू गर्दा गर्दै पनि अनुसन्धानकर्ताहरूको सामाजिक स्थान र पूर्वाग्रहहरूद्वारा तथ्याङ्कको कोडिङ र व्याख्या प्रभावित भएको हुन सक्छ। सञ्चारमाध्यम संस्था र समाचार संवाददाताले निश्चित सामाजिक-राजनीतिक परिवेशभित्र काम गर्ने हुनाले सञ्चारमाध्यममा प्रकाशित लेखहरूका पनि आ-आफ्नै सीमा हुन्छन् । नेपालमा सञ्चारमाध्यमका सामान्य सीमाहरू खण्ड ३.१ मा विस्तृत रूपमा छलफल गरिएको छ।

एउटै कथा (घटना) र त्यसमा पनि विशेषगरी प्रमुख सनसनी भएका समाचार धेरै सञ्चारमाध्यमहरूबाट प्रस्तुत गरिने हुँदा बेचबिखनसँग सम्बन्धित केही घटनाहरूको रिपोर्टिङमा दोहोरोपन हुन सक्छ ।एउटै सञ्चारमाध्यमबाट हुने प्रकाशनको रिपोर्टिङमा रहेको दोहोरोपनलाई बेवास्ता गरिएको भए पनि अध्ययनले विभिन्न सञ्चारमाध्यमको समाचारमा दोहोरोपन हुने कुरालाई ध्यानमा राखेको छैन । कतिपय घटनाहरू वास्तविक घटनाभन्दा बढी देखा परेको भए त्यसले बेचबिखनका ढाँचाहरूको पहिचान र प्रस्तुतिलाई केही हदसम्म प्रभाव पारेको हुन सक्छ। यद्यपि, एउटै घटनाहरू विभिन्न लेन्सहरू प्रयोग गरेर रिपोर्ट गर्न सकिने हुनाले समाचार लेखहरूमा प्रयोग गरिएका रिपोर्टिङ लेन्स/फ्रेमहरूको विश्लेषणमा यसले कुनै प्रभाव पारेको छैन।

कोभिड-१९ महामारीले बेचबिखनका मार्ग र गन्तव्यहरूमा प्रभाव पारेको हुन सक्छ। अध्ययनले नेपालमा कोभिड-१९ को आक्रमणपछि प्रकाशित समाचार रिपोर्टहरू समावेश गरे पनि, विश्लेषणले कोभिड-१९ पछिको नेपालबाट हुने मानव बेचबिखनका ढाँचाहरू पहिचान गर्न ध्यान दिएन, किनभने: (क) पर्याप्त तथ्याङ्क थिएन; र (ख) यो अध्ययनको दायराभन्दा बाहिर थियो। कोभिड-१९ ले स्थलगत संवाददातालगायत मानिसहरूको आवातजावतलाई सीमित गरेकोले रिपोर्टिङलाई प्रभाव पारेको हुन सक्छ, यसले गर्दा सन् २०२० मा मानव बेचबिखनसम्बन्धी घटनाहरूको समाचारसीमित भएको थियो। सन् २०२० मा कैयौं महिनाको यात्रा प्रतिबन्धले आप्रवासन र मानव बेचबिखनसम्बन्धी घटनाहरूलाई र साथै यसबारे सञ्चारमाध्यमको कभरेजलाई पनि प्रभाव पारेको हुन सक्छ, तसर्थ यसले अन्तर्राष्ट्रिय मानव बेचबिखन रिपोर्टको सामान्य घटनालाई प्रतिबिम्बित गर्दैन।

## २.८ नैतिक विचारहरू

सञ्चारमाध्यमको सामग्री विश्लेषणमा सामान्यतया सार्वजनिक रूपमा उपलब्ध जानकारीको अबाधित विश्लेषण (unobtrusive analysis) समावेश हुने भए पनि (Neuendorf २०१७), प्रकाशित दस्तावेजले 'नैतिक रूपमा सचेत तर स्थिति अनुरूप निर्णय लिने' आवश्यकतालाई जोड दिन्छ, विशेषगरी अध्ययनमा व्यक्तिगत कथाहरू समावेश हुँदा यो गरिन्छ (Burles र Bally २०१८)। वर्तमान अध्ययनमा सार्वजनिक रूपमा उपलब्ध समाचार लेखहरूको विश्लेषण समावेश थियो; तसर्थ, लेखहरूमा रिपोर्ट गरिएका व्यक्तिहरूबाट सूचित सहमति प्राप्त गर्न आवश्यक थिएन र सम्भव पनि थिएन। तर पनि, समाचार लेखहरूबाट व्यक्तिगत अनुभवहरू गुणात्मक विश्लेषणमा प्रयोग गरिने बेला व्यक्तिको गोपनीयता र गुप्तता सम्भव भएसम्म कायम राखिएको थियो। त्यसैगरी, व्यक्तिगत लेखक/संवाददाताहरूको गोपनीयता कायम राख्नका लागि उनीहरूलाई रिपोर्टमा प्रस्तुत गरिएन। लेखक वा व्यक्तिगत कथाहरूका पहिचान विवरणहरू मेटाइयो र उद्धरण र व्यक्तिगत खाताहरू पत्ता लगाउन सकिने क्षमताबाट बचाउनका लागि व्याख्या गरियो। यसका साथै, सञ्चारमाध्यमले व्यक्तिहरूलाई अपराधीका रूपमा वा कसैलाई जालसाजी र छलको आरोप लगाई रिपोर्ट गरेको अवस्थामा, यस अध्ययनमा जानकारीलाई रिपोर्ट गर्दा 'कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने' सिद्धान्त पालना भएको सुनिश्चित गरिएको थियो।

कुनै पनि जोखिम न्यूनीकरण गर्न सबै अन्तर्वार्ताको हकमा, अनुसन्धानका सहभागीहरूलाई बेनाम रहने स्तर छनोट गर्न लगाइएको थियो र उनीहरूका लागि सहज हुने ठाउँ छनोट गर्न प्रोत्साहित गरियो र मौखिक गोपनीयता कायम राखियो। कोभिड-१९ का सावधानी मापदण्डहरूको सम्मान गरियो र अग्रिम रूपमा छलफल गरियो। सहभागीहरूलाई अध्ययनका बारेमा जानकारी दिइयो र अन्तर्वार्ताहरू सुरु गर्नुअघि उनीहरूको सहमति मौखिक रूपमा लिइयो। मौखिक सहमतिको नमुना अनुसूची १ मा प्रस्तुत गरिएको छ। सहभागीहरूलाई यस अनुसन्धानमा उनीहरूको सहभागिता पूर्ण रूपमा स्वैच्छिक हो र उनीहरूले कुनै पनि समयमा आफ्नो सहमति फिर्ता लिन सक्ने छन् भन्ने बारेमा जानकारी गराइएको थियो।

सबै तथ्याङ्क अनुसन्धानकर्ताहरूको व्यक्तिगत र कार्यालय कम्प्युटरमा पासवर्डद्वारा सुरक्षित निजी फाइलमा भण्डार गरिएका थिए र ती कम्प्युटर पनि निजी लगइन पासवर्डहरूद्वारा सुरक्षित थिए। अन्तर्वार्तासम्बन्धी तथ्याङ्क अन्तर्वार्ता लिने व्यक्ति, अनुवादक र मुख्य अनुसन्धानकर्ताहरूका लागि मात्र पहुँचयोग्य थियो। अन्तर्वार्ताका अडियो फाइलहरू अनुलिपि गरेपछि मेटाइयो।

नेपालमा स्वास्थ्यसँग प्रत्यक्ष सरोकार नभएको कुनै पनि सामाजिक विज्ञानसम्बन्धी अनुसन्धानको समीक्षा गर्ने संस्थागत निकाय छैन।[12] यद्यपि, नैतिक अनुसन्धान अभ्यासहरू सुनिश्चित गर्न, यस अध्ययनमा संलग्न सोसल साइन्स बहा: / सेस्लाम का सबै अनुसन्धानकर्ताहरूले म्याक्वेरी विश्वविद्यालयको सामाजिक विज्ञान नैतिकता प्रशिक्षण अनलाइन पूरा गरे। उनीहरुले IDS ERB निर्देशिकाहरू अनुरूप व्यवहारमा अनुसन्धान नैतिकता लागू गर्न IDS नैतिकता समीक्षा बोर्ड (Ethics Review Board, ERB) सदस्यबाट समर्थन पनि प्राप्त गरे। IDS नीतिअनुसार अनुसन्धान सोसल साइन्स बहा:को नेतृत्वमा भएको हुनाले, ERB

12 नेपाल स्वास्थ्य अनुसन्धान परिषदले नेपालमा स्वास्थ्यसम्बन्धी अनुसन्धान गर्न स्वीकृति दिनुपर्छ।

अनुसन्धान परियोजनाको समीक्षामा संलग्न थिएन। मानव बेचबिखनसम्बन्धी सञ्चारमाध्यमको प्रकाशन/प्रसारण

## ३.१ नेपालमा सञ्चारमाध्यमको वातावरण

आधार-स्तरको (ग्राउण्ड-लेभल) संलग्नता भएको हुनाले स्थलगत संवाददाताहरूसँग नागरिक,गैरसरकारी संस्थाहरू (NGOs), सरकार, अनुसन्धानकर्ता र कानुन लागू गर्ने निकाय हरूलाई विभिन्न विषयहरूमा जानकारी दिने क्षमता र सीपहरू छन्। त्यसकारण, सञ्चारमाध्यममा बेचबिखनसम्बन्धी मुद्दाहरूको चित्रण आफैँमा महत्त्वपूर्ण छ। अनुसन्धानकर्ता, कानुन लागू गर्ने निकाय , स्वास्थ्य कर्मचारी र अन्य धेरै पेशाहरू जस्तै सञ्चारकर्मीहरूका अधिकार र कर्तव्यहरू छन्। वर्तमान परिवेशमा , पत्रकारहरूले चुनौतीपूर्ण वातावरणमा बेचबिखनका सम्बन्धमा तुलनात्मक हिसाबले स्वतन्त्र भएर लेख्न सक्छन् भनेर भन्न सकिन्छ। यस अध्ययनले नेपाली समाचार सञ्चारमाध्यममा मानव बेचबिखनको चित्रणलाई हेरेको छ र नेपालबाट हुने मानव बेचबिखनका ढाँचाहरूमा भएका परिवर्तनहरूको विश्लेषण गरेको छ।

नेपालको संविधानले बोल्न पाउने स्वतन्त्रता र सञ्चारको हक प्रत्याभूति गरेको छ; तर मानिसहरूको लेख्न र बोल्न पाउने क्षमता घटाउन केही प्रतिबन्धहरू पनि गरिएका छन्। संविधानले यो प्रत्याभूति गरेको छ कि:

> *विद्युतीय प्रकाशन, प्रसारण र छपाइलगायत श्रव्य दृश्य सामग्रीको प्रयोग, कुनै पनि माध्यमबाट कुनै समाचार सामग्री, सम्पादकीय, लेख, महत्त्वपूर्ण लेख वा अन्य पठन सामग्रीको प्रकाशन र प्रसारण वा सूचना प्रवाह वा छपाइमा पूर्व अवरोध हुनेछैन ।*
> *(GoN २०१५)*

तर पनि, संविधानले सरकारलाई निम्न कुराहरूमा प्रतिबन्ध लगाउन अनुमति दिन्छः

> *झूटा सामग्रीको प्रकाशन र प्रसारको माध्यमबाट नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अविभाज्यता वा संघीय इकाइहरूबीचको सुमधुर सम्बन्धमा खलल पार्ने वा विभिन्न जातजाति, जनजाति वा समुदायहरूबीचको सुमधुर सम्बन्धमा खलल पार्ने वा देशद्रोह वा व्यक्तिहरूको सामाजिक मर्यादामा खलल पार्ने कार्य वा अदालतको अवहेलना वा आपराधिक कसुरलाई उक्साउने सामग्री वा सभ्य सार्वजनिक शिष्टाचार र नैतिकता विपरीत काम गर्ने वा श्रमको अनादर गर्ने वा छुवाछुत वा लैङ्गिक भेदभावलाई उक्साउने कार्य।*
> (*ibid.*).

संविधानको धारा १७ र २७ ले प्रत्येक नागरिकलाई क्रमशः अभिव्यक्तिको हक र सूचनाको हकको प्रत्याभूति गरेको छ।

सञ्चार गृह र सम्पादकीय अधिकारीहरू निश्चित समाचार प्रकाशन गर्नका लागि जिम्मेवार छन्। तर पनि, राजनीतिक दबाव, पाठक वृद्धिको आवश्यकता र सम्पादकीय/स्वामित्व पूर्वाग्रहले समाचार लेख प्रकाशित गर्ने कि नगर्ने भन्ने सम्पादक वा सञ्चार गृहको निर्णयलाई असर गर्न सक्छ। सञ्चार गृहहरूका स्वामित्ववाला र नियन्त्रण गर्ने अधिकारी र तिनका लक्ष्यले सम्पादकीय स्वतन्त्रता घटाउन सक्छ र सामाजिक-राजनीतिक भूमिका निर्वाह गर्ने सञ्चारमाध्यमको भूमिकालाई असर गर्न सक्छ (Alger १९९८; Bagdikian १९९७)।

सञ्चारमाध्यम र यसका सम्पादकहरूको पार्टीगत स्वार्थ र राजनीतिकवृतसंगको समानान्तरताबाट नेपाली समाचार सञ्चारमाध्यम प्रभावित भएको जनाइएको छ (Acharya २०१८)। त्यसैगरी, नेपालका समाचार सञ्चारमाध्यमले पनि स्वतन्त्र पत्रकारिताभन्दा व्यापारिक स्वार्थलाई प्राथमिकता दिएको रिपोर्ट गरिएको छ (*दि हिमालयन टाइम्स* २०२१)।

प्रेस काउन्सिल नेपाल (PCN) को वार्षिक प्रतिवेदनअनुसार PCN मा ७,८६९ छापा सञ्चारमाध्यम प्रकाशनहरू दर्ता भएका छन् र तीमध्ये सन् २०१९/२० मा ३,९६६ समाचार सञ्चारमाध्यम प्रकाशनहरू (६८९ दैनिक, ३० द्विसाप्ताहिक, २,८४७ साप्ताहिक र ४०० पाक्षिक) मात्र सञ्चालनमा थिए (PCN २०२१)। त्यसैगरी, २०१९/२०२० मा ती ३९६६ मध्ये ७३३ समाचारपत्रहरू (दैनिक १८५, ३ द्विसाप्ताहिक, ५२८ साप्ताहिक र १७ पाक्षिक) मात्रै नियमित रूपमा प्रकाशित भएका थिए। हालैका वर्षहरूमा 'उपलब्धता, अन्तर्क्रियात्मकता, पारदर्शिता (हाइपरलिङ्कहरू), तत्कालिकता र मितव्ययीता' का कारण पनि अनलाइन समाचार सञ्चारमाध्यम समाचारका लागि महत्वपूर्ण बनेका छन् (Acharya २०१८)। फेब्रुअरी २०२१ मा, सूचना तथा प्रसारण विभागको तथ्याङ्कअनुसार मुलुकमा २,३२५ अनलाइन सञ्चारमाध्यम प्रकाशनहरू दर्ता भएका थिए, जसमध्ये २,१७४ हाल सक्रिय छन् (राष्ट्रिय समाचार समिति २०२१)।

नेपालमा प्रेस र सञ्चारमाध्यम धेरै कानुनद्वारा नियमित छन्, मुख्य रूपमा प्रेस र प्रकाशन ऐन, १९९१ राष्ट्रिय प्रसारण ऐन १९९२, प्रेस काउन्सिल ऐन १९९२, श्रमजीवी पत्रकार ऐन २००७, सूचनाको हक ऐन २००८, राष्ट्रिय सूचना र सञ्चार प्रविधि नीति २०१५ र राष्ट्रिय आमसञ्चार नीति २०१९। सन् २०१६ मा, PCN ले सन् २०१९ (PCN २०१६, २०१९) मा केही संसोधन सहित १३-दफा पत्रकारिता आचार-संहिता जारी गर्‍यो। पत्रकारहरूले रिपोर्टिङ गर्दा वस्तुनिष्ठ हुनु पर्ने र अनलाइन तथा अफलाइन दुवै माध्यमबाट तथ्यपरक समाचार र सन्तुलित विचार सम्प्रेषण गर्नु पर्ने संहिताले उल्लेख गरेको छ। सामाजिक सञ्जालबाट सामग्री सिर्जना गर्दा वा सामाजिक सञ्जालमार्फत सामग्री साझा गर्दा सञ्चारमाध्यमलाई जवाफदेही बनाउने निर्देशन पनि रहेको छ: सत्यता जाँच गरेर र निष्पक्षता विचार गरेर मात्र पत्रकार र सञ्चारमाध्यमले अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले पोस्ट वा साझा गरेको जानकारी र विचार वा टिप्पणीहरूको पुनः उत्पादन गर्नु पर्दछ (PCN २०१९)। यसबाहेक, पत्रकारहरूलाई यौन अपराध, सामाजिक भेदभाव वा मानवता विरुद्धको अपराधबाट बचेका वा पीडितहरूलाई प्रतिकूल प्रभाव पार्ने सामग्रीहरू प्रकाशित गर्न अनुमति छैन। त्यस्ता अवस्थाहरूमा, पीडितहरू/ बचेका हरूको नाम, ठेगाना र पहिचान उनीहरूको सचेत सहमतिविना र त्यस्ता खुलासाको सम्भावित प्रभावहरूको मूल्याङ्कन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलासा गर्नुहुँदैन (*ibid.*)।

सरकारले अनलाइन समाचार पोर्टलहरू नियमन गर्न सन् २०१६ मा अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिकाजारी गर्‍यो (नेपाल सरकार २०१६)। 'वेबसाइट दर्ता वा वार्षिक रूपमा नवीकरण गर्न असमर्थ भएमा, गैरकानुनी वा अनैतिक मानिने सामग्री प्रकाशित गरेमा वा गलत सूचना फैलाएमा वा तिनीहरूका रिपोर्टहरूमा आधिकारिक स्रोतहरूको अभाव भएमा' सूचना तथा प्रसारण विभागलाई समाचार पोर्टल बन्द गर्ने अधिकार प्रदान गरेको व्यवस्थाका कारण निर्देशिकाको व्यापक आलोचना भएको थियो (Acharya २०१६, Acharya २०१८ मा उद्धृत)।

सन् २०१८ मा लागू भएको नेपालको मुलुकी देवानी (संहिता) ऐन र मुलुकी फौजदारी(संहिता) ऐनले सञ्चारमाध्यम स्वतन्त्रता (HRW २०१९) लाई थप कटौती गरेको छ। यस ऐनहरुले पत्रकारलगायत कसैलाई पनि अग्रिम सहमति नलिइकन व्यक्तिगत जानकारी खुलासा गर्न र फोटो खिच्न र प्रकाशन गर्न निषेध गर्दछ। अनलाइन समाचार सञ्चारमाध्यम र पत्रकारहरू विरुद्धका मुद्दाहरू इलेक्ट्रोनिक कारोबार ऐन, २००८ अनुसार व्यवहार गरिन्छ, जसले

अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई थप सीमित गर्दछ (Acharya २०१८; HRW २०१९)। ऐनले देहायका प्रकाशन र प्रदर्शनलाई निषेध गर्दछ:

> *कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चारमाध्यममा प्रचलित कानुनद्वारा प्रकाशन वा प्रदर्शन गर्न निषेध गरिएको वा सार्वजनिक नैतिकता वा सभ्य आचरण विपरीत हुने वा कसैको विरुद्ध घृणा वा ईर्ष्या फैलाउने वा विभिन्न जातजाति र समुदायका जनताबीचको सुमधुर सम्बन्धलाई खतरामा पार्न सक्ने कुनै पनि प्रकारका सामग्री।*
> *(GoN 2006)*

विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कका अनुसार, नेपाल १८० मुलुकमध्ये १०६औँ स्थानमा छ (रिपोर्टर्स विदआउट बोर्डर्स २०२१)।

सन् २०२० मा, नेपालको एक गैरसरकारी नागरिक समाज संगठन (CSO), फ्रिडम फोरमले नेपालमा कुल ९६ प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरू रेकर्ड गरेको थियो, जुन अघिल्लो वर्ष (सन् २०१९ मा १११) भन्दा थोरै मात्र कम हो (फ्रिडम फोरम २०२०)। सन् २०२० मा रेकर्ड भएका प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरूमध्ये अधिकांश पत्रकारहरूले अनलाइन सञ्चारमाध्यम (३९) का उल्लङ्घनपछि छापा सञ्चारमाध्यम (७०) का उल्लङ्घन भोगेका छन् (*ibid.*)। त्यसैगरी, नेपाल सरकार (GoN) ले सन् २०१९ मा 'नेपाल मिडिया काउन्सिलसँग सम्बन्धित कानुनको संशोधन र एकीकरणसम्बन्धी विधेयक' को मस्यौदा तयार गरेको थियो, जसले हालको प्रेस काउन्सिल ऐन, 1992 लाई प्रतिस्थापन गर्ने छ। नयाँ मिडिया काउन्सिल, यसको स्वतन्त्र र निष्कक्ष प्रकृतिको मापदण्डमा गठन गर्ने प्रस्ताव गरेको र यसलाई नेपाल सरकार (GoN) अन्तर्गतको निकायसँग जस्तै बनाएको कारणले यो विधेयक अत्यधिक विवादास्पद थियो (Maharjan, B. २०२०)। साथै, विधेयकमा मिडिया काउन्सिललाई व्यावसायिक नैतिकता उल्लङ्घन गर्ने सञ्चारमाध्यम कम्पनीहरूलाई ठूलो जरिवाना लगाउने अनुमति दिने प्रावधानहरू थिए (*ibid.*)। विधेयकको मस्यौदामा सरकारको चर्को आलोचना भएपछि यी प्रावधानहरू परिमार्जन भए पनि यसले नेपालमा प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने राज्यको नियत रहेको देखाएको छ।

नेपाली पत्रकारहरूको नेपाल पत्रकार संघ नामक एउटा छाता संगठन छ र यसलाई हाल नेपाल पत्रकार महासंघ (FNJ) भनिन्छ। 'पेशागत विकास, प्रेस स्वतन्त्रता र सरकारी संयन्त्रबाट सहयोग अभिवृद्धि' को उद्देश्यका साथ सन् १९५६ मा निजी सञ्चारकर्मीहरूले यसको स्थापना गरेका थिए (Acharya २०१८)।

## ३.२ सञ्चारमाध्यमद्वारा ज्ञानको निर्माण र दर्शकमा यसको प्रभाव

दैनिक जीवनको वास्तविकता हाम्रो ध्यानमा आउनुअघि वस्तुगत भइसकेको हुन्छ। जे भए पनि वास्तविकता शून्यतामा हुँदैन बरु अरूसँगको हाम्रो अन्तरक्रियामार्फत सामाजिक रूपमा निर्माण हुन्छ (Berger र Luckmann १९९१)। भाषाहरू आवश्यक वस्तुकरण उपलब्ध गराउन र तिनीहरूलाई प्रस्तुत गर्ने क्रम निर्धारण गर्न प्रयोग गरिन्छ। तर वस्तुहरू आफैले भाषामा अर्थ ठीक गर्न सक्दैनन्। निर्माणवादी दृष्टिकोणअनुसार, यो 'सामाजिक पक्षहरू हुन् जसले आफ्नो संस्कृतिको वैचारिक प्रणाली र भाषिक र अन्य प्रतिनिधित्व प्रणालीहरूलाई अर्थ निर्माण गर्न, संसारलाई अर्थपूर्ण बनाउन र संसारका बारेमा अरूलाई अर्थपूर्ण रूपमा सञ्चार गर्न प्रयोग गर्छन्

(Hall १९९७: ११)। अर्को शब्दमा भन्नुपर्दा अर्थ वस्तुहरूमा अन्तर्निहित नहुने भएकाले यो मानिस वा सामाजिक पात्रहरू हुन् जसले अर्थ सिर्जना गर्छन्। वस्तुहरूलाई अर्थ प्रदान गर्ने व्यक्ति वा पक्षहरूलाई 'दाबी कर्ता' भनिन्छ जुन कुनै पनि मौखिक, दृश्य वा व्यवहारिक कथन भएको दाबी हो जसले दर्शक /पाठक/श्रोतालाई एउटा अवस्थालाई - जस्तै हाम्रो मामिलामा मानव वेचविखन - सामाजिक समस्याको रूपमा परिभाषित गर्न मनाउने उद्देश्य राख्छ (Loseke २००३)। प्राथमिक दाबीकर्ताहरू पीडित र साक्षीहरू जस्ता व्यक्तिहरू हुन् जसलाई विषय वा समस्याको बारेमा विशेष वा विस्तृत ज्ञान  हुन्छ भने प्राथमिक दाबीकर्ताहरूद्वारा गरिएका दाबीहरू अनुवाद र रूपान्तरण गर्ने सहायक दाबीकर्ताहरू हुन् (Schildkraut र Muschert २०१९)।

समाजमा महत्त्वपूर्ण दाबीकर्ताहरूमध्ये एक आमसञ्चार हो जसले सबैभन्दा ठूलो सम्भावित दर्शक उपलब्ध गराउँछ। आम सञ्चारमाध्यममा काम गर्ने मानिसहरू प्राथमिक दाबीकर्ता हुन सक्छन्, यस्तो अवस्थामा उनीहरूले आफ्नै कथाहरू खोज्छन् र लेख्छन्; तर उनीहरू सामान्यतया राजनीतिज्ञ, कार्यकर्ता वा शैक्षिक अनुसन्धानकर्ताहरू जस्ता अन्य पक्षहरूद्वारा उपलब्ध गराइएका दाबीहरू अनुवाद र प्याकेजिङ गर्ने सहायक दाबीकर्ताहरू हुन् (Loseke 2003)। तर, दाबीहरू विषयगत मूल्यहरू वा संवाददाता वा पत्रकारहरूको विशिष्ट वस्तुगत चासो वा भावनाहरूमा आधारित हुँदा आम सञ्चारमाध्यममा गरिएका दाबीहरूको वस्तुपरकता कमजोर हुन सक्छ (Tuchman १९७२)।

दर्शक/श्रोता/पाठकहरूले आफ्नै अनुभव, व्यक्तिगत मूल्य वा ज्ञानको आधारमा दाबीहरूको मूल्याङ्कन  गर्न सक्ने भएकाले सञ्चारमाध्यममा गरिएका दाबीहरू विश्वास गर्न नसकेको भए तापनि आम सञ्चार माध्यमहरूले समस्याहरू सतहमा ल्याउँछन् जसलाई दर्शक/श्रोता/पाठकहरूले सामाजिक समस्याको रूपमा लिने वा नलिने भनी विचार गर्ने निर्णय गर्छन(Loseke २००३)। अर्को शब्दमा भन्नुपर्दा, सञ्चारमाध्यमले 'तथ्यहरू' सङ्कलन गर्ने, ती तथ्यहरूबाट बयान वा कथाहरू निर्माण गर्ने र दर्शकहरूलाई ती कथाहरू विश्वास गर्न प्रेरित गर्ने  विश्वास गरिन्छ। दर्शक/पाठक/श्रोताहरूले आफ्नै ज्ञान, अनुभव र मूल्यहरूको आधारमा कथाहरूको विश्वसनीयतामा निर्णय गर्छन् (*ibid.*)। सञ्चारमाध्यमले भावनामा अपील गर्दै मानिसहरूका छवि (पीडितहरू सहानुभूतिको हकदार हुन्छन् भने  खलनायक निन्दाको हकदार हुन्छन्) र प्रेरित फ्रेमहरू (दर्शक/पाठक/श्रोताले किन ख्याल गर्नुपर्छ) पनि निर्माण गर्दछ (*ibid.*)। सञ्चारमाध्यम एक महत्त्वपूर्ण तत्त्व हो जसले छलफलका लागि एजेन्डा निर्धारण गर्दछ, तथ्यहरूभन्दा बाहिरका कथाहरू निर्माण गर्दछ र दर्शकहरूलाई विचारहरू निर्माण गर्नका  लागि मनाउने प्रयास गर्दछ। दैनिक जीवनमा सञ्चारमाध्यमको महत्वपूर्ण भूमिकालाई विचार गर्दा, सञ्चारमाध्यमलाई तिनको सामग्री, समाचार निर्माण प्रक्रिया र शासन वा कर्मचारीतन्त्र संरचनालगायत अन्य धेरै पक्षहरूका आधारमा समालोचनात्मक रूपमा अध्ययन गर्नु महत्त्वपूर्ण छ।

## ३.३ मानव बेचबिखनसम्बन्धी प्रकाशन सम्बन्धमा समाचारहरुको विश्लेषण

मानज वेचविखन का पीडित र पीडकहरूको चित्रण र समाचार सञ्चारमाध्यमहरूले नेपालमा मानव बेचबिखनका समस्याहरूको फ्रेमिङको विश्लेषणगर्ने नेपालमा कुनै अध्ययनहरू भएका छैनन्। तसर्थ, यो अध्ययनले अन्य देशहरूमा गरिएका समान अध्ययनहरूलाई हेर्दछ। सञ्चारमाध्यममा मानव बेचबिखनको समस्याको समाचार सामग्री विश्लेषणसम्बन्धी अधिकांश अध्ययनहरू अमेरिकाबाट आउँछन्। तसर्थ, यस अध्ययनले नेपाल र अमेरिका दुवै देशमा मानव वेचविखनबारे ज्ञान र जानकारीको प्राथमिक स्रोत निर्माण गर्न महत्त्वपूर्ण दाबीकर्ताहरू सञ्चारमाध्यम हुन् भन्ने कुरा ध्यानमा राख्दै अमेरिकामा मानव बेचबिखनसम्बन्धी समाचारको कभरेजको समाचारहरुको विश्लेषणका दस्तावेजको प्रकाशित दस्तावेज विश्लेषण गरेको छ।

गुलाटीले सन् २००० देखि २००५ को बिचमा संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य बेलायत र क्यानडाका छ वटा समाचारपत्रहरु - *The New York Times*, *The Washington Post*, *The Times*, *The Guardian*, *The Toronto Star* र *The Globe and Mail* - मा प्रकाशित मानव बेचबिखनसम्बन्धी समाचारका विषयवस्तुहरुको विश्लेषण गरेका थिए (Gulati 2010)। उनले मानव बेचबिखनलाई विभिन्न प्रकारका जबरजस्ती श्रम र श्रम बेचबिखनलाई बेवास्ता गर्दै मुख्यतया यौन बेचबिखनको परिकल्पना गरिएको फेला पारे। यसका साथै, समाचार लेखहरू आधिकारिक स्रोतहरू विभिन्न प्रतिष्ठान स्रोतहरू जस्तै विदेशी नीतिका प्रभावशाली वर्गहरू र मानव बेचबिखनविरुद्धका अभियन्ताहरू जस्ता स्रोतहरूमा, स्रोतहरूको स्थिति र भनाइको सम्बन्धमा कुनै प्रश्न नगरी, निर्भर भएका छन् ।साथै, यी समाचार लेखहरूले बेचबिखनलाई आपराधिक गतिविधि र संगठित अपराध ठहराएका छन् र समस्याको मुख्य समाधानको रूपमा वर्तमान नीति -पीडितहरूका लागि सुरक्षा कार्यक्रमहरू, थप कानुन प्रवर्तन र रोकथाम अभियानहरू- विकास गरेका छन् ।।

त्यसैगरी, Sanford *et al.* (२०१६) ले समाचारपत्रको समाचार वस्तु र मानव बेचबिखनको फ्रेमिङको जाँच गर्न १ जनवरी - ३१ डिसेम्बर २०१३ मा प्रकाशित *दि न्यूयोर्क टाइम्स* र *दि वासिङ्गटन पोस्ट* का समाचारपत्र लेखहरूको सामग्री विश्लेषण गरे। मानव बेचबिखनबारे चर्चा गर्ने १२८ लेखमध्ये ६४ प्रतिशतले यौन बेचबिखनको उल्लेख गरेको पाइएको थियो भने ११ प्रतिशतले मात्र श्रम बेचबिखन र १२ प्रतिशतले यौन र श्रम बेचबिखन दुवैको उल्लेख गरेको थियो (*ibid.*)। संयुक्त राष्ट्र संघको तथ्याङ्कले उत्तर अमेरिकामा बेचबिखनका ५० प्रतिशतभन्दा बढी पीडितहरूलाई जबरजस्ती श्रम शोषण गरेको देखाएको भनी यस अध्ययनले पाएकोले यौन बेचबिखनको असमान उल्लेख विशेषगरी असाधारण छ। यसैबीच, ३९ प्रतिशत लेखले बेचबिखनबाट पीडित बालबालिकालाई र २ प्रतिशतले मात्र पुरुषलाई उल्लेख गरेको छ भने र संयुक्त राष्ट्रसंघको लागू पदार्थ तथा अपराधसम्बन्धी कार्यालय (UNODC) को प्रतिवेदनले लेखमा पहिचान गरिएका सबै पीडितहरूमध्ये अधिकांश वयस्कहरू थिए (६७ प्रतिशत) र सबै पहिचान गरिएका पीडितहरूमध्ये ३० प्रतिशत पुरुष थिए भनी देखाएको छ (*ibid.*)। त्यसैगरी, सोही अध्ययनबाट अन्तर्राष्ट्रिय एजेन्सीहरूको रिपोर्टले श्रम बेचबिखनका पीडितहरूमध्ये अधिकांश पुरुष रहेको सङ्केत गरे तापनि श्रम बेचबिखनसम्बन्धी रिपोर्ट गर्दा महिला पीडितहरूलाई उल्लेख गर्ने लेखहरूको बाहुल्य रहेको पाइयो; मुद्दामा केन्द्रित १४ मध्ये दश वटा लेखमा महिलाहरू उल्लेख गरिएको थियो (*ibid.*)।

अर्को अध्ययनमा, विर्कसले तीन वटा क्षेत्रीय समाचार पत्र - *द न्यूयोर्क टाइम्स*, *द लस एन्जलस टाइम्स* र *द फ्लोरिडा टाइम्स-युनियन* बाट २००५-१२ को अवधिको तथ्याङ्कतथ्याङ्क सङ्कलन

गरे र मानव बेचबिखन-सम्बन्धित समाचार लेखहरूको सामग्री विश्लेषण गरे। यौन बेचबिखनलाई ८२ प्रतिशत लेखमा समेटिएको पाइएको थियो भने श्रम बेचबिखनलाई १४ प्रतिशत लेखमा मात्र समेटिएको थियो (४ प्रतिशतले यौन र श्रम बेचबिखन दुवैको चर्चा गरेको थियो) (Virkus २०१४)। त्यसैगरी, समाचार लेखहरूमा महिला प्रतिनिधित्वको बाहुल्य थियो: लेखहरूमा प्रस्तुत ९५५ पीडितमध्ये ८९ प्रतिशत महिला र ११ प्रतिशत पुरुष पीडित थिए (*ibid.*)। मुख्यतया पुरुषहरूलाई अपराधीका रूपमा र अधिकतर महिलाहरूलाई पीडितका रूपमा चित्रण गर्ने प्रवृत्ति Denton (२०१०) ले पनि पुष्टि गरेका छन्। Denton ले जनवरीदेखि जुन २००७ सम्मको अवधिमा मानव बेचबिखनका १९१ विभिन्न घटनाहरूको मिडिया कभरेजको विश्लेषण गरे र ४४ प्रतिशत घटनामा महिलालाई मात्रै बेचबिखन गरिएको भनी रिपोर्ट गरिएको र रिपोर्ट गरिएका घटनाहरूमध्ये ६३ प्रतिशतमा पुरुष मात्र अपराधीको रूपमा संलग्न रहेको कुरा पत्ता लगाए (*ibid.*)।

## ३.४ मानव बेचबिखनबारे सञ्चारमाध्यमको चित्रण

जबरजस्ती श्रम र बेचबिखनका कथाहरूमा रिपोर्टिङले विभिन्न रुप लिन सक्छ। तिनीहरूमध्ये केहीमा मानव कथाहरू समावेश छन्, जसले मानिसहरूलाई रिपोर्ट गर्दछ, प्रायः बचेकाहरूले आफ्नै कथाहरू सुनाउँछन्; भर्ना अवस्थाहरू र कार्यस्थलमा दुर्व्यवहारहरू उजागर गर्ने कार्यस्थलबारे कथाहरू; अनुचित भर्ना अभ्यास र बेचबिखन पछाडि रहेका आर्थिक लाभबारे कथाहरू; आप्रवासनसम्बन्धी कथाहरू; श्रम बजारको भेदभावका कथाहरू; कानुनका विद्यमान प्रावधानहरू र तिनीहरूको कार्यान्वयन स्थितिलाई झल्काउने न्यायसम्बन्धी कथाहरू; र जागरूकता र वकालतमा कथाहरू (ILO २०२१ b)।

यद्यपि, TIP को अवधारणामा धेरै प्रकारका कार्यहरू (भर्ना, ओसारपोसार, स्थानान्तरण, आश्रय) र माध्यमहरू (धम्की वा बलको प्रयोग वा करकापका अन्य रूपहरू; अपहरण; जालसाजी; धोखा; शक्तिको दुरुपयोग, नाजुक अवस्थाको दुरुपयोग, सहमति प्राप्त गर्नका लागि छलको प्रयोग) लगायत व्यापक दृष्टान्त रहने भए पनि; (UN २०००), सन् २००५ देखि २०१२ सम्म अमेरिकाका प्रकाशित केही समाचार पत्रहरूमा प्रकाशित लेखहरूको अध्ययन गर्दा सञ्चारमाध्यमले TIP र यौन बेचबिखनलाई एउटै कुरा हो भन्ने अर्थमा जोड्दछ (Virkus २०१४)।

Albright र D'Adamo (२०१७) ले अमेरिकी सञ्चारमाध्यमद्वारा मानव बेचबिखनका बारेमा प्रस्तुत गरिएको प्रभावशाली कथामा निम्न पाँच वटा तत्वलाई अवलोकन गरेका छन् (१) यौन व्यापार र यौन दासत्वलाई प्रमुख रूपमा जोड दिएर मानव बेचबिखनका सबै स्वरूपलाई प्रयाप्त नसमेटेको(२) यौन बेचबिखनको पीडित भएका युवा, गोरा, महिला पीडितहरूको थोरै विवरण; (३) तथ्यहरूको प्रतिनिधित्व जस्तोसुकै भए पनि पाठकहरूलाई आकर्षित गर्नका लागि सनसनीपूर्णताको प्रयोग; (४) बेचविखनको जड कारकका रूपमा रहेका गरिबी, विश्वव्यापीकरण, जाति, लैङ्गिक अभिव्यक्ति र लैङ्गिक पहिचानलाई नहेरेर मुद्दाको जटिलता खोज्न असफल हुनु; र (५) आपराधिक न्याय फ्रेमिङको मात्र प्रयोग, बेचविखनमा परेका मानिस जीवनको पहिले र पछिको जीवनबाट बेचविखनलाई असन्दर्भकृत गर्दछ, र मानव बेचबिखनको प्राकृतिक समाधानका रूपमा आपराधिक न्यायको प्रयोगलाई  दर्शाउँछ (Albright र D'Adamo २०१७)।

## ३.५ नेपाली सञ्चारमाध्यममा मानव बेचबिखनको चित्रण

नेपालमा गरिएका सञ्चारमाध्यम अनुसन्धानलाई लगभग पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ: प्रायः सरकारद्वारा गठन गरिएका सञ्चारमाध्यम आयोगहरूले तयार गरिका प्रतिवेदनहरू; नयाँ

सञ्चार गृह स्थापना गर्नु अघिको सम्भाव्यता अध्ययन; सञ्चारमाध्यमको सामग्री र कार्यक्रमहरूमा दर्शकहरूको प्राथमिकता पत्ता लगाउन दर्शक सर्वेक्षणहरू; सञ्चारमाध्यमको चित्रण र सञ्चारमाध्यमको प्रभावबारे अध्ययन, जसमा सञ्चारमाध्यमले दलित, जनजाति, महिला जस्ता निश्चित समूहलाई वा विकास स्वास्थ्य र हिंसा जस्ता निश्चित मुद्दाहरूलाई कसरी प्रस्तुत गरेको छ भन्ने कुरा जान्नका लागि सामग्री विश्लेषण र समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन (Maharjan, H.M. 2020)।

वैदेशिक सहायताको पारदर्शिता, सञ्चारमाध्यमको मुख्य समाचार, स्वास्थ्य, महिला विरुद्ध हुने हिंसा जस्ता विषयहरूमा सञ्चारमाध्यमको धेरै सामग्री विश्लेषण गरिएको छ (Tuladhar *et al.* २०१३; फ्रिडम फोरम २०१२; Adhikari *et al.* २०११; राष्ट्रिय महिला आयोग २०१७)। उदाहरणका लागि, छपाइ सञ्चारमाध्यममार्फत महिलाविरुद्ध हुने हिंसाका विषयमा कसरी समाचार जनतामा प्रचार गर्‍यो भन्ने कुरा पत्ता लगाउने उद्देश्यका साथ गरिएको एक अध्ययनले छपाइ सञ्चारमाध्यमले महिलासम्बन्धी मुद्दाहरूको सतही रिपोर्टिङ गर्ने गरेको पाइएको छ - जस्तै मुद्दाको गहन विश्लेषण गर्नुको सट्टा धेरै समाचारलेखहरू अन्तर्राष्ट्रिय महिला दिवस मनाउने वा लैङ्गिक हिंसा विरुद्धको १६ दिनको सक्रियताको अवधिमा सञ्चालन गरिएका गतिविधिहरूमा केन्द्रित छन् (राष्ट्रिय महिला आयोग २०१७)। तर पनि, नेपालमा TIP को मुद्दामा सञ्चारमाध्यम रिपोर्टिङको सामग्री विश्लेषणमा आधारित अध्ययनहरू धेरै दुर्लभ छन्।

स्मार्टफोन र सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै निजी र सार्वजनिक क्षेत्रहरू संयोजन भएका छन् र विभिन्न सञ्चारमाध्यम स्रोतहरू बीचको कडा प्रतिस्पर्धाको समयमा उपभोक्ताहरूको ध्यानाकर्षण गर्न र उनीहरूको संलग्नतालाई लम्ब्याउनका लागि सञ्चारमाध्यम रिपोर्टिङमा भावनालाई बढ्दो रूपमा प्रयोग गरिँदै छ (Beckett र Deuze २०१६)। तर पनि, परम्परागत रूपमा सञ्चारमाध्यमद्वारा तथ्यहरू प्रस्तुत गर्ने विचार गरिन्थ्यो र भावनालाई सञ्चारमाध्यमको वस्तुनिष्ठतामा हस्तक्षेप गर्ने कुराको रूपमा लिइन्थ्यो (Tuchman १९७२)। नेपाली सञ्चारमाध्यममा यस्ता मुद्दाहरू छन् जसमा अपराधीहरूलाई पनि परिस्थितिको पीडितका रूपमा चित्रण गर्न भावनाहरू प्रयोग गरिन्छ। उदाहरणका लागि, सन् २००३ मा *हिमाल खबर* समाचारपत्रले सन् १९९० को जनआन्दोलनमा खुट्टा गुमाएका र गम्भीर आर्थिक संकटमा परेका स्वतन्त्रता योद्धाको कथा समेटेको थियो (G.C. 2003)। सो लेखमा, उनले आफ्नो अवस्थालाई सहज बनाउनका लागि एकजना भारतीय नागरिकलाई ३०,००० रुपैयाँमा आफ्नो छोरा बेचेको कुरा स्वीकार गरे (*ibid.*)। सञ्चारमाध्यमले उनलाई मानव वेचविखन को अपराधीका रूपमा प्रस्तुत गर्नुको सट्टा मद्दतको अति आवश्यकता भएको व्यक्तिका रूपमा चित्रण गर्‍यो।

समाचार फ्रेमिङको समस्यासँगै नेपाली सञ्चार गृहको आर्थिक दिगोपन र मानव संसाधन व्यवस्थापनमा पनि प्रश्न उठ्ने गरेको छ। विज्ञापनले धान्न सक्ने क्षमताभन्दा ठूलो सङ्ख्यामा नेपाली सञ्चारमाध्यम रहनाले नेपाली सञ्चारमाध्यम र राजनीतिक दलहरूले सहकार्य गर्ने र 'ब्राउन एन्भलप जर्नलिज्म' को सम्भावना बढाउँछ जसले स्वः अवरोध निम्त्याउँदछ (Bhandari, Bhattarai र Deane २०१६)। नेपाली सञ्चारमाध्यममा मानव संसाधन व्यवस्थापनका समस्याहरूमा व्यावसायिक क्षमताको कमी, स्रोतहरूको कमी, अपर्याप्त तालिम र पत्रकारहरूको कम पारिश्रमिक हुन् (सूचना र प्रसारण विभाग २०१८; Bhandari *र अन्य* २०१६)। सञ्चार गृहसँगले पारिश्रमिक दिनु पर्ने माग राख्दै पत्रकारहरूलाई पटक-पटक धर्ना दिनु पर्ने बाध्यता छ (*दि रेकर्ड* २०२०)। यसले सामान्यतया सञ्चारमाध्यमको वातावरण र तथ्यमा आधारित नैतिक रिपोर्टिङमा संलग्न पत्रकारहरूको क्षमता र प्रोत्साहनका बारेमा प्रश्न खडा गर्छ, जसले गर्दा मानव बेचबिखन जस्ता सामाजिक समस्याहरू समाधान गर्ने तरिका फरक हुन सक्छ।

# ३. अध्ययन गरिएका सञ्चारमाध्यम रिपोर्टहरूमा मानव बेचबिखनसम्बन्धी समाचारको स्थिति

यस खण्डले मुख्यतया बेचबिखनका मार्गहरूमा भएका परिवर्तनहरू लगायत नेपालबाट हुने अन्तर्राष्ट्रिय मानव बेचबिखनसम्बन्धी समाचार लेखहरूको विश्लेषणबाट प्राप्त निष्कर्षहरूमा चर्चा गर्दछ र केही ठाउँमा मानव बेचबिखनसम्बन्धी सान्दर्भिक प्रकाशित दस्तावेजहरू पनि उल्लेख गरेको छ। समाचार लेखहरू सन् २०१६ देखि २०२० सम्मका छ वटा राष्ट्रिय समाचार सञ्चारमाध्यम स्रोतबाट सङ्कलन गरिएको थियो। तोकिएको मापदण्ड पूरा गर्ने जम्मा ४८० वटा लेखमा आधारित रहि अध्ययनको विश्लेषण गरिएको छ ।

## ४.१ समाचार लेखका विशेषताहरू

अध्ययनले लेखहरूमा निम्न कुराहरूको प्रयोग गरिएको छ कि छैन भन्ने कुराको विश्लेषण गरेको छ: श्रव्य-दृश्य तत्वहरू, जस्तै भिडियो, अडियो रेकर्डिङहरू वा लेखसँगै फोटोहरू; मानव बेचबिखनसम्बन्धी तथ्याङ्क वा आँकडा र पीडित, अपराधी, सरकारी अधिकारी, प्रहरी र अवरोधकहरू लगायत सम्बन्धित व्यक्तिहरूका भनाइहरू।

केवल ३१.७ प्रतिशत लेखहरू (४८० मध्ये १५२) मा कुनै न कुनै प्रकारका दृश्य वा श्रव्य सामग्री थिए। ती लेखहरूमा पीडित, अपराधी, अवरोध गर्ने निकाय, प्रहरी वा पीडित परिवारका चित्र/फोटोहरू समावेश थिए। निजी ब्रोडसिट दैनिकहरू (जस्तै, द काठमाडौं पोस्ट र कान्तिपुर) मा भएका घटना रिपोर्टहरूका लेखहरूमा फोटोहरू थिए भने अनलाइन पोर्टलहरूमा लेखहरू सामान्यतया अडियो र भिडियो रेकर्डिङका साथ उपलब्ध हुन्थे। समाचार लेखहरूमा हुने जटिल जानकारीलाई अक्सर आकर्षक र बुझ्ने तरिकामा प्रस्तुत गरी पाठकको ध्यान खिच्न र विविध पाठकवर्गलाई बुझाउनको लागि फोटो, इन्फोग्राफिक्स र भिडियोहरू जस्ता माध्यम प्रयोग गरिएको हुनसक्छ ।

# तालिका ४.१ समाचार लेखहरूमा श्रव्य-दृश्य सामग्री र तथ्याङ्कको प्रयोग

| वर्ष | श्रव्य-दृश्य सामग्री प्रयोग गर्ने लेखहरू (%) | सहायक तथ्याङ्क प्रयोग गर्ने लेखहरू (%) | कुल अध्ययन गरिएका लेखहरू (n) |
|---|---|---|---|
| २०१६ | २०.० | ६६.३ | ८० |
| २०१७ | २७.५ | ४५.१ | ९१ |
| २०१८ | २१.७ | ३९.१ | ११५ |
| २०१९ | ४८.२ | ३८.७ | १३७ |
| २०२० | ३५.१ | ३५.१ | ५७ |
| **जम्मा** | **३१.७** | **४४.२** | **४८०** |

स्रोत: लेखकहरुको आफ्नै।

अध्ययनमा समावेश गरिएका समाचार लेखहरूको आधाभन्दा कम (४४.२ प्रतिशत) मा सहायक तथ्याङ्क र आँकडा प्रयोग गरिएको थियो। धेरैजसो तथ्याङ्क र आँकडा निश्चित अवधिका (जस्तै - एक वर्ष) मानव बेचबिखनका घटनाहरूसँग सम्बन्धित थिए। कतिपय तथ्याङ्क र आँकडा निश्चित अवधिमा तोकिएको मार्ग वा सीमा नाकाबाट कति पटक मानव बेचबिखन भएका छन् भन्नेसँग पनि सम्बन्धित थिए। लेखहरूमा समेटिएका तथ्याङ्क र आँकडा प्रहरी प्रतिवेदन, नेपालमा मानव बेचबिखन विरुद्धको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरू (NGOs) को प्रकाशन र सरकारद्वारा प्रकाशित रिपोर्टहरू जस्ता स्रोतहरूबाट उद्धृत गरिएका थिए।

विभिन्न स्रोतहरूबाट तथ्याङ्क प्रयोग गर्ने प्रवृत्तिले संवाददाताहरूले सुचनाहरुको सत्यता जाच गर्ने र विस्तृत रुपमा प्रस्तुत गर्नमा जोड दिएको सङ्केत गर्छ। तर पनि, संवाददाताहरू त्यसो गर्न बढ्दो रूपमा अनिच्छुक हुँदै गएको देखिन्छ। अध्ययनमा समेटिएको पाँच वर्षको अवधिबिचका मानव बेचबिखनसम्बन्धी समाचार लेखहरूमा दोस्रो स्रोतहरूबाट प्राप्त अप्रत्यक्ष तथ्याङ्कको प्रयोगमा भिन्नता देखिएको छ: जबकि सन् २०१६ मा ६६.३ प्रतिशत लेखहरूले अप्रत्यक्ष तथ्याङ्कको प्रयोग गरेका थिए भने सन् २०२० मा ३५.१ प्रतिशत लेखले मात्र त्यस्तै गरे। तथापि, समाचार लेखहरूमा चित्र र इन्फोग्राफिक्स जस्ता सामग्रीको प्रयोगको सन्दर्भमा समग्रमा सकारात्मक प्रवृत्ति थियो: जबकि सन् २०१६ मा केवल २० प्रतिशत लेखहरूले ग्राफिक मिडिया प्रयोग गरेका थिए, सन् २०१९ मा लगभग आधा लेखहरू (४८.२ प्रतिशत) लेखहरूले र सन् २०२० मा ३५.१ प्रतिशतले त्यसो गरेका थिए।

समाचार लेखहरूमा उद्धरणहरू सामान्यतया प्रयोग गरिएको पाइयो। अध्ययनमा समावेश गरिएका दुई तिहाइ (६७.३ प्रतिशत) लेखहरूमा एक वा सोभन्दा बढी उद्धरणहरू प्रयोग गरिएको पाइयो। तिनीहरूमध्ये अधिकांशले सीमा नाकामा तैनाथ प्रहरी अधिकृत, जिल्ला प्रहरी कार्यालयका प्रहरी अधिकृत, अवरोध गर्ने संस्था र तिनका शाखाका कर्मचारी, मानव बेचबिखनमा परेका पीडित र अन्य सरकारी अधिकारीहरूलाई उद्धृत गरेका छन्। धेरैजसो लेखहरूमा एक भन्दा बढी स्रोतका उद्धरणहरू समावेश थिए। माइती नेपाल, KIN नेपाल, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल

(APF) का अधिकारीहरूलाई पटक-पटक रिपोर्टहरूमा उद्धृत गरिएको थियो। अध्ययनका लागि अन्तर्वार्ता दिएका धेरैजसो संवाददाता र सम्पादकहरूले नेपालबाट हुने मानव बेचबिखनसम्बन्धी धेरैजसो समाचार रिपोर्टहरू प्रहरीद्वारा जारी गरिएका प्रेस विज्ञप्तिहरू वा मानव बेचबिखन विरुद्धमा कार्यरत संस्थाहरूले पत्रकारहरूलाई प्रदान गरेको जानकारीमा आधारित रहेको कुरा बताएका छन्। यसले प्रहरी र मानव बेचबिखन विरुद्धमा कार्यरत संस्थाहरूलाई समाचार रिपोर्टहरूमा पटक-पटक किन उद्धृत गरिन्छ भनेर व्याख्या गर्न सक्छ।

## ४.२ रिपोर्ट गरिएका पीडितका विशेषताहरू

मानव बेचबिखनका समाचारहरूको विश्लेषण गरि गरिएका अध्ययनहरूले समाचारहरुमा अधिकांस रुपमा महिलाहरूलाई पीडितको रूपमा चित्रण गर्ने गरिएको कुरा देखाउछ (Sanford et al. २०१६)। सन् २०१२ र २०१३ मा दि न्यूयोर्क टाइम्स र दि वासिङ्गटन पोस्ट मा प्रकाशित समाचारपत्र लेखहरूको सामग्री विश्लेषणले यौन बेचबिखनबारे लेखिएका लेखहरूले मुख्य रूपमा महिला पीडितहरू उल्लेख गरेको र यौन र श्रम बेचबिखन दुवैमा केन्द्रित रहेको अधिकांश लेखहरूमा पुरुष र महिला दुवै पीडित भएको उल्लेख गरेको पाएको छ (ibid.)।

यस अध्ययनमा समेटिएका समाचार लेखहरूमा पीडितहरूको रिपोर्ट गरिएको बारे विश्लेषणबाट दुई तिहाइ लेख (३३१ लेख वा ६९ प्रतिशत) ले नेपालबाट मानव बेचबिखनमा परेको भनिएका[13] पीडितहरूको लिङ्ग खुलासा गरेको पाइएको छ। रिपोर्ट गरिएका पीडितहरूको लिङ्ग खुलासा गर्ने लेखहरूमध्ये पुरुष पीडितहरू (२०.८ प्रतिशत) को तुलनामा महिला पीडितहरूको रिपोर्टिङ (६८.३ प्रतिशत) तीन गुणा बढी थियो।

## तालिका ४.२ रिपोर्ट गरिएका पीडितहरूको लिङ्ग

| लिङ्ग | बारम्बारता | % |
|---|---|---|
| महिला | २२६ | ६८.३ |
| पुरुष | ६९ | २०.८ |
| दुवै लिङ्ग | ३६ | १०.९ |
| **तथा** आरोपीत **पीडितहरूको लिङ्गबारे रिपोर्ट गर्ने कुल लेखहरू** | **३३१** | **१००.०** |

स्रोत: लेखकहरुको आफ्नै।

[13] नेपालको फौजदारी न्याय प्रणालीले 'अपराधी' र 'पीडित' भनी पहिचान नगरेको हुनाले यस अध्ययनमा अपराधी र पीडित दुवैलाई जनाउन 'आरोपित', 'कथित' वा 'रिपोर्ट गरिएको' शब्दहरू प्रयोग गरिएको छ, समाचार लेखहरूमा उनीहरूलाई त्यसरी छुट्याउने शब्द प्रयोग नगरी वर्णन गरिएको थियो।

अध्ययनका निष्कर्षहरू नेपाल प्रहरीको सन् २०१८/१९-२०२०/२१ को रेकर्डसँग तुलना गर्न सकिन्छ, जसले बेचबिखन पीडितहरूमा महिलाहरूको बाहुल्यता भएको देखाउँदछ भने पुरुषहरू १२.६ प्रतिशत मात्र भएको देखाउँदछ (AHTB २०२१)।

तर पनि, नेपालमा विद्यमान कानुनी प्रणालीमा रहेका कमी र सीमितताहरूले सम्भावित रूपमा पुरुष कामदारहरू हावी हुने श्रम आप्रवासनसँग सम्बन्धित मानव बेचबिखनका विभिन्न घटनाहरूको पहिचान, प्रलेखिकरण र अनुसन्धानलाई असर गरेको हुन सक्छ भन्ने कुरामा ध्यान दिनुपर्छ। पालेर्मो प्रोटोकलको कार्यादेशले जस्तो मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) न (HTTCA) २००७[14] र वैदेशिक रोजगार ऐन (FEA) २००७ ले[15] श्रम शोषणलाई मानव बेचबिखनसँग जोड्दैन: HTTCA २००७ ले श्रम शोषणलाई मानव बेचबिखनको उद्देश्यका रूपमा समावेश गर्दैन (NHRC २०१९) र FEA २००७ ले श्रम शोषण, धोका र पारिश्रमिक नदिने कार्यलाई श्रम मापदण्डको उल्लङ्घन र रोजगारी सम्झौताको उल्लङ्घन मात्र मान्दछ र मानव बेचबिखन कार्य मान्दैन।

प्रायः श्रम बेचबिखनसँग मिल्दोजुल्दो हुने श्रमसँग सम्बन्धित ठगीका धेरैजसो घटनाहरू FEA 2007 अन्तर्गत व्यवस्थापन गरिन्छ। मानव बेचबिखनसम्बन्धी मुद्दाहरूको अनुसन्धान र उन्मूलन गर्न सन् 2019 मा नेपाल प्रहरीअन्तर्गत स्थापना भएको AHTB मा वैदेशिक रोजगारीको आवरणमा हुने मानव ओसारपसारका मुद्दाहरू पठाइँदैन वा यस्ता मुद्दाहरु वैदेशिक रोजगार विभाग (DoFE) को क्षेत्राधिकारमा पर्ने कारणले वैदेशिक रोजगारसम्बन्धी मुद्दाहरूलाई हेर्रिँदैन। तसर्थ, मानव बेचबिखनसँग सम्बन्धित घटनाहरूमा पुरुष पीडितहरूको कम प्रतिनिधित्व हुने बढी सम्भावना छ। सन् २००८/०९ र २०१८/१९ बीच वैदेशिक रोजगारीका लागि जारी गरिएको कुल श्रम स्वीकृतिको झन्डै ९५ प्रतिशत पुरुष आप्रवासी कामदारहरू रहेकोमा श्रम आप्रवासनको आडमा हुने मानव बेचबिखनमा मुख्य रूपमा पुरुष रहेका छन् (MoLESS 2020)। यस्ता मुद्दाहरुलाई DoFE मा पठाई वैदेशिक रोजगारसम्बन्धी ठगीको रूपमा कारवाही गरिन्छ (थापा र अन्य, आवश्यक परेको खण्डमा उपलब्ध)।

नेपालका प्रहरी र मानव बेचबिखन विरुद्धमा कार्यरत संस्थाहरूले पुरुष 'अभिभावक' विना स्वतन्त्र महिला कामदारहरूलाई सीमा पार गरेर भारत जानबाट रोक्ने र पुरुष कामदारहरूलाई स्वतन्त्र आवतजावत गर्न दिने प्रवृतिले गर्दा पनि महिला 'पीडितहरू' प्रति पूर्वाग्रह भएको हुन सक्छ। यसरी सीमामा भएको कुनै पनि रोकावटलाई संस्थाहरूद्वारा सार्वजनिक गर्ने र त्यसपछि नेपालबाट हुने मानव बेचबिखनको सफल रोकथामका रूपमा समाचार पत्रहरूमा रिपोर्टिङ गर्ने गरिन्छ, यद्यपि 'पीडितहरू'ले त्यस्तो रोकलाई उनीहरूको श्रम आप्रवासनमा सहभागी हुने अधिकारको हनन भएको मानेका धेरै उदाहरणहरू छन् (Kharel 2016)।

---

[14] मानव बेचबिखन र ओसारपसार (नियन्त्रण) ऐन २००७को बमोजिमः "कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछः (क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने , (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानून बमोजम बाहेक मानिसको अङ्ग झिक्ने, (घ) वेश्यागमन गर्ने । कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछः (क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) वेश्यावृत्ति मा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी , झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई , जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी , नाजुक स्थितिको फाइदा लिई , बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफू साँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने।"

[15] अन्तर्राष्ट्रिय संगठित अपराधविरुद्ध संयुक्त राष्ट्र संघको महासन्धिको पूरकका रूपमा रहेको मानव वेचविखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन रोकथाम गर्ने, निर्मूल गर्ने र सजाय दिने प्रोटोकल UN DOC.A/५३/३८३ (२०००)

समाचार लेखहरूको विश्लेषणको क्रममा, जाति/जातीयता वर्गलाई समाचार रिपोर्टहरूमा उल्लेख गरिएका आरोपीत पीडित र अपराधीहरूको थरका आधारमा कोड गरिएको थियो।16 अध्ययनका लागि समीक्षा गरिएका लेखहरू (९३ वटा लेख) मध्ये पाँचको एक भाग जतिमा मात्रै बेचबिखनका पीडितहरूको जाति र जातीयता उल्लेख गरिएको थियो। नेपालमा सञ्चारमाध्यमलाई नियमन गर्ने विभिन्न कानुनी साधनहरूले पीडितहरूको पहिचान खुलासा गर्नबाट समाचार सञ्चारमाध्यमलाई रोक लगाएको कारणले गर्दा आरोपीत पीडितहरूको जात र जातिको रिपोर्टिङको दर न्यून भएको हुन सक्छ (नेपालको सञ्चारमाध्यम वातावरणका बारेमा थप जानकारीका लागि खण्ड ३.१ हेर्नुहोस्)। रिपोर्ट गरिएका पीडितहरूमध्ये पहाडी जनजाति समूह शीर्ष स्थानमा रहेको पाइयो भने त्यसपछि पहाडी जाति समूह र पहाडी दलित समूह रहेको पाइयो (तालिका ४.३)।[17] NHRC को रिपोर्टमा सन् २०१३ देखि २०१५ सम्मको अवधिमा पनि त्यस्तै बेचबिखन प्रवृत्ति पहिचान गरिएको थियो, जसमा रिपोर्ट गरिएका पीडितहरूमध्ये पहाडी जनजाति (५६ प्रतिशत) र दलित (२१ प्रतिशत) को उच्च दर देखाइएको थियो (NHRC २०१६)।

## तालिका ४.३ रिपोर्ट गरिएका पीडितहरूको जाति/जातीयता

| जाति/जातीयता | बारम्बारता | समाचार लेखहरूमा उल्लेख गरिएको प्रतिशत (%) | कुल जनसङ्ख्याको प्रतिशत (%)* |
|---|---|---|---|
| पहाडी जनजाति | ५८ | ६२.४ | २७.३ |
| पहाडी जाति | ३४ | ३६.६ | ३१.२ |
| पहाडी दलित | २३ | २४.७ | ८.१ |
| तराई जाति | ९ | ९.७ | १५.३ |
| तराई जनजाति | ९ | ९.७ | ७.७ |
| तराई दलित | ३ | ३.२ | ४.५ |
| मुसल्मान | १ | १.१ | ४.४ |
| विदेशीहरू | २ | २.२ | >०.१ |
| बहु-प्रतिक्रियाहरू; n=९३ | | | |

स्रोत: लेखकहरुको आफ्नै, परियोजनाको तथ्याङ्क र CBS (२०१४) मा आधारित। (*CBS 2014)

16 एकभन्दा बढी जात/जाति समूहहरूमा थरहरू एउटै भएकाले केही थरहरू गलत रूपमा उल्लेख भएको हुन सक्ने सम्भावना छ। तर पनि, त्यस्ता थरहरू कुल थरको सानो अंश मात्र हुन्। यस प्रकारको अध्ययनका लागि, अनुसन्धान टोलीले प्रत्येक दुविधाजनक थरलाई सम्बन्धित व्यक्तिसँग प्रमाणित गरेको अवस्थामा बाहेक यस्ता त्रुटि हुने सम्भावनाबाट बच्न सम्भव छैन र यस प्रकारको अध्ययनका लागि यो असम्भव कार्य हो ।

17 अध्ययनमा प्रयोग गरिएको जाति र जातीयता वर्गीकरणका बारेमा थप विस्तृत जानकारीका लागि अनुसूची १० हेर्नुहोस्।

रिपोर्ट गरिएका पीडितहरूमध्ये पहाडी जनजाति र पहाडी दलितको दर असमान रूपमा उच्च थियो; मुलुकको कुल जनसङ्ख्यामा उनीहरूको हिस्सा क्रमशः २७.३ प्रतिशत र ८.१ प्रतिशत रहेको छ (CBS २०१४)।[18]

दलित र जनजाति नेपालका सामाजिक रूपमा सबैभन्दा धेरै सीमान्तकृत समूहहरूमध्येमा पर्छन् भन्ने कुरामा पनि ध्यान दिनुपर्छ (ADB २०००)।नेपालको जाति र जातीय समूहहरूमध्ये पहाडी र तराईका दलितहरू मानव विकास सूचकांकमा सबैभन्दा तल्लो स्थानमा छन् (नेपाल सरकार र UNDP २०१४),[19] र राष्ट्रिय गरिबीको रेखामुनि बस्ने जनसङ्ख्याको अनुपात अन्य जाति र जातीय समूहहरूको तुलनामा पहाडी दलितहरू र तराईका दलितहरूको उल्लेखनीय रूपमा उच्च छ (नेपाल सरकार र UNDP २०१४; सिबिएस CBS २०११)।

यसबाहेक, खण्ड ४.६ मा छलफल गरिएअनुसार, श्रम बेचबिखनले नेपालमा बेचबिखनका घटनाहरूको ठूलो हिस्सा ओगटेको छ। नेपालबाट हुने अन्तर्राष्ट्रिय श्रम आप्रवासनमा पहाडी जनजाति र पहाडी दलितसँगै पहाडी जातिहरूको पनि बाहुल्य रहेको छ।[20] तर पनि, पहाडी दलित र तराई दलित सीमित सामाजिक आर्थिक स्रोतहरूका कारणले गर्दा कामको सिलसिलामा अन्य मुलुकभन्दा बढी भारतमा जाने गर्छन् (Sharma *et al.* २०१४)।

एक तिहाइ लेखहरू (३७.७ प्रतिशत) मा कथित पीडितहरूको नेपालस्थित उद्गम जिल्ला उल्लेख गरिएको थियो। पीडितहरूको उद्गम  नेपालभर भए तापनि लेखहरूमा उल्लेख गरिएका जिल्लाहरूमध्ये मोरङ, झापा, दाङ र सिन्धुपाल्चोक शीर्ष चार जिल्लामा परेका थिए (चित्र ४.१)। शीर्ष दश वटा उद्गम जिल्लामध्ये छ वटा भारतसँग सीमा जोडिएका छन्। शीर्ष स्थानमा रहेका धेरैजसो जिल्लाहरू नेपालबाट धेरै महिला श्रम प्रवासन हुने जिल्लाहरू पनि हुन्, यसले श्रम आप्रवासन र मानव बेचबिखनबीचको सम्बन्धलाई सङ्केत गर्दछ। वैदेशिक रोजगारका लागि महिला कामदारहरूलाई जारी गरिएका श्रम स्वीकृतिको सङ्ख्याअनुसार, झापा, सिन्धुपाल्चोक, मकवानपुर, मोरङ, काठमाडौं, काभ्रेपलाञ्चोक, इलाम, नुवाकोट, सुनसरी र चितवन शीर्ष स्थानमा छन् (MoLESS २०२०)।

विश्लेषण गरिएका लेखहरूबाट उद्गम जिल्लाहरूका बारेमा प्राप्त यी निष्कर्षहरू विभिन्न वार्षिक प्रतिवेदनका उल्लेख गरिएका तथ्याङ्कसँग मिल्दोजुल्दो छन् । अपराध अनुसन्धान विभाग (CID) को वार्षिक रिपोर्टअनुसार सन् २०१८/१९ मा मानव बेचबिखन विरुद्ध दर्ता भएका मुद्दामध्ये ५५ प्रतिशतभन्दा बढी यी दश वटा जिल्लाबाट थिए: काठमाडौं, कैलाली, रुपन्देही, झापा, कञ्चनपुर, सुनसरी, मोरङ, पश्चिम नवलपरासी, इलाम र पर्सा (Hamal २०१९)। राष्ट्रिय मानव अधिकार आयोग (NHRC) को अध्ययनले सन् २०१३ र सन् २०१५ को बीचमा बेचबिखनका अधिकांश घटनामा झापा, मोरङ, कास्की, बाँके र सिन्धुपाल्चोक जिल्लाका व्यक्तिहरू संलग्न रहेको देखाएको छ (NHRC 2016)।


---

18 यस अध्ययनमा प्रयोग गरिएको जाति र जातीयता वर्गीकरणका बारेमा थप विस्तृत जानकारीका लागि अनुसूची १० हेर्नुहोस्।

19 मानव विकास सूचकांक (HDI) मानव विकासको तीन आधारभूत आयामहरू, दीर्घ एवं स्वस्थ जीवन, ज्ञान र सभ्य जीवनस्तरमा भएको औसत उपलब्धि मापन गर्ने समग्र सूचकांक हो

20 नेपाल श्रम शक्ति सर्वेक्षण २०१७/१८ बाट निकालिएको प्राथमिक तथ्याङ्कको गणनाका आधारमा अन्तर्राष्ट्रिय आप्रवासीहरूले आप्रवासन गर्नुको कारण सेवा/जागिर वा रोजगारको खोजी थियो। विश्लेषणअनुसार, नेपालका  श्रम आप्रवासीमध्ये ३३.८ प्रतिशत पहाडी जातिका रहेका छन्, त्यसैगरी पहाडी जनजाति (२५.४ प्रतिशत) र पहाडी दलित (१२.२ प्रतिशत) छन्।

# चित्र ४.१ रिपोर्ट गरिएका पीडितहरूको उद्गम जिल्ला




नोट: सन् २०१६ देखि २०२० सम्म कथित पीडितहरूको स्रोत जिल्लाका वार्षिक प्रवृतिका लागि अनुसूची ९ हेर्नुहोस्।

स्रोत: सोसल साइन्स बहा, नेपालका लागि NAXA द्वारा बनाइएको © मानचित्रण। अनुमति लिएर प्रतिलिपि प्रस्तुत गरिएको।

## ४.३ रिपोर्ट गरिएका अपराधीका विशेषताहरू

आधाभन्दा धेरै लेखहरू (५४.४ प्रतिशत; n=२६१) मा आरोपीत अपराधीहरू उल्लेख गरिएका छन्। आरोपीत अपराधीहरू उल्लेख गरिएका लेखहरूमध्ये ६९.३ प्रतिशतले उनीहरूको नाम खुलासा गरेका छन् भने ७८.९ प्रतिशतले उनीहरूको लिङ्ग पहिचान गरेका छन्।

रिपोर्ट गरिएका धेरैजसो अपराधी (६९.९ प्रतिशत) पुरुष थिए। २४ वटा लेखमा मात्रै आरोपीत महिला अपराधीहरूको रिपोर्ट गरिएको थियो भने अर्को ३८ वटा लेखमा पुरुष र महिला दुवैको रिपोर्ट गरिएको थियो।

## तालिका ४.४ रिपोर्ट गरिएका अपराधीहरूको लिङ्ग

| **लिङ्ग** | **सङ्ख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| पुरुष | १४४ | ६९.९ |
| महिला | २४ | ११.७ |
| दुवै लिङ्ग | ३८ | १८.४ |
| **जम्मा** | **२०६** | **१००.०** |

स्रोत: लेखकहरुको आफ्नै।

नेपालमा बेचबिखनका धेरैजसो घटनाहरू प्रायः पुरुष अपराधीहरूले महिला र युवतीहरूलाई अन्ततः मुम्बईको वेश्यालयमा बेच्ने उद्देश्यले महिला र युवतीहरूलाई विवाहको प्रस्ताव वा सहरमा राम्रो जीवनयापनको वाचा गरी कुरा अघि बढाउने सँग जोडिएका हुन्छन् (NHRC 2018)। प्रकाशित लेखहरूको तुलनामा, नेपाल प्रहरीको अभिलेखले मानव बेचबिखनका घटनाहरूमा महिला अपराधीहरूको दर अलिकति उच्च देखाएको छ: नेपाल प्रहरीले सन् २०१८/१९ र २०२०/२१ बीच दायर गरेका बेचबिखनका मुद्दाहरूमा आरोपीत महिला अपराधीहरूको सङ्ख्या २७.५ प्रतिशत रहेको छ (AHTB २०२१)।

एक तिहाइभन्दा बढी (३७.१ प्रतिशत) लेखहरूले आरोपीत अपराधीहरूको जात/जातीयता खुलासा गरेका छन्। लेखहरूबाट जाति/जातीयता वर्गलाई समाचार रिपोर्टहरूमा उल्लेख गरिएका पीडित र अपराधीहरूको थरका आधारमा कोड गरिएको थियो। लगभग दुई तिहाई लेख (६२.९ प्रतिशत) मा आरोपीत अपराधीहरूको नाम वा थर उल्लेख गरिएको थिएन। केही रिपोर्टहरूमा, उनीहरूको नाम उल्लेख गरिए पनि, आरोपीत अपराधीहरूको नाम या त गुमनाम राखिएको थियो वा उनीहरूको पहिचान लुकाउनका लागि उनीहरूको पहिलो नाम मात्र उल्लेख गरिएको थियो। त्यसैले, यस्ता समाचार रिपोर्टहरूमा अपराधीहरूको जाति/जातीयता पहिचान हुन सकेको छैन। आरोपीत अपराधीहरूको जाति/जातीयता उल्लेख गर्ने समाचार रिपोर्टहरूमध्ये पहाडी जनजाति शीर्ष स्थानमा थिए भने त्यसपछि पहाडी जाति र पहाडी दलित थिए (तालिका ४.५)।

## तालिका ४.५ रिपोर्ट गरिएका 'आरोपीत' अपराधीहरूको जाति/जातीयता

| जाति/जातीयता | सङ्ख्या | समाचार लेखहरूमा उल्लेख गरिएको प्रतिशत (%) | कुल जनसङ्ख्याको प्रतिशत (%) (CBS 2014) |
|---|---|---|---|
| पहाडी जनजाति | ८४ | ४७.२ | २७.३ |
| पहाडी जाति | ६७ | ३७.६ | ३१.२ |
| पहाडी दलित | ३२ | १८.० | ८.१ |
| मुसल्मान | ११ | ६.२ | ४.४ |
| तराई जनजाति | ८ | ४.५ | ७.७ |
| तराई जाति | ७ | ३.९ | १५.३ |
| तराई दलित | १ | ०.६ | ४.५ |
| विदेशीहरू | १२ | ६.७ | >०.१ |
| बहु-प्रतिक्रियाहरू; n=१७८. | | | |

स्रोत: लेखकहरुको आफ्नै, परियोजनाको तथ्याङ्क र CBS (2014) मा आधारित।

यी तीन जाति र जातीय समूहहरू पनि समाचार लेखहरूमा रिपोर्ट गरिएका कथित पीडितहरूमा समान क्रममा शीर्ष स्थानमा छन् (तालिका ४.३)। नेपालबाट कामको सिलसिलमा आप्रवासन गर्ने कामदारहरूमा पहाडी जाति, पहाडी जनजाति र पहाडी दलित समूहहरू पनि शीर्ष स्थानमा छन्।[21]

आरोपित पीडितहरूको जात/जातिमा जस्तै, समाचार लेखहरूमा आरोपित पीडकहरूमा पहाडी जनजाति र पहाडी दलितहरूको असमान रूपमा बढी अंश थियो, जबकि पहाडी जातिहरूको दर नेपाली जनसङ्ख्यासँग समान अनुपातमा थियो।

राष्ट्रिय मानव अधिकार आयोग (NHRC) को रिपोर्टले सन् २०१३ देखि २०१५ सम्मको अवधिमा मानव बेचबिखनका आरोपीत अपराधीहरू मुख्यतया पुरुष, युवा, अशिक्षित वा केही वर्ष विद्‌ध्यालयमा पढेका र कम आम्दानी हुने आर्थिक गतिविधिहरूमा संलग्न रहेको उल्लेख गरेको छ। सोही रिपोर्टमा निम्न जाति/जातीयता समूहहरूबाट आरोपीत अपराधीहरूको उच्चतम दर पनि फेला पार्न सकिन्छ: जनजाति (पहाडी), ब्राह्मण/क्षेत्री (पहाडी जाति), दलित (पहाडी) र मधेसी (तराई जाति र जनजाति) (NHRC २०१६)।

21 नेपाल श्रम शक्ति सर्वेक्षण २०१७/१८ बाट निकालिएको प्राथमिक तथ्याङ्कको गणनाका आधारमा अन्तर्राष्ट्रिय आप्रवासीहरू आप्रवासन गर्नुको कारण सेवा/जागिर वा रोजगारको खोजी थियो। विश्लेषणअनुसार, नेपालबाट आएका श्रम आप्रवासीमध्ये ३३.८ प्रतिशत पहाडी जातिका रहेका छन्, त्यसैगरी पहाडी जनजाति (२५.४ प्रतिशत) र पहाडी दलित (१२.२ प्रतिशत) छन्।

आरोपित अपराधीहरूको पहिचान गर्ने अनुभवका बारेमा सोध्दा, अध्ययनका लागि अन्तर्वार्ता लिएका अधिकांश संवाददाताहरूले आरोपित अपराधीहरूको पहिचान गर्न र उनीहरूका बारेमा समाचारपत्रका रिपोर्टहरूमा लेख्न विभिन्न कारणले चुनौतीपूर्ण रहेको बताए। धेरैजसो अपराधीहरू फरार भएकाले उनीहरूलाई सजिलै पहिचान गर्न नसकिने बताए। संवाददाताहरुको बमोजिम अनुसन्धान वा न्यायिक सुनुवाईमा रहेका आरोपित अपराधीहरूलाई सजिलै सम्पर्क गर्न नसकिने हुन्छ र भरपर्दो स्रोत उपलब्ध भएमा मात्र उनीहरूसँग कुराकानी गर्न सकिन्छ। संवाददाताहरुले उनीहरू दोषी प्रमाणित नभएसम्म समाचार रिपोर्टहरूमा स्पष्ट रूपमा अपराधीहरूको नाम लेख्न धेरै गाह्रो भएको कुरा पनि उल्लेख गरे। संवाददाता (R3) ले[22] यसप्रकार उल्लेख गरे :

> *हामी हाम्रो वरपर जताततै बचेकाहरू (बेचबिखनमा परि बचेका पिडितहरू) भेट्टाउँछौँ।र हामी, सञ्चारमाध्यमका मानिसहरू सजिलो जानकारीमा भर पर्छौं । अपराधीहरूको हुन् भनेर पत्ता लगाउन हामीसँग पहुँच छैन। प्रहरीले पनि सहयोग गर्दैन। र कहिलेकाहीँ आरोपीत अपराधीहरूका बारेमा रिपोर्ट गर्दा, हामीलाई दोषी प्रमाणित नभएसम्म उनीहरूलाई उद्धृत गर्न गाह्रो हुन्छ।*[23]

केही संवाददाताहरूले अखबारका रिपोर्टहरूमा  लेख्नका लागि अपराधीहरूको पहिचान गर्न धेरै समय र ऊर्जा लाग्ने कुरामा जोड दिए। उनीहरूले एउटै कथामा निरन्तर ध्यान केन्द्रित गर्न र लामो समयसम्म एउटै मुद्दाको अनुसन्धान गर्न व्यावहारिक रूपमा सम्भव नभएको बताए। उनीहरूले हरेक दिन नयाँ कथाहरूमा आफ्नो ध्यान केन्द्रित गर्न आवश्यक पर्ने बताए।

## ४.४ अवरोधकहरूको रिपोर्टिङ

नेपालबाट हुने बेचबिखनको अनुगमन र रोकथामका लागि सरकारी निकाय, प्रहरी बल, गैरसरकारी संस्था र अभियानकर्ताहरू जस्ता विभिन्न व्यक्ति र संस्थाहरू छन्। उनीहरू आफैं वा उनीहरूका प्रतिनिधिहरू मुख्यतया सीमाना र बहिर्गमनका ठाउँ (नाका)हरूमा बसेका हुन्छन् र धेरै पटक मानव बेचबिखन हुनबाट रोकथाम गर्छन् (Thapa et al., आवश्यक परेको खण्डमा उपलब्ध)। यी अवरोधकहरूलाई प्रायः प्रेस विज्ञप्ति, सञ्चारमाध्यम रिपोर्टहरू र राष्ट्रिय रिपोर्टहरूमा TIP का बारेमा जानकारी र तथ्याङ्कको स्रोतका रूपमा उद्धृत गरिन्छ। खण्ड ४.१ मा छलफल गरिएअनुसार, सञ्चारमाध्यम लेखहरूले अवरोधकहरू, विशेषगरी नेपाल प्रहरी र मानव बेचबिखन विरुद्धमा कार्यरत संस्थाहरुद्वारा उपलब्ध गराइएका द्वितियक तथ्याङ्कहरू प्रयोग गर्छन्।

प्रारम्भिक अध्यायमा चर्चा गरिएअनुसार नेपाल र भारतबीचको खुला सीमाना तस्कर र पीडितहरूका लागि प्रमुख नाका हो। सीमावर्ती नाकाहरूमा तस्कर र पीडितहरूलाई रोक्न, पहिचान गर्न र पक्राउ गर्न विभिन्न अवरोधकहरूले सहयोग गर्दै आएका छन्। यसमा माइती नेपाल, शक्ति समूह र KIN नेपाल जस्ता गैरसरकारी संस्थाहरू साथै सीमा प्रहरी समावेश छन्; उदाहरणका लागि, नेपालमा APF र भारतमा सशस्त्र सीमा बल (SSB) 'मानव बेचबिखन अवरोधमा प्रायः पहिलो प्रतिक्रियाकर्ताहरू' हुन् (Betteridge-Moes २०२०; Thapa et al., प्रकाशित हुने प्रक्रियामा रहेको)।

22 अध्ययनका लागि अन्तर्वार्ता लिइएका नमुना समाचार पत्रका संवाददाता र सम्पादकहरूको पहिचान नखुलोस् भनेर परिवर्तित नाम राखिएको छ ।

23 संवाददातासँगको अन्तर्वार्ता, २१ अक्टोबर २०२१.

हालको अध्ययनले अध्ययनका लागि नमुना लिइएका लेखहरूमा रिपोर्ट गरिएका विभिन्न अवरोधकहरूको पनि विश्लेषण गर्‍यो। धेरैजसो लेखहरू (४८० मध्ये २७३) ले रिपोर्टिङमा अवरोधकहरू पहिचान गरेको पाइयो। नेपाल प्रहरी सबैभन्दा प्रमुख अवरोधक रहेको पाइयो, त्यसपछि गैरसरकारी संस्थाहरू (NGOs) र नेपालका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (NGOs), विशेषगरी माइती नेपाल पनि मुख्य अवरोधकका रुपमा रहेका छन्।

## तालिका ४.६ नमुना समाचार लेखहरूमा रिपोर्ट गरिएका अवरोधकहरू

| **अवरोधक** | **सङ्ख्या** | |
|---|---|---|
| नेपाल प्रहरी/APF | ९७ | ३५.५ |
| NGO/INGO[24] | ९६ | ३५.२ |
| सरकार | ५८ | २१.२ |
| ट्रान्जिट/गन्तव्य मुलुकको प्रहरी | ४७ | १७.२ |
| ट्रान्जिट/गन्तव्य मुलुकको सरकार | २७ | ९.९ |
| नागरिक समाज/समुदाय | ११ | ४.० |
| अन्तरसरकारी संगठन | ३ | १.१ |
| ट्रान्जिट/गन्तव्य मुलुकको गैरसरकारी संस्था (NGO) | ४ | १.५ |
| बहु-प्रतिक्रियाहरू; n=२७३. | | |

नोट: INGO = अन्तर्राष्ट्रिय NGO ।
स्रोत: लेखकहरुको आफ्नै, परियोजनाको तथ्याङ्क र CBS (२०१४) मा आधारित।

विभिन्न सरकारी निकाय, नेपाली दूतावास र गैरआवासीय नेपाली संघको विभिन्न देशमा रहेका संगठन जस्ता नागरिक समाज संगठनहरू (CSOs) लाई पनि धेरै लेखहरूमा अवरोधकका रूपमा उद्धृत गरिएको थियो।अन्य अवरोधकहरूमा ट्रान्जिट र गन्तव्य मुलुकहरूका प्रहरी र सरकारी निकायहरू रहेका थिए।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (APF) ले सम्भावित तस्करहरू र बेचबिखनका पीडितहरू लगायत सबै शंकास्पद यात्रुहरूको निगरानी र निरीक्षणका लागि सीमा नाकाहरूमा विशेष चौकी

24 अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (INGOs) सँग सम्बन्धित तीन वटा समाचार लेख थिए र तीनवटै घटनामा अन्तराष्ट्रिय आप्रवासन संस्था (IOM) नेपाली आप्रवासी कामदारको उद्धारमा संलग्न रहेको रिपोर्ट आएको थियो।

राखेका छन्। शायद यसले उनीहरूलाई सीमा नाकाहरूबाट हुने बेचबिखनका घटनाहरूमा अवरोधकका रूपमा किन पटक-पटक रिपोर्ट गरिन्छ भन्ने बारेमा व्याख्या गर्न सक्छ।

अवरोधकका रूपमा उल्लेख गरिएका मानव बेचबिखन विरुद्धमा कार्यरत संस्थाहरूमध्ये माइती नेपाललाई सबैभन्दा धेरै पटक उल्लेख गरिएको थियो। माइती नेपालले नेपाल-भारत सीमाना नाकाका कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, रूपन्देही, नवलपरासी, चितवन, पर्सा, मोरङ, झापा र इलाम जिल्लाहरुमा ११वटा ट्रान्जिट होम र चीनसँग सीमा जोडिएको रसुवा जिल्लामा एउटा ट्रान्जिट होम निर्माण गरेको छ (माइती नेपाल २०२०)। माइती नेपालका अनुसार त्यस्ता ट्रान्जिट होमहरूले आफ्नै निगरानी टोलीहरू परिचालन गर्छन्, जसले सम्भावित पीडितहरूलाई  पहिल्याई आवागमनमा रोक लगाउन र उनीहरूको तत्काल पुनर्स्थापनामा सहयोग गर्न सीमा प्रहरीसँग मिलेर काम गर्छन्  (ibid.)। त्यसैगरी, अवरोधकका रूपमा पटक-पटक रिपोर्ट गरिएको अर्को संस्था शक्ति समूह थियो। संस्थाका विभिन्न जिल्लामा पाँच वटा आश्रय गृह र एउटा ट्रान्जिट होम छन्; र सिन्धुपाल्चोक जिल्लामा एउटा महिला पुनर्स्थापना केन्द्र छ।[25] त्यसैगरी, बारम्बार उद्धृत गरिएको अर्को संस्था, KIN नेपालको केन्द्रीय कार्यालय काठमाडौंमा र शाखा कार्यालयहरू नेपालको झापा, मोरङ, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके र कञ्चनपुर जिल्लामा र भारतको सिलिगुरी र नयाँ दिल्लीमा छन् (KIN Nepal २०२१)।

नेपालबाट मानिसहरूलाई ओसारपसार गर्न प्रयोग हुने जिल्लाहरूको सीमामा शंकास्पद आवतजावतको निरीक्षण गर्न त्यस्ता संस्थाहरूसँग कर्मचारीहरूको राम्रो उपस्थिति भएकाले सञ्चारमाध्यमका रिपोर्टहरूमा बारम्बार यी संस्थाहरू उद्धृत गरिने कारण व्याख्या गर्न सक्छ। यसका साथै, बेचबिखनसम्बन्धी धेरैजसो सञ्चारमाध्यमका रिपोर्टहरू या त प्रहरी रिपोर्टहरूमा वा बेचबिखन विरुद्धमा कार्यरत संस्थाहरूद्वारा उपलब्ध गराइएका जानकारीमा आधारित हुने हुनाले,[26] उनीहरूलाई समाचार रिपोर्टहरूमा अवरोधकको रूपमा रिपोर्ट गर्ने सम्भावना बढी हुन्छ।

## ४.५ अवरोधकहरूको सहयोगमा पीडित र अपराधीहरूको पहिचान गर्ने प्रक्रिया

अघिल्लो खण्डमा छलफल गरिएझैं, मानव बेचबिखन विरुद्धको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरू, कूटनीतिक नियोगहरू र कानुन लागू गर्ने निकायहरुजस्ता सरकारी निकायहरूलाई नेपाल भित्र र बाहिर बेचबिखनका घटनाहरू रोकथाममा संलग्न भएका प्रमुख पात्रहरूका रूपमा समाचार लेखहरूमा पहिचान गरिएको थियो। मानव बेचबिखनका घटनाहरूलाई निम्न मध्ये कुनै एक तरिकाबाट अवरोध गरिएको रिपोर्ट गरिएको छः

कथित पीडितहरूलाई ओसारपसार गर्नुअघि गरिने अवरोध - एक अज्ञात स्रोत (वा 'सूचना') मार्फत प्राप्त सतर्कतापूर्ण वा गोप्य जानकारीमा आधारित।

बाटोमा गरिने अवरोध - ओसारपसारको क्रममा सम्भावित पीडितहरू र संदिग्ध अपराधीहरूको जाँच गरिन्छ र पहिचान गरिन्छ।

---

25 शक्ति समूह।.

26 संवाददातासँगको अन्तर्वार्ता (R2), २३ अक्टोबर २०२१.

कथित पीडितहरूको ओसारपसार पश्चात गरिने अवरोध -गन्तव्य मुलुकबाट गरिने उद्धार र त्यसपछि घरमा गरिने पुनर्स्थापना, त्यसपछि आरोपीत अपराधी(हरू) को विरुद्धमा गरिने कानुनी कारवाही।।

अधिकांश घटनाहरूमा, कथित पीडित र मानव बेचबिखनका आरोपित अपराधीहरूलाई नेपाल-भारत सीमा नाकाहरूमा तैनाथ विभिन्न संस्थाहरूका र सरकारी अधिकारीहरूले आवनजावतको क्रममा (अर्थात बाटोमा गरिने अवरोध) अवरोध गर्ने कुरा लेखहरूको समीक्षाले देखाएको छ। माइती नेपाल, साना हात र KIN नेपाल जस्ता गैरसरकारी संस्थाहरू र नेपाल प्रहरी, APF र SSB जस्ता सरकारी अधिकारीहरू/कानुन लागू गर्ने निकायहरूले नेपालबाट हुने प्रमुख अन्तर्राष्ट्रिय बेचबिखन मार्ग, विभिन्न सीमा नाकाहरूमा बेचबिखन गतिविधिहरूलाई अवरोध गरेका छन्। त्यस्ता अवरोधहरूका लागि, पीडितहरूको जाँच, अवलोकन, पहिचान र पुनर्स्थापना गर्न र अपराधी(हरू) विरुद्ध कानुनी कारवाही सुरु गर्न गैरसरकारी संस्थाहरू र कानुन लागूगर्ने निकायहरूले बेचबिखनको प्रकृति अनुरूप या त स्वतन्त्र रूपमा वा एकजुट रूपमा काम गरेको भनी रिपोर्ट गरिएको पाइयो। त्यस्ता अवरोधहरू गर।ने क्रममा गैरसरकारी संस्थाहरू र कानुन लागू गर्ने निकायहरूले शंकास्पद/अप्राकृतिक यात्रुहरूको कडा निगरानी र उनीहरूको सोधपूछमार्फत कथित पीडितहरूलाई पहिचान गरेको भनी लेखहरुमा रिपोर्ट गरिएको थियो।

प्रकाशित दस्तावेज समीक्षा प्रक्रिया र नेपालका सम्बन्धित अधिकारीहरूसँगको कुराकानीको क्रममा पीडित पहिचान र प्रेषण सेवा (रिफरल)का लागि राष्ट्रिय मानक कार्यविधि (SOP) नभएको, तर यसलाई अन्तिम रूप दिने प्रक्रियामा रहेको भन्ने कुराको खुलासा भयो (थापा र अन्य, आवश्यक परेको खण्डमा उपलब्ध)।[27] यद्यपि सन् २०१७ मा UNODC क्षेत्रीय कार्यालयले दक्षिण एसियाका लागि UNODC (UNODC ROSA) (UNODC २०१७)[28] भारत-नेपाल, भारत-बंगलामुलुकको सीमानामा संकास्पद पीडित र अपराधीहरूको जाँच गर्न, उनीहरूसम्म पुग्न, सम्पर्क गर्न र अन्तर्वार्ता लिनका लागि SOP तयार गरेको थियो, नेपालमा यो SOP प्रयोग भइरहेको पुष्टि गर्ने कुनै प्रमाण छैन। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र (WCSC) (पहिले नेपाल प्रहरीको महिला कक्ष भनेर चिनिने) ले नेपालमा पीडित पहिचान गर्नका लागि SOPs को अभावमा पीडितको पहिचान र उपचारमा 'आन्तरिक निर्देशिकाहरू' प्रयोग गर्दछ (Surtees et al. २०२०)।

समाचारपत्रका लेखहरूको समीक्षाले नेपालमा काम गर्ने अवरोधक संस्थाहरूले र कानुन लागू गर्ने निकायहरूले शंकास्पद पीडित र अपराधीहरूलाई उनीहरूको शारीरिक हाउभाउ, इशारा र उनीहरूले यात्रा गर्ने तरिकाको आधारमा छुट्याउने, सम्पर्क र सोधपुछ गर्ने गर्दछन् भन्ने कुरा सङ्केत गर्दछ। उदाहरणका लागि, जुन २०१६ मा दि काठमाडौं पोस्टमा प्रकाशित एउटा रिपोर्टमा निम्न कुराहरू उल्लेख गरिएका छन्:

> *तीन दिनअघि सीमा पार गरी भारततर्फ जाने क्रममा एकजना युवती र दुईजना व्यक्तिलाई सुरक्षाकर्मीले रोकेका थिए। युवतीले आफ्ना आफन्तलाई भेट्न 'काकासँग' भारत जाँदै गरेको भनी सुरक्षाकर्मीलाई बताएकी थिइन्। तर प्रहरीले छुट्टाछुट्टै सोधपूछ गर्दा उनी भारतमा बेचिन लागेको खुलेको थियो। 'त्यहाँ राम्रो जागिर दिने वाचा गरेपछि म उनीहरूसँग भारत जान राजी भएँ', युवतीले भनिन्।* (Yadav २०१६)

[27] महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाका प्रतिनिधिसँग अनुसन्धान टोलीले गरेको कुराकानीअनुसार मन्त्रालय पीडित पहिचान निर्देशिकालाई अन्तिम रूप दिने चरणमा रहेको छ।

[28] बंगलादेश, भारत र नेपालबीच सीमापार बेचबिखनका पीडितहरूलाई संरक्षण र सहायताका लागि सेवा प्रबन्ध सुदृढीकरण परियोजनाअन्तर्गत यसलाई तयार गरिएको हो (UNODC 2017)।

सूचनाका आधारमा आरोपीत अपराधीहरूद्वारा कथित पीडितहरूलाई बेचबिखन गन्तव्यमा ओसारपसार गर्नुअघि कानुन लागू गर्ने निकायहरूद्वारा अवरोधहरू पनि गरिन्छ। त्यस्ता अवस्थाहरूमा, या त निजी स्रोतहरूबाट प्राप्त गोप्य सूचना वा पीडित परिवारका सदस्यहरूको रिपोर्टकोआधारमा कानुन लागू गर्ने निकायहरूले गोप्य रूपमा काम गर्दछ भनी यस अध्ययनले पत्ता लगायो। यस प्रक्रियामा यी निकायहरूले गैरसरकारी संस्थाहरू (NGOs) र सम्भावित पीडितका परिवार सदस्यहरू साथै आफन्त र छिमेकीहरूसँग समन्वय गरेका थिए। उदाहरणका लागि, डिसेम्बर २०१९ मा कान्तिपुरमा प्रकाशित एउटा लेखले सम्भाव्य धार्मिक बलिदानका लागि भारतमा बालिका बेचबिखन गरेको घटनाको बारेमा रिपोर्ट गरेको थियो:

> *उनीहरूले महिनावारीका बारेमा, कुनै चोटपटक लागेको छ कि छैन, कुनै शल्यक्रिया गरिएको छ कि छैन भन्ने बारेमा सोधपूछ गर्न थाले, उनलाई [कथित पीडित] शंका लाग्यो र आफ्नो आफन्तहरूलाई बताइन्। अनौठो कुरा सुनेपछि उनीहरूले जनवरी १९ गते काठमाडौंको महानगरीय प्रहरी वृत्तलाई खबर गरेका थिए। वृत्तले विशेष प्रहरी टोली परिचालन गरी युवतीलाई पछ्याएर अनुसन्धान थाल्यो।*

(Kantipur 2019) [अनुवाद गरिएको ]

लेखले थप यसरी पनि रिपोर्ट गरेको छ:

> *राती १० बजेसम्ममा युवतीलाई भारत लैजाने तयारीमा रहेको थाहा पाएपछि राती ९:३० बजे धर्मशालाबाट [आरोपीत अपराधीहरू] लाई पक्राउ गरिएको प्रहरीले बताएको छ। उमेश र कृष्णले सीमाका पुजारीसँग कुराकानी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। काठमाडौं महानगरीय प्रहरी नायब उपरीक्षक, होबिन्द्र बोगटीले भने, 'युवतीलाई के कारणले पूजा गर्न खोजेको भन्ने रहस्य नै छ। 'उनलाई त्यहाँ लगिएको भए उनको ज्यान खतरामा पर्ने थियो,' उनले भने। उनले पूजाको तयारीका क्रममा 'बलिदान' दिने प्रयास गरेको पनि प्रहरीले आशंका गरेको छ। पुजारीमाथि पनि अनुसन्धान भइरहेको बोगटीले बताए... प्रहरीले रु. १,०९,५००, सात वटा मोबाइल फोन, विभिन्न बैंकबाट रु. ९०१,००० को चेक, कालो धागो, गेरु रङको कपडा, कालो धागोले बाँधेका दुई वटा चाँदीका जन्तर, कृष्ण तामाङका सात वटा ATM कार्ड र तान्त्रिक पूजाका सामान बरामद गरेको छ।*

त्यस्ता अवरोधहरू बाहेक, गैरसरकारी संस्थाहरू (NGOs) र कानुन लागू गर्ने निकायहरूले बेचबिखन भइसकेका पीडितहरूको उद्धार, स्वदेश फिर्ता र पुनर्स्थापनामा पनि सहकार्य गरेको पाइयो। नेपालमा बेचबिखन विरुद्धको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरू (NGOs) ले भारतका संस्थाहरू र भारतीय प्रहरीसँग समन्वय गरेको देखिन्छ। त्यसैगरी नेपालका कानुन लागू गर्ने निकायहरूले पनि पीडितहरूको उद्धार र पुनर्स्थापना र पीडकहरूलाई कानुनी दायरामा ल्याउन अन्य मुलुकका कानुन लागू गर्ने निकायहरूको सहयोग स्वीकार गरेका छन्। उदाहरणका लागि, अनलाइनखबरमा एउटा लेखले केन्याबाट नेपाली युवतीहरूको उद्धारका बारेमा रिपोर्ट गरेको छ:

> *डिसेम्बर २० मा भारतीय विदेशमन्त्री सुष्मा स्वराजले 'हामीले केन्याबाट मानव बेचबिखनको जालमा फसेका सात नेपालीसहित तीन भारतीय महिलाको उद्धार गरेका छौं' भनी ट्विट गरेकी थिइन्। तत्कालै, परराष्ट्र मन्त्रालयका अधिकारीहरूले [नेपालमा] खोजी गर्न सुर गरे। उद्धार गरिएका सातमध्ये दुईजना मकवानपुरका र सिन्धुपाल्चोक, नवलपरासी, सुर्खेत, तनहुँ र नुवाकोटका एक-एकजना रहेको भोलिपल्ट जानकारी भएको थियो।*

(Pokharel २०१८) [अनुवाद गरिएको]

त्यसैगरी, बेचबिखन पीडितलाई उद्धार र नेपाल फर्काउन विदेशी कानुन लागू गर्ने निकायको भूमिका नोभेम्बर 2020 मा कान्तिपुर मा प्रकाशित समाचारमा नेपाली युवाहरूलाइ अमेरिका पठाउने वाचासहित अन्तर्राष्ट्रिय बेचबिखन भएको एउटा घटनाबारे प्रष्ट भएको थियो। मलावी प्रहरीको सहयोगमा मलावीबाट ती युवाहरूलाई उद्धार गरी स्वदेश फिर्ता गरिएको थियो:

> *गत वर्ष दक्षिणपूर्वी अफ्रिकी मुलुक मलावीको राजधानी लिलोङ्वेबाट ३०० किलोमिटर टाढा रहेको सानो सहर ब्लान्टायरमा छ जना नेपालीलाई बन्धक बनाइएको थियो। मलावी प्रहरीले भारतीय एजेन्टले काठमाडौंबाट नयाँदिल्ली, भियतनाम, दुबई, इथियोपिया र अजरबैजान हुँदै मलावी पुर्‍याएका चारजनासहित छ जना नेपालीको एक घरबाट उद्धार गरेको थियो। मलावी प्रहरीले घरधनी नाजिर अहमदलाई पक्राउ गरेको छ र पीडितलाई कल्याणकारी संस्थाले आश्रय दिएर नेपाल फर्काउन सहजीकरण गरेको छ।*

(Sapkota २०२०a) [अनुवाद गरिएको]

## ४.६ मानव बेचबिखनको प्रकृति/कारणहरू

मानव बेचबिखन पछाडिको उद्देश्य पीडितहरूको शोषणसँग सम्बन्धित भएको हुनाले (UNICEF USA 2017), मानव बेचबिखनका उद्देश्यहरूको विश्लेषण यस समाचारहरुको विश्लेषणको एक महत्त्वपूर्ण भाग हो। अध्ययनमा विश्लेषण गरिएका समाचार लेखहरूको पाँचको दुई भाग (४०.२ प्रतिशत; n=१९३) ले शोषणको उद्देश्य वा प्रकृति (वा सम्भावित शोषण) रिपोर्ट गरेको छ। यौन व्यवसाय र/वा यौन शोषण र जबरजस्ती श्रम/श्रम बेचबिखन बारम्बार रिपोर्ट गरिएको थियो। तीमध्ये, श्रम बेचबिखन र जबरजस्ती श्रमको उद्देश्य शीर्ष स्थानमा रहेको थियो, यौन शोषण/यौन बेचबिखनभन्दा थोरै मात्र अगाडि थियो (तालिका ४.७)।

## तालिका ४.७ मानव बेचबिखनका कारणहरू

| **कारण** | **सङ्ख्या** | **लेखहरूको प्रतिशत (%)** |
|---|---|---|
| जबरजस्ती श्रम/श्रम बेचबिखन | ६८ | ३५.२ |
| यौन शौषण/यौन बेचबिखन | ५८ | ३०.१ |
| यौन तथा श्रम बेचबिखन (दुवै) | ५१ | २६.४ |
| अङ्ग झिक्ने/जिउ मास्ने | १६ | ८.३ |
| **कारण रिपोर्ट गरेका कुल लेखहरू** | **१९३** | **१००** |

स्रोत: लेखकहरुको आफ्नै।

बेचबिखनका उद्देश्यरू रिपोर्ट गर्ने अधिकांश लेखहरूले कथित पीडितहरूको लिङ्ग पनि उल्लेख गरेका छन्। रिपोर्ट गरिएका पीडितहरू पुरुष र महिला भएका केही घटनाहरू बाहेक, यौन शोषण/यौन बेचबिखनका रिपोर्ट गरिएका अधिकांश पीडित महिलाहरू थिए (९६.२ प्रतिशत)।

## तालिका ४.८ रिपोर्ट गरिएका पीडितहरूको लिङ्गअनुसार मानव बेचबिखनका कारणहरू

| कारण | महिला (%) | पुरुष (%) | दुवै लिङ्ग (%) | जम्मा लेख (n) |
|---|---|---|---|---|
| यौन शौषण/यौन बेचबिखन | ९६.२ | ०.० | ३८ | ५३ |
| जबरजस्ती श्रम/श्रम बेचबिखन | ४६.२ | ४६.२ | ७.७ | ५२ |
| यौन तथा श्रम बेचबिखन (दुवै) | ८३.३ | २.८ | १३.९ | ३६ |
| अङ्ग झिक्ने/जिउ बलिदान | ८८.९ | ०.० | ११.१ | ९ |

स्रोत: लेखकहरूको आफ्नै।

श्रम बेचबिखनलाई उद्देश्यका रूपमा उद्धृत गर्ने लेखहरूमा पुरुष र महिला पीडितहरूको समान प्रतिनिधित्व थियो।

विश्लेषणले नेपाली सञ्चारमाध्यममा यौन बेचबिखनसम्बन्धी समाचार रिपोर्टहरूमा महिला पीडितहरूको बाहुल्यता रहेको पायो। श्रम बेचबिखनका घटनामा पनि महिलाको सङ्ख्या आधा रहेको छ। यस अध्ययनका निष्कर्षहरू यस क्षेत्रमा गरिएका अन्य अनुसन्धानहरूसँग मिल्दोजुल्दो छन्, जसले यौन बेचबिखनका पीडितहरू प्रायः महिला र बालबालिका हुन् भन्ने निष्कर्ष निकालेका छन् (UNICEF 2011)। मानव बेचबिखनबारे सञ्चारमाध्यमको रिपोर्टिङ सम्बन्धी अर्को अध्ययनले यौन बेचबिखनसम्बन्धी लेखहरूले मुख्य रूपमा महिला पीडितहरूलाई सन्दर्भ गर्दछ भनी पत्ता लगाएको छ (Sanford et al. २०१६)।

सञ्चारमाध्यमहरू  बेचबिखनबाट पीडित महिलाहरूमा केन्द्रित हुनुले विध्यमान बेचबिखन-विरोधी कानुन वा सन्धिहरूको प्रकृति, आदर्श पीडितहरूबारे आधिकारिक अवधारणा निर्माण र/वा सञ्चारमाध्यममा जनताको ध्यान के कुराले आकर्षित गर्छ भन्ने सामान्य धारणालाई प्रतिबिम्बित गर्न सक्छ (ibid.)। यसका साथै, नेपालमा श्रम बेचबिखनसँग सम्बन्धित समाचार लेखहरूमा महिला पीडितहरूको बाहुल्यता हुनु  नेपालमा महिला आप्रवासीहरूका सम्बन्धमा रहेको आप्रवासन नीतिको कारणले हुन सक्छ जसले उनीहरूलाई खाडी सहकार्य परिषद (GCC) अन्तर्गतका मुलुकहरू, UAE, ओमान, कुवेत, साउदी अरेबिया, कतारमा घरेलु कामका लागि आप्रवासन गर्न प्रतिबन्ध लगाएको छ, यसले उनीहरूलाई श्रम आप्रवासनका लागि अनाधिकृत माध्यमहरू खोज्न बाध्य पार्छ र उनीहरूलाई बेचबिखनको जोखिममा राख्छ (कथित पीडितहरूको रिपोर्टिङमा लैङ्गिक भिन्नताहरूको थप छलफलका लागि खण्ड ४.२ हेर्नुहोस्;  नीति प्रभावको थप विस्तृत विश्लेषणका लागि, खण्ड ४.९.३ हेर्नुहोस्)।

## ४.७ मानव बेचबिखनको माध्यम

नेपालमा बेचबिखनको उद्देश्य र अपराध गर्ने तरिका समयसँगै उल्लेखनीय रूपमा परिवर्तन भएको छ। यौन शोषणका लागि हुने मानव बेचबिखनलाई मात्र रिपोर्ट गरिने गरिएको भए पनि अब बेचबिखनका कार्यहरू जबरजस्ती श्रम, बालविवाह, जबरजस्ती विवाह, सर्कस गतिविधि, अङ्ग झिक्ने, मनोरञ्जनमा यौन व्यापार, आतिथ्य, इट्टा भट्टा उद्योग र कृषि र घरेलु काम लगायतका व्यापक उद्देश्यका लागि गरिएको रिपोर्ट गरिएको छ (NHRC २०१२, २०१४, २०१८)। यसबाहेक, वैदेशिक रोजगार, वैदेशिक अध्ययन र मनोरञ्जन क्षेत्रमा रोजगारीको बहानामा मानव बेचबिखन हुने गरेको छ। विदेशमा श्रम शोषणको उद्देश्यले मानव वेचविखनका लागि भिजिट भिसाको दुरूपयोग भएको रिपोर्ट गरिएको छ। यसैबीच, समाचार रिपोर्टहरूका अनुसार शरीरका अङ्ग, विशेषगरी मृगौला झिक्नका लागि बेचबिखन व्यापक रूपमा हुने गर्दछ।

नेपालमा बेचबिखनका लागि प्रलोभन वा छल सबैभन्दा बढी प्रयोग हुने विधि हो (Hamal २०१९)। AHTB को वार्षिक प्रतिविदनअनुसार सन् २०१७/१८ र सन् २०१८/१९ का क्रमशः ७०.५१ प्रतिशत र ७२.९७ प्रतिशत ओसारपसारका अपराध गर्ने तरिकामा प्रलोभन र छल रहेको थियो। त्यसैगरी, सन् २०१८/१९ मा बेचबिखनका लागि, 'भ्रमण/यात्रा' र 'रोजगार' दोस्रो र तेस्रो सबैभन्दा धेरै प्रयोग हुने विधिहरू थिए, जुन AHTB मा रिपोर्ट भएका मुद्दाको १३.५१ प्रतिशत हुन्छ (ibid.)।

अध्ययनका लागि समावेश गरिएका समाचार लेखहरूको विश्लेषणले यी लेखहरूमा रिपोर्ट गरिएका मानव बेचबिखनका माध्यमलाई मूलतः  दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ भन्ने देखाउँछ। पहिलो, बलपूर्वक वा जबरजस्ती गरेर पीडितहरूलाई अपराधीहरूसँग जान बाध्य बनाइन्छ। यस प्रक्रियामा, बेचबिखन भएको व्यक्तिको सहमति उल्लङ्घन गरिन्छ र पीडितको पहिचान नखुलेको अर्को ठाउँमा व्यक्तिलाई ओसारपसार गर्ने गरिन्छ। करिब १९.२ प्रतिशत लेखहरूले बेचबिखनको माध्यम बलपूर्वक वा जबरजस्तीपूर्ण ढंगद्वारा हुने गरेको रिपोर्ट गरेका छन् (तालिका ४.९)।

## तालिका ४.९ समाचार लेखहरूमा रिपोर्ट गरिएका मानव बेचबिखनको माध्यम

| बेचबिखनको माध्यम | सङ्ख्या | लेखहरूको प्रतिशत (%) |
|---|---|---|
| बल/जबरजस्ती | ९२ | १९.२ |
| छल/कपट | २८८ | ६०.० |
| बल र कपट दुवै | ४७ | ९.८ |
| माध्यम उल्लेख गरिएको छैन | ५३ | ११.० |
| **कुल समाचार रिपोर्टहरू** | **४८०** | **१००** |

स्रोत: लेखकहरुको आफ्नै।

लेखहरूमा रिपोर्ट गरिएको अर्को माध्यम ठगी वा छल-कपट थियो, जहाँ आरोपीत अपराधीहरूले कथित पीडितहरूलाई राम्रो जीवन, स्वतन्त्रता, विवाह र यस्तै प्रकारका धेरै कुराको आश्वासन दिई ठगी गरेका थिए। पीडितहरूले सुरुमा सहमति दिए तापनि, यो बेचबिखनको प्रतिगामी माध्यमको रूपमा गनिन्छ किनभने उनीहरूलाई पछि श्रम, व्यावसायिक यौन, अङ्ग काट्ने र सुरुमा थाहा नभएका अन्य उद्देश्यका लागि शोषण गरिन्छ। यस अध्ययनमा समावेश गरिएका अधिकांश समाचार लेखहरू (६० प्रतिशत) मा ठगी वा छल मानव बेचबिखनको माध्यमका रूपमा देखियो। एउटा लेखमा उल्लेख गरिएअनुसार:

> *स्थानीय एजेन्टहरूले प्रायः गरिब परिवारका युवतीहरूलाई फकाउँछन् र विदेशी गन्तव्यमा सजिलो काम गरेर धेरै पैसा कमाउने सपना देखाउँछन्। कतिपय महिलाहरू यस्ता झूटा वाचाहरूबाट सजिलै प्रलोभनमा पर्छन् भने कतिपयको घरको आर्थिक अवस्थाका कारण विदेश जानुको विकल्प हुँदैन।*
>
> (Portel २०२०)

## ४.८ मानव बेचबिखनका लागि भर्ना प्रक्रिया

भर्ना प्रक्रियामा अपराधीहरू (जस्तै, तस्कर र उनीहरूका सहयोगीहरू) ले बेचविखनमा पार्नका लागि पीडितहरूलाई जबरजस्ती गर्न वा फकाउन लागि गरिएका गतिविधि र कार्यहरू समावेश हुन्छन्। सञ्चारमाध्यमका रिपोर्टहरू र विगतका अध्ययनहरूले प्रायः साथी, छिमेकी, परिवारका सदस्य, आफन्त वा परिचित व्यक्तिहरूले पीडितहरूलाई बेचबिखनका अपराधीहरूसँग परिचय गराउने गर्छन् भनी देखाएका छन् (Kiss et al. २०१९)। अध्ययनका लागि समीक्षा गरिएका लेखहरूले पनि यस्तै ढाँचा उजागर गरेका थिए। आरोपीत अपराधीहरू र कथित पीडितहरू बीच सम्पर्क स्थापित गर्नका लागि कथित पीडितहरूको नजिकका परिवार सदस्य र आफन्तहरूलाई प्रमुख माध्यमका रूपमा रिपोर्ट गरिएको थियो।

अध्ययनमा समावेश गरिएका कुल लेखहरूमध्ये थोरै मात्र लेखहरू (१५.४ प्रतिशत; n=७४) ले आरोपीत अपराधीहरू र कथित पीडितहरू बीच कसरी पहिलो सम्पर्क स्थापित भयो भनेर छलफल गरेको पाइयो। सम्पर्क माध्यमको रिपोर्ट गर्ने लेखहरूमा, स्थानीय एजेन्ट र परिवार, साथी, नातेदार वा परिचितहरू प्रायः मध्यस्थकर्ताहरूको रूपमा रिपोर्ट गरिएको थियो, जसले आरोपीत अपराधीहरू र कथित पीडितहरू बीच सम्पर्क स्थापित गर्न मद्दत गर्दछन्। कथित मध्यस्थकर्ताहरूको यी दुई समूहहरू ७४ लेखहरूको ८० प्रतिशत भन्दा बढीमा रिपोर्ट गरिएको थियो। फेसबुक जस्ता सामाजिक सञ्जाल हालका वर्षहरूमा कथित पीडितहरूसँग सम्पर्क स्थापित गर्ने माध्यमका रूपमा देखा परेको पाइयो, यद्यपि यसलाई छ वटा लेखमा मात्र सम्पर्कको माध्यमका रूपमा पहिचान गरिएको थियो (तालिका ४.१०)।

यस्तै प्रकारका श्रम मध्यस्थकर्ता नेपालबाट हुने नियमित श्रम आप्रवासनमा पनि संलग्न छन्। इच्छुक आप्रवासी कामदारहरूलाई एजेन्ट वा निजी भर्ती एजेन्सीहरूसँग सम्पर्क स्थापित गर्न परिवार, साथी र आफन्तहरूले अनौपचारिक मध्यस्थकर्ताको रूपमा काम गर्छन् (Taylor-Nicholson et al. २०१४)। साथै, स्थानीय एजेन्टहरू, जसलाई यहाँ तस्करहरू र पीडितहरू बीचको सम्पर्कलाई सहजीकरण गर्ने एक प्रमुख माध्यमको रूपमा पहिचान गरिएको छ, विदेशी श्रम आप्रवासनको समयमा इच्छुक आप्रवासी कामदारहरूले सम्पर्क गरेका प्रमुख मध्यस्थकर्ताहरूको समूहको रूपमा पनि चिनिन्छन् (MoLE २०१८)।

# तालिका ४.१० कथित पीडित र अपराधीहरूबीच रिपोर्ट गरिएको सम्पर्कको माध्यम

| **सम्पर्कको माध्यम** | **२०१६** | **२०१७** | **२०१८** | **२०१९** | **२०२०** | **जम्मा** | |
|---|---|---|---|---|---|---|---|
| | **n** | **n** | **n** | **n** | **n** | **n** | **लेखहरूको प्रतिशत** |
| स्थानीय एजेन्टहरू | ४ | ४ | ६ | १० | ६ | ३० | ४०.५ |
| परिवार/साथी/आफन्त/छिमेकी/ परिचित व्यक्ति | ४ | ३ | ९ | ८ | ६ | ३० | ४०.५ |
| वैदेशिक रोजगार व्यवसायी | १ | १ | ४ | १ | ० | ७ | ९.५ |
| सामाजिक सञ्जाल | ० | ० | ० | ४ | २ | ६ | ८.१ |
| सडक महोत्सव/कार्यक्रमहरू | ० | ० | ० | १ | ० | १ | १.४ |
| **सम्पर्कको माध्यम रिपोर्ट गर्ने कुल लेखहरू (n)** | **९** | **८** | **१९** | **२४** | **१४** | **७४** | **१००.०** |

स्रोत: लेखकहरुको आफ्नै।

## ४.९ अन्तर्राष्ट्रिय मानव बेचबिखन मार्गहरू

यस खण्डले सन् २०१६ अघिको अवधिको तुलनामा विगतका पाँच वर्ष (२०१६-२०) मा नेपालबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा हुने मानव बेचबिखनका मार्गहरूमा भएका रिपोर्ट गरिएका परिवर्तनहरूका बारेमा छलफल गर्दछ। यो अध्ययन अन्तर्राष्ट्रिय मानव बेचबिखनमा मात्र सीमित भएकाले नेपालमा हुने मानव बेचबिखनसम्बन्धी लेख र रिपोर्टलाई विश्लेषणबाट बाहिर राखिएको थियो।

### ४.९.१ सन् २०१६ अघि अन्तर्राष्ट्रिय बेचबिखन मार्गहरू

मानव बेचबिखनको प्रकृति र मात्रा बुझ्न र सन् २०१६ अघि मानव बेचबिखनमा तस्करहरूले प्रयोग गरेका मार्गहरू पहिचान गर्न सन् 2016 अघिका वर्षहरूमा नेपालमा प्रकाशित मानव बेचबिखनसम्बन्धी प्रतिवेदनहरूको संक्षिप्त समीक्षा गरिएको थियो। NHRC द्वारा प्रकाशित वार्षिक प्रतिवेदनहरू (जस्तै मानव बेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन) मध्ये सन् २०११ देखि २०१५ सम्म प्रकाशित प्रत्येक वर्षको प्रतिवेदनलाई मार्ग र गन्तव्यहरूमा केन्द्रित हुँदै मानव बेचबिखनबारे पहिले उल्लेख गरिएका ढाँचाहरू बुझ्नका लागि समीक्षा गरिएको थियो।

राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनमा नेपाललाई तीन मुख्य क्षेत्रहरूमा बेचबिखनको स्रोत मुलुकको रूपमा पहिचान गरिएको थियो: भारतभन्दा बाहिर अन्य गन्तव्यहरु तिर हुने सीमापार बेचबिखन; भारतसम्म हुने सीमापार बेचविखन; र मुख्यतया मनोरञ्जन उद्योग, इट्टा भट्टा, इम्ब्रोइडरी उद्योग र सडकमा हुने आन्तरिक बेचविखन (NHRC २०१२)। भारत, खाडी क्षेत्र र

दक्षिण कोरियालाई सन् २०११ र २०१५ बीच महिला र बालबालिकाको बेचबिखनका लागि मुख्य सीमापार/अन्तर्राष्ट्रिय गन्तव्यका रूपमा पहिचान गरिएको थियो (NHRC २०१२, २०१४)। भारतमा महिला, पुरुष र बालबालिकाको बेचबिखन प्रायः अङ्गको व्यापार (विशेषगरी मृगौला प्रत्यारोपण), जबरजस्ती श्रम र बाल श्रम (विशेषगरी मनोरञ्जन क्षेत्रमा शोषण, सर्कस प्रदर्शनसहित) का लागि भएको थियो। त्यसैगरी, वैदेशिक रोजगारी रोजगारीका सम्बन्धमा GCC मुलुकहरूमा पुरुष र महिलाको बेचबिखन भएको थियो र विशेषगरी महिलाको हकमा घरेलु कमारीको उद्देश्यले भएको थियो। यी प्रतिवेदनहरुले नेपाली श्रम आप्रवासीहरूलाई निजी भर्नाकर्ता र स्थानीय एजेन्टहरूबाट ठगी, छल, अनियमितता र खाडी क्षेत्र र मलेसिया जस्ता विदेशी गन्तव्यहरूमा जबरजस्ती श्रममा काम गर्न बाध्य पारिएको अनुभवलाई प्रकाश पारेका छन्।

यी गन्तव्यहरू बाहेक दक्षिण कोरिया र हङकङमा कपटपूर्ण र जबरजस्ती विवाहको उद्देश्यका लागि महिलाहरूको (विशेषगरी युवतीहरू) बेचबिखन हुने गरेको छ। यस सन्दर्भमा, पछिल्ला वर्षहरूमा दक्षिण कोरिया नेपाली महिलाहरूलाई नक्कली विवाहका लागि बेचबिखन/ओसारपसार गर्नेहरूका लागि आकर्षक गन्तव्यको रूपमा उभिए पनि सन् २०१३ देखि २०१५ सम्मको अवधिमा चीन पनि त्यस्तै बेचबिखनको गन्तव्य बनेको थियो। यस्तो अवस्थामा नेपालमा जोडी मिलाउने एजेन्सीहरुका रूपमा सञ्चालित ‘विवाह ब्यूरो’ ले गरिब पृष्ठभूमिका युवती/महिलाहरूलाई लक्षित गरी नेपाली युवती/महिलाहरूलाई दक्षिण कोरिया पठाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। यसबाहेक, चीनको स्वायत्त क्षेत्र, तिब्बत सन् २०११ मा नेपालबाट ठूलो सङ्ख्यामा बेचबिखन गरिएका युवतीहरूलाई विशेषगरी मनोरञ्जन उद्योग; होटल र रेस्टुरेन्टहरूसमेतमा राख्ने ठाउँको रूपमा पहिचान गरिएको थियो (NHRC २०१२, २०१४, २०१६)। यसबाहेक, सन् २०११ मा इटाली, अमेरिका, स्पेन, फ्रान्स, डेनमार्क, नर्वे, स्वीडेन, बेल्जियम, स्विजरल्याण्ड र बेलायतल अन्तरदेशीय धर्मसन्तानका लागि बालबालिकाको बेचबिखनमा महत्त्वपूर्ण गन्तव्यको रूपमा मौलाउँदै आएको रिपोर्ट गरिएको थियो (NHRC २०१२)।


सन् २०१५ मा, विपद्पछिको बेचबिखन (अर्थात, प्राकृतिक प्रकोपबाट गम्भीर रूपमा प्रभावित भएका कमजोर महिला र बालबालिकाको बेचबिखन) को दर उच्च देखिएको थियो। अप्रिल २०१५ को भूकम्प र अन्य मौसमी विपदहरूले पहिल्यै देखि रहेका गरिबी र बेरोजगारीजस्ता जोखिमलाई झनै बढाउँदा नेपालमा विपद्पछिको बेचबिखनमा एउटा नयाँ घटनाको रूपमा देखा पर्‍यो (NHRC २०१६)। भूकम्पपछि पर्सा, झापा, इलाम, कञ्चनपुर जस्ता जिल्लामा महिला र बालबालिकालाई सीमा नाका पार गर्नबाट अबरोध गरिएको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको थियो।

### ४.९.२ ओसारपसारका मार्गहरू (सन् २०१६-२०)

NHRC द्वारा सन् २०१६ देखि २०१९ सम्म प्रकाशित वार्षिक मानव वेचविखन रिपोर्टहरूले नेपालबाट मकाउ, खाडी क्षेत्र, पोर्चुगल, मलेसिया, श्रीलङ्का र भारत जस्ता मुलुकहरूमा हुने मानव बेचबिखनको व्यापकतालाई सङ्केत गर्दछन्। त्यसैगरी चीन, अफगानिस्तान, अमेरिका र दक्षिण कोरियालाई मानव बेचबिखन गन्तव्यको रूपमा उल्लेख गरिएको छ (NHRC २०१७)। सन् २०१८ को वार्षिक प्रतिवेदनले विशेषगरी बेचबिखनका मार्ग र गन्तव्यहरूमा भएको पछिल्लो विविधीकरणलाई औंल्याएको छ। सन् २०१६ अघिको तुलनामा अहिले तस्करहरूले अमेरिका र युरोपेली मुलुकहरूमा पीडितहरूलाई ओसारपसारका लागि एसियाको बैंकक (थाइल्याण्ड), अफ्रिकी मुलुकका सहरहरू र धेरै ल्याटिन अमेरिकी मुलुकहरूलाई प्रयोग गर्दै आएको यसले प्रकाश पारेको छ (NHRC 2018)। यसबाहेक, अष्ट्रेलिया र पूर्वी युरोपलाई महत्त्वपूर्ण गन्तव्यको रूपमा पहिचान गरिएको पाइन्छ, र त्यसै गरी म्यानमारलाई नेपालबाट मानव बेचबिखनको महत्त्वपूर्ण नयाँ मार्गको रूपमा पहिचान गरिएको थियो (NHRC २०१९)।

अध्ययन गरिएका लेखहरू मध्ये पाँचको करिब एक भाग (२२.३ प्रतिशत) लेखहरूको कथित पीडितहरूलाई ओसारपसार गरिएका मुलुकहरूबारे रिपोर्ट नगरेको पाइयो। नेपालबाट हुने मानव बेचबिखनका गन्तव्य राष्ट्रको पहिचान गर्ने समाचार रिपोर्टहरूमा सन् २०१६ देखि २०२० सम्मका सबै वर्षमा भारत शीर्षस्थानमा रहेको थियो। कुल ४८० मध्ये ११९ वटा लेखमा भारतलाई गन्तव्यका रूपमा रिपोर्ट गरिएको थियो।

## चित्र ४.२ समाचार लेखहरूमा रिपोर्ट गरिएका गन्तव्यहरू





स्रोत: © Opendatasoft, **विश्व प्रशासनिक सीमाहरू - मुलुक र क्षेत्रहरू**, अनुमति लिएर प्रतिलिपि प्रस्तुत गरिएको।
नोट: नक्सामा देखाइएका गोलाकार घेराहरू केवल प्रतिनिधि हुन् र घटनाहरूको समानुपातिक होइनन्; रिपोर्ट गरिएका गन्तव्यहरूमा वार्षिक प्रवृति (२०१६-२०) का लागि अनुसूची ४ र ५ हेर्नुहोस्।

सन् २०१६ देखि २०१८ सम्म नेपालबाट कथित पीडितहरूलाई बेचबिखनका लागि लगिने प्रमुख गन्तव्यमा GCC अन्तर्गतका मुलुकहरू अग्रस्थानमा रहेको देखियो र यसलाई अध्ययन गरिएको पाँच वर्षमा  छनोट गरिएकामध्ये २८.९ प्रतिशत लेखहरूमा पनि रिपोर्ट गरिएको थियो। कामदारहरूलाई बेचविखन गरिएको GCC भित्रका प्रमुख मुलुकहरूमा कुवेत, UAE र साउदी अरेबिया थिए। सन् २०१६ देखि २०२० सम्मको अवधिमा त्यति उल्लेख नगरिएका भए पनि अमेरिका, युरोपेली मुलुक र एसिया र अफ्रिकाका विभिन्न मुलुकहरू पनि नेपालबाट बेचबिखन हुने गन्तव्य रहेको पाइयो।

धेरैजसो (६३.३ प्रतिशत) लेखहरूमा ट्रान्जिट मुलुकहरू रिपोर्ट गरिएका थिएनन्, तर अध्ययन गरिएका सबै वर्षहरूका लेखहरूमा ट्रान्जिट मुलुकहरूको रूपमा रिपोर्ट गरिएको सूचीमा भारत लगातार अग्रणी स्थानमा रह्यो। समाचार रिपोर्टहरूले केहि वर्षयता नयाँ ट्रान्जिट मुलुकहरू र शहरहरूको उदय भएको सङ्केत दिन्छन्। उदाहरणका लागि, पहिले वर्णन गरिएका प्रकाशित

प्रतिवेदनहरूले देखाए अनुरुप यस अध्ययनले पनि म्यानमार सन् २०१९ देखि महत्त्वपूर्ण ट्रान्जिट मुलुकको रूपमा देखा परेको छ भनि पत्ता लगाएको छ र UAE नेपालबाट बेचबिखनका लागि ट्रान्जिट मुलुकको रूपमा बारम्बार प्रयोग भइरहेको पाएको छ। सबैभन्दा चर्चामा रहेको एउटा घटनामा, आप्रवासी कामदारहरूलाई भारतको मणिपुर राज्यको आइजवलको ट्रान्जिटमार्फत म्यानमार लगिएको थियो।

## चित्र ४.३ समाचार लेखहरूमा रिपोर्ट गरिएका ट्रान्जिट मुलुकहरू




स्रोत: © Opendatasoft, **विश्व प्रशासनिक सीमाहरू - मुलुक र क्षेत्रहरू**, अनुमति लिएर प्रतिलिपि प्रस्तुत गरिएको।
नोट: नक्सामा देखाइएका गोलाकार घेराहरू केवल प्रतिनिधि हुन् र घटनाहरूको समानुपातिक होइनन्; ट्रान्जिटहरूको रिपोर्टिङमा वार्षिक प्रवृति (२०१६-२०) का लागि अनुसूची ६ र ७ हेर्नुहोस्।

कयौं वर्षदेखि रिपोर्ट गरिएका बेचबिखनका गन्तव्यहरू हेर्दा गन्तव्य र ट्रान्जिट मुलुकहरूको सूचीमा प्रत्येक वर्ष पहिलेका नामहरू सँगै र नयाँ नामहरू समावेश भएको पाइएको छ। अर्थात,तस्करहरूले प्रायः पीडितहरूलाई आफ्नो गन्तव्यसम्म पुऱ्याउन प्रत्येक वर्ष प्राय नयाँ-नयाँ मार्ग खोज्छन्। सन् २०२० को लेखमा रिपोर्ट गरिएअनुसार:

*मानव बेचबिखनका स्वरूप र उद्देश्यहरू वर्षैपिच्छे परिवर्तन भएका छन्। पहिले यौन व्यसायका लागि भारतका सहरहरूमा महिला बेचबिखन हुने गरेकोमा अहिले यो विभिन्न जटिल स्वरूपहरूमा विकसित भएको छ। 'पहिले, नाबालिग युवती वा महिलाहरूलाई भारतीय वेश्यालयमा लगिने गरिन्थ्यो। आजभोलि, बेचबिखन भारतबाट बाहिर तेस्रो मुलुकहरूमा समेत हुने गरेको छ र अफ्रिकाको मनोरञ्जन उद्योगमा गरिने यौन बेचबिखन देखि खाडीका घरेलु काम सम्म पाइएको छ... खुला सीमानाले बेचबिखन गर्नेहरूलाई सजिलो बनाउँछ।'*


(Mandal २०२०a)

हालैका TIP रिपोर्टहरूका अनुसार तस्करहरूद्वारा प्रयोग गरिने ट्रान्जिट नाकाहरू यथार्थमा एकदमै विविध र जटिल छन्। उदाहरणका लागि, संयुक्त राज्य अमेरिका (US) मा बेचबिखन भएको व्यक्तिले निम्न मार्ग अपनाएको पाइयो: नेपालदेखि दिल्ली (भारत) बसमा; दिल्लीदेखि रसिया, रसियादेखि म्याड्रिड (स्पेन) र स्पेनदेखि बोलिभिया विमानमा; बोलिभियादेखि पेरू, पेरूदेखि इक्वेडर र इक्वेडरदेखि कोलम्बिया बसमा; कोलम्बियादेखि पानामा पैदल र डुङ्गामा; पानामादेखि कोस्टा रिका बस/ट्याक्सीमा; कोस्टा रिकादेखि निकारागुवा पैदल; निकारागुवादेखि होन्डुरस बसमा; होन्डुरसदेखि ग्वाटेमाला र ग्वाटेमालादेखि मेक्सिको बस/ट्याक्सीमा; र अन्तिममा मेक्सिको-अमेरिका सीमा पार गर्न पैदल (Hamal २०१९)।

नेपालबाट बहिर्गमन हुने स्थलस्थान (नाका)हरूको तथ्याङ्क करिब एक चौथाईले थोरै (२७.१ प्रतिशत) समाचार रिपोर्टहरूमा उल्लेख गरिएको थियो। यी स्थान(नाका)हरूमा पीडित वा अवरोधकहरूले रिपोर्ट गरे अनुसार (जस्तै पीडितहरूको उद्धार पछि उनिहरुले भने अनुसार) अवरोध भएको स्थानहरू वा देश बाहिर निस्कने स्थानहरू समावेश छन् । नाकाहरू उल्लेख गरिएका लेखहरूमा बाँके जिल्ला ६.३ प्रतिशतका साथ शीर्ष स्थानमा छ। अन्य महत्त्वपूर्ण नाकाहरू काठमाडौं (मुलुकबाहिर उडान गर्नका लागि अन्तर्राष्ट्रिय विमानस्थल भएको एक मात्र जिल्ला हो) र झापा, कञ्चनपुर र रूपन्देही जस्ता भारतसँग सीमा जोडिएका जिल्लाहरू थिए।

भारतसँग सीमा जोडिएका नेपालको तराई क्षेत्रका जिल्लालाई मानव तस्करले कथित पीडितहरूलाई भारत र भारतबाट अन्य मुलुकहरूमा बेचबिखन गर्न नाकाका रूपमा प्रयोग हुने गरेको पाइएको छ। उदाहरणका लागि बाँके जिल्लाको जमुनाहा नाका, झापा जिल्लाको काँकडभिट्टा नाका, कञ्चनपुर जिल्लाको गड्डाचौकी नाका र रूपन्देही जिल्लाको भैरहवा सीमा नाकालाई समाचारपत्रमा सबैभन्दा बढी उल्लेख गरिएको छ। झापा जिल्ला नेपालको दक्षिणपूर्वी भागमा पर्दछ र कञ्चनपुर जिल्ला दक्षिणपश्चिमी भागमा पर्दछ भने रूपन्देही जिल्ला दक्षिण-मध्य भागमा पर्दछ। सशस्त्र सीमा बल (SSB) ले मानव बेचबिखनका लागि भारत-नेपालबीचका नौ वटा महत्त्वपूर्ण मार्ग पहिचान गरेको छ: महेन्द्रनगर-बनबासा, धनगढी-पलिया, नेपालगन्ज-रुपेन्दिया, कृष्णनगर-बर्हनी, भैरवा-सोनौली, महेशपुर-ठुटिबारी, वीरगञ्ज-रक्सौल, विराटनगर-जोगबनी र काँकडभिटा-पानिटङ्की (Pragya n.d.)।

# चित्र ४.४ समाचार लेखहरूमा रिपोर्ट गरिएका बहिर्गमनका लागि प्रयोग हुने जिल्लाहरू




नोट: बाहिर निस्कने जिल्लाहरूको रिपोर्टिङमा वार्षिक प्रवृति (२०१६-२०) का लागि अनुसूची ८ हेर्नुहोस्।
स्रोत: सोसल साइन्स बहा:, नेपालका लागि NAXA द्वारा बनाइएको © मानचित्रण। अनुमति लिएर प्रतिलिपि प्रस्तुत गरिएको।

### ४.९.३ नेपालबाट हुने मानव बेचबिखनका मार्गहरूमा आएका परिवर्तनहरूका कारकहरू

हालैका वर्षहरूमा नेपालबाट हुने अन्तर्राष्ट्रिय मानव बेचबिखनका मार्गहरूमा उल्लेख्य परिवर्तन आएको समाचार रिपोर्टहरूको विश्लेषणमा देखियो। NHRC को मानववेचविखन सम्बन्धी प्रतिवेदनहरूमा पनि बेचबिखन मार्गहरूमा परिवर्तनहरू भएको उल्लेख गरिएको थियो (नेपालमा मानव बेचबिखनसम्बन्धी NHRC प्रतिवेदनहरूबाट थप जानकारीका लागि खण्ड ४.९.१ र ४.९.२ हेर्नुहोस्)। तस्करहरूले अहिले नेपालबाट पुरुष र महिलाहरूको ओसारपसारका लागि ट्रान्जिट बिन्दुको रूपमा धेरै मुलुकहरू प्रयोग गर्छन्, जसमा भारतले अझै पनि धेरैजसो अवस्थामा पहिलो ट्रान्जिट मुलुकको रूपमा काम गरिरहेको छ (काठमाडौं विमानस्थलबाट कामदारहरू नल्याइएसम्म)।

धेरै आप्रवासी कामदारहरू अवैध माध्यमहरू र तेस्रो मुलुकमार्फत गन्तव्यहरूमा पुग्छन्, जसले उनीहरूको जोखिमलाई अझ बढाउँछ र पीडितहरूको आचरणको वैधानिकता र आपराधिकतामा पनि प्रश्नहरू खडा गर्छ (David, Bryant र Larsen २०१९)। वास्तवमा, वैदेशिक रोजगार विभागले सन् 2019/20 मा जो कामदार नेपालमा घर बिदापछि वैदेशिक रोजगारीमा फर्किन लागेका थिए तर जसको अघिल्लो आप्रवासन अवधि अवैध थियो (उनीहरू नेपालबाट श्रम स्वीकृतिविना यात्रा गरेका थिए), ती कामदारहरूको वैदेशिक प्रवेशका लागि 8,514 श्रम स्वीकृति जारी गरेको थियो। UAE, कतार, अफगानिस्तान, अमेरिका र ओमान शीर्ष पाँच मुलुकहरू थिए जसका लागि वैध प्रवेशका लागि श्रम स्वीकृति जारी गरिएको थियो (DoFE २०२०)। कामदारहरू या त विदेश भ्रमणमा (भिजिट भिसा लिएर) (मण्डल २०२० b) जाने बहाना बनाउँदै काठमाडौं विमानस्थलबाट उडान भर्छन् वा आफ्नो अन्तिम गन्तव्यमा पुग्न भारत हुँदै यात्रा गर्छन् (खरेल २०१६)। कामदारहरूसँग वैदेशिक रोजगार विभागले तोकेको आवश्यकतानुसार यात्रासम्बन्धी पूरा कागजात नहुँदा पनि तस्करहरूको विमानस्थल कर्मचारीसँग 'मिलेमतो'[29] का कारण कामदारहरू काठमाडौं विमानस्थलबाट बाहिर निस्कन पाएका छन् (Mandal २०२० c)।

अन्तर्राष्ट्रिय मानव बेचबिखनका मार्गहरू र अन्तिम गन्तव्यहरूमा भएका परिवर्तनहरू सम्भवत:श्रम मागहरूको ढाँचा, उत्पत्ति र गन्तव्य मुलुकहरूमा आप्रवासन नीतिहरू र कामदारहरूको अवैध आपूर्तिमा संलग्न (आरोपीत) अपराधीहरूको प्रकार जस्ता कारकहरूमा आएका परिवर्तनहरूसँग सम्बन्धित हुन सक्छन्। नेपालमा मानव बेचबिखनका ढाँचाहरूमा भएको परिवर्तनमा सम्भावित योगदान पुर्‍याएका केही संरचनात्मक कारकहरूका बारेमा तल छलफल गरिएको छ।

1. **प्रतिबन्धात्मक आप्रवासन नीति** - सरकारले पटक-पटक महिलाहरूलाई रोजगारीका लागि आप्रवासनमा प्रतिबन्ध वा निषेधाज्ञा लगाएकाले नेपालमा महिलाहरूका लागि श्रम आप्रवासन प्रतिबन्धित भएको छ (Kharel २०१६; McCarthy २०२१)। सन् १९९० देखि नेपाल सरकारले महिलाहरूलाई आर्थिक, शारीरिक र यौन शोषण, हिंसा र दुर्व्यवहार जस्ता जोखिमहरूबाट जोगाउनका लागि आप्रवासनमा विभिन्न अस्थायी प्रतिबन्ध लगाएको छ (Pyakurel २०१८; McCarthy २०२१)। सन् २०१७ देखि, नेपाली महिलालाई बेचबिखन र शोषणबाट 'सुरक्षित' राख्नका लागि घरेलु कामका लागि GCC मुलुकहरूमा जानबाट रोक लगाइएको छ। घरेलू कामका लागि जानबाट बारम्बार रोक लगाइएकोले कानूनी माध्यमहरूको तुलनामा गैर-कानूनी माध्यमहरूबाट बाहिर जाने महिलाको दर उच्च भएको कुरा स्पष्ट हुन्छ। उदाहरणका

[29] सामान्यतया, यो प्रबन्धका लागि 'सेटिङ' शब्द प्रयोग गरिन्छ।

लागि, जुलाई २०२० मा दि काठमाडौं पोस्ट मा प्रकाशित भारत हुँदै खाडी मुलुकहरूमा महिला बेचबिखनसम्बन्धी समाचार रिपोर्टमा पीडितले यसो भनेका छन्:

> *'मैले हामी काठमाडौंबाट किन नगएको भनी सोधेकी थिएँ। तर एजेन्टले भने कि त्यसो गर्न सकिदैन किनभने त्यहाँ घरेलु कामका लागि महिलाहरू जान प्रतिबन्ध छ ,' एमले भने। '१३ घण्टाको यात्रापछि, हामी मार्च १५ मा बिहान ३ बजे नयाँ दिल्ली पुग्यौँ।'*
>
> (Mandal २०२० a)

सन् २०२० को अर्को समाचार लेखले निम्न कुरा बताएको छ:

> *सरकारले २०७३ को चैतमा महिलालाई खाडी मुलुकमा घरेलु कामदारका रूपमा प्रवेशमा प्रतिबन्ध लगाएपछि संगठित मानव तस्करहरूले महिलालाई विभिन्न सेटिङहरू/साँठगाँठमार्फत खाडी मुलुकमा पठाउँदै आएका छन्।*
>
> (Sapkota २०१९) [नेपाली मूलबाट अनुवादित]

यस्ता प्रतिबन्धात्मक र भेदभावपूर्ण आप्रवासन नीतिहरूले महिलाहरूलाई अनियमित मार्गहरू प्रयोग गर्न बाध्य बनाएकाले र उनीहरूलाई बेचबिखन र शोषणको चपेटामा पर्ने जोखिम बढाएकोले, यी नीति प्रतिकूल बनेका छन् (Kharel २०१६; McCarthy २०२१)। उदाहरणका लागि, एउटा लेखले सरकारद्वारा लागू गरिएको प्रतिबन्धनात्मक आप्रवासन नीतिलाई निम्न तरिकामा विश्लेषण गरेको छ:

> *राज्यको प्रतिबन्धात्मक आप्रवासन नीतिहरूले महिलाहरूलाई ठूलो शोषणमा बाध्य पारेको मात्र होइन, उनीहरूलाई वैदेशिक रोजगार विभागको नयाँ नीति र सुविधाका लागि अयोग्य बनाइदिएको छ। उदाहरणका लागि, सबिना राईको मुद्दा लिएर हेर्नुहोस्। आजभन्दा लगभग डेढ वर्षअगाडि २४ वर्ष उमेर पुगेकी महिलाको बघदादमा मृत्यु भयो र उहाँको शरीरलाई इराकी राजधानीमा अवस्थित अस्पतालमा कसैले पनि दाबी नगरिएको अवस्थामा रह्यो। । उहाँ धेरै उप-एजेन्टहरूको मद्दत लिएर नेपाल र भारत गरी विभिन्न ठाउँहरूमा रोक्किँदै घरको काम गर्नका लागि इराक प्रवेश गर्नुभएको थियो। सन् १९९८ देखि, नेपाल सरकारले महिलालाई अनौपचारिक क्षेत्रको काम गर्न, विशेषगरी घरेलु मद्दतका लागि विदेशी मुलुकहरूमा जानबाट रोक लगाएको छ। त्यसैले, राई जस्तै, हजारौँ महिलाहरू बेइमान एजेन्टहरूको मद्दतले निरन्तर मुलुक छाडेर गइरहेका छन्।*
>
> (Rai २०१९)

यात्रामा लगाइएको रोकले नेपालको संविधानमा प्रत्याभूति गरिएको मानिसको आवतजावत गर्ने स्वतन्त्रताको अधिकारलाई हनन गरेको भन्दै आलोचना पनि गरिएको छ। मुलुकमा रोजगारीका अवसरहरूको अभाव भएको अवस्थामा, निकट भविष्यमा धेरै घरपरिवारहरूका लागि श्रम प्रवास महत्त्वपूर्ण जीविकाको स्रोत रहने छ। तसर्थ, अन्तर्राष्ट्रिय श्रम आप्रवासनसँग सम्बद्ध मानव बेचबिखनलाई रोक्नका लागि आप्रवासन नियन्त्रण गर्ने नीति विकल्प हुन सक्दैन।

2. **भारत हुँदै तेस्रो मुलुकको यात्राका लागि अनापत्ति प्रमाणपत्र (NOC)** - सन् २०१८ मा, नेपालले नेपालीहरूलाई भारत हुँदै तेस्रो मुलुकमा उडान गर्न NOC अनिवार्य गरेको थियो (Neupane २०१९ b)। उक्त नियमन लागू भएसँगै तस्करहरू पीडितहरूलाई आफ्नो गन्तव्यसम्म पुर्‍याउनका लागि अन्य माध्यम प्रयोग गर्न बाध्य भएका छन्। उदाहरणका लागि,तस्करहरूले नेपालीहरूलाई GCC र अन्य मुलुकहरूमा लैजानका निम्ति म्यानमारसँग सीमा जोडिएका साना सहरहरू प्रयोग गरिरहेका छन्।

यस प्रकारको एक समाचार प्रतिवेदनले अनिवार्य NOC आवश्यकताका प्रभावहरू विस्तृत गर्दा एक जना मन्त्रीको भनाइलाई उद्धृत गर्दै NOC अनिवार्य गर्दा तस्करहरूले नयाँ दिल्ली एयरपोर्ट बाहेक नयाँ मार्गहरू खोज्न बाध्य भएको उल्लेख गरेको थियो। रिपोर्टले निम्न कुरा उल्लेख गरेको छ:

> *नेपालीहरूले सस्तो हवाई भाडाको कारण वा बेचबिखनका लागि भारतबाट जान रोज्छन्। 'धेरैजसो अवस्थामा, वास्तविक भ्रमणकर्ताहरूले काठमाडौं विमानस्थल प्रयोग गर्छन्। केही मानिसको भारतमा काम वा व्यवसाय हुन सक्छ र तेस्रो मुलुकमा जानका लागि भारतीय विमानस्थलहरू प्रयोग गर्छन् भने अन्य मानिसहरूले सस्तो हवाई भाडाका लागि भारत रोज्छन्। तर नेपाली अधिकारीहरूले भारतबाट जाने धेरैजसो मानिसहरू बेचबिखन नेटअन्तर्गत पर्छन् भनी बताउनुभयो। परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली ले पनि प्रमाणपत्र अनिवार्य गराउनाले भारतीय विमानस्थलबाट हुने बेचबिखन कार्यको न्यूनीकरणमा सहयोग पुगेको विश्वास व्यक्त गर्नुभएको छ।तथापि, यस नियमले बेचबिखन गर्नेहरूलाई नेपालीलाई खाडी मुलुकसम्म लैजान भारतीय विमानस्थलबाट टाढा रहि मणिपुर हुँदै म्यानमारसम्मको भूमि मार्ग लगायतका अन्य माध्यमहरू प्रयोग गर्न बाध्य पारेको ज्ञवालीले बताए।*
>
> (Giri २०१९)

यो बुँदालाई सन् २०२० को एउटा समाचार लेखले पनि जोड दिएको थियो:

> *नेपाल सरकारले भारत हुँदै तेस्रो मुलुक जानका लागि अनापत्ति पत्र ( NOC) अनिवार्य गरेपछि पछिल्लो समय मानव बेचबिखन गर्नेहरूले अवैध रूपमा विदेश पठाउन नक्कली NOC प्रयोग गर्न र भारतका साना सहरलाई प्रयोग गर्न थालेका छन्।*
>
> (Neupane २०१९ a) [नेपाली मूलबाट अनुवादित]

3. **गन्तव्य मुलुकको नीति** - नेपालीहरूलाई कामका लागि गन्तव्य मुलुकहरूमा पठाउनका लागि प्रायः भिजिट भिसाको दुरूपयोग हुने गरेको छ। केही गन्तव्य मुलुकहरू, विशेषगरी UAE का लागि भिजिट भिसा पाउन सजिलो छ। UAE ले यस्तो प्रकारको भिसालाई रोजगारी भिसामा परिवर्तन गर्न पनि अनुमति दिन्छ। यसले सो मुलुकलाई ट्रान्जिट मुलुकका साथै नेपालबाट श्रम आप्रवासनको आडमा बेचबिखन गर्ने गन्तव्य मुलुक बनाएको छ। गन्तव्य मुलुकहरूले श्रमिक भर्नामा औपचारिक रूपमा कामदारहरू भर्ना गर्दा वहन गर्नु पर्ने (नेपालद्वारा अपनाइएको वर्तमान 'रोजगारदाताले गर्ने भुक्तानी' मोडालिटीअनुसारको) लागतहरू छल्ने उदेश्यले, भिजिट भिसा प्रयोग गरेको पनि रिपोर्ट गरिएको छ (Kharel et al. 2021)। अध्यागमन विभागका एकजना प्रतिनिधिलाई उद्धृत गर्दै एउटा समाचार सञ्चारमाध्यम स्रोतमा यस्तो रिपोर्ट गरिएको थियो:

> *संयुक्त अरब इमिरेट्स जस्ता मुलुकहरूले आफ्नो भिजिट भिसाका नीतिलाई तुलनात्मक रूपमा सहज बनाएका छन्। नेपालीहरूलाई व्यक्तिगत श्रम स्वीकृति लिनुभन्दा पनि भिजिट भिसामा जान र त्यहाँ काम खोज्न सजिलो लाग्ने गरेको छ... तर यदि उनीहरूले भिजिट भिसाका आवश्यकताहरू - वैध भिसा, दुईतर्फी टिकटहरू, आवासको व्यवस्था र यात्रा खर्चका रूपमा US$1,000 बराबरको मुद्रा पूरा गरेका छन् भने हामी कसैलाई पनि रोक्न सक्दैनौं।*
>
> (Mandal २०२०)

4. **गैरपरम्परागत/नयाँ गन्तव्य मुलुकहरूबाट श्रम मागहरू** - विशेषगरी श्रम बेचबिखनका घटनाहरूमा मानव बेचबिखनको मार्ग र ढाँचामा भएको परिवर्तन गन्तव्य मुलुकहरूबाट आउने मागहरूसँग सम्बन्धित हुन सक्छ । उदाहरणका लागि, सिरियाको युद्ध र अहिलेका श्रमिक पठाउने मुलुकहरूले कामदार पठाउन इच्छा नदेखाएको कारणले गर्दा युद्धले क्षति पुऱ्याएको मुलुकमा नेपाली कामदारहरूको उच्च माग सिर्जना गरेको छ। समाचारपत्रको रिपोर्टअनुसार:

> *यस क्षेत्रका नेपालका शीर्ष कूटनीतिज्ञले नेपाल र बंगलादेश जस्तै धेरै आप्रवासी कामदारको जनसङ्ख्या भएका फिलिपिन्स, इन्डोनेसिया र अन्य मुलुकका नागरिकले जोखिमका कारण सिरियामा काम गर्न छाडेको बताए। त्यसबेलादेखि, तस्करहरूले नेपालीहरूलाई निशाना बनाउँदै आएका छन्... आपराधिक सञ्जालहरूले नेपाल र बंगलादेशका नागरिकहरूलाई निशाना बनाउनुको कारण केही हदसम्म तिनीहरूको सरकारको यस क्षेत्रमा कम कूटनीतिक प्रभाव हुनु र सिरियामा दूतावास नहुनु हो।*
>
> (Agence France Presse २०१६)

### ४.९.४ बेचबिखनका ढाँचाहरूमा भएका परिवर्तनहरूका सम्बन्धमा संवाददाताहरूको अवलोकन

नमुना समाचार पत्रका संवाददाताहरूलाई नेपालबाट हुने बेचबिखनका गन्तव्य र मार्गहरूमा परिवर्तन भएको छ वा छैन भनेर पनि सोधिएको थियो। सबै संवाददाताले नेपालबाट हुने बेचबिखनका गन्तव्य र मार्ग दुवैमा परिवर्तन भएको देखेको बताए। उत्तरदाताहरूले सन् २०१६ भन्दा अगाडि, बेचबिखनका घटनाहरू प्रायः भारतीय सहरहरू नयाँ दिल्ली, मुम्बई र कोलकाता वा खाडी क्षेत्रमा केन्द्रित थियो भनी उल्लेख गरे। बेचबिखन गर्नेहरूले प्रायः नेपाल-भारत सीमा नाका हुँदै युवतीहरूलाई भारतमा यौन व्यवसायका लागि ओसारपसार गर्न स्थलमार्ग प्रयोग गरेको वा  खाडी क्षेत्रका अन्य मुलुकहरूमा युवतीहरूलाई ओसारपसार गर्ने उद्देश्यले यस्तो गरेको उनीहरूको दाबी छ।

तर, पछिल्ला वर्षहरूमा बेचबिखनका गन्तव्यहरू भारत र खाडी क्षेत्रभन्दा बाहिर उत्तरी अमेरिका, युरोप र अफ्रिकाका अन्य मुलुकहरूमा विस्तार भएको र फस्टाएको संवाददाताहरूले बताए। त्यसैगरी, तस्करहरूले नयाँ मार्गहरू भेटेसँगै बेचबिखनका मार्गहरूमा  ठूलो परिवर्तन भएको कुरा पनि उनीहरूले उल्लेख गरे। म्यानमार, श्रीलङ्का, थाइल्याण्ड, टर्की, लिबिया र मालीलगायतका अन्य मुलुकहरू बेचबिखनका लागि नयाँ ट्रान्जिट क्षेत्रका रूपमा देखा परेको उनीहरूले बताए।

धेरैजसो संवाददाता र सम्पादकहरूले बेचबिखनको प्रकृतिमा केही वर्ष यतादेखि परिवर्तन आएको छ भन्ने कुरामा सहमति जनाएका छन्। केही संवाददाताहरूले हाल सञ्चारमाध्यममा आएका बेचबिखनका घटनाहरूको वैदेशिक श्रम रोजगारसँग सम्बन्ध रहेको र यो जबरजस्ती श्रम, घरेलु सेवा र दासत्वसँग समेत सम्बन्धित रहेको उल्लेख गरे। उनीहरूको दृष्टिकोणमा विगतमा बेचबिखनका रिपोर्टहरूले प्रायजसो यौन बेचबिखन र बाल श्रमसम्बन्धी मुद्दाहरूलाई समेटेको थियो। अन्तर्वार्ताको क्रममा एउटा नमुना समाचारपत्रका सम्पादकले (E1) यो कुरा बताए:

> *कुनै समयमा गन्तव्य देश भारत मात्र थियो तर अहिले हामीले अन्य धेरै गन्तव्य देशहरू देख्छौं। यो विगतमा मानिसको प्रत्यक्ष व्यापारमा आधारित थियो भने अहिले यसले*

*जबरजस्ती श्रम र दासत्वका अन्य स्वरूपहरू लिएको छ। प्रचलन परिवर्तन भएको छ; नतिजा उहीँ छ। हामी मूल कारणहरू बाहिर ल्याउन असफल भइरहेका छौँ।* [30]

संवाददाताहरूले बेचबिखनको गन्तव्यमा भएका परिवर्तनहरूलाई समयसँगै मानिसका आकांक्षाहरूमा भएका परिवर्तनहरूमा खोज्न सकिने बताए।आफ्नो सामाजिक आर्थिक अवस्थाहरू सुधार्नका लागि कुनै पनि माध्यमद्वारा औद्योगिक मुलुकहरूमा जाने मानिसहरूको मनोग्रस्तिले गर्दा श्रम बेचबिखनको बजार बढेको छ। अध्ययनका लागि अन्तर्वार्ता दिएका  एकजना संवाददाता (R1) को शब्दमा: 'मानिसहरू गुणस्तरीय जीवन जिउन चाहन्छन् र उनीहरू युरोप र अमेरिकाका गन्तव्यहरूमा जाने अवसर खोज्छन् तर यो प्रक्रियामा उनीहरू छलमा पर्छन्।'[31]

## ४.१० मानव बेचबिखनको सञ्चारमाध्यम 'रिपोर्टिङ लेन्स'

खण्ड ३.१ मा चर्चा गरिएअनुसार, मानव बेचबिखनका समस्याहरूबारे जनतालाई जानकारी गराउन र पीडितहरूको आवाजलाई उठाउन सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेल्छ। मानव बेचबिखनका रिपोर्टहरूको सञ्चारमाध्यम फ्रेमिङ वा 'रिपोर्टिङ लेन्स' ले जनमतलाई आकार दिन, सार्वजनिक कार्यसूची तय गर्न र मुद्दासम्बन्धी राजनीतिक क्षेत्रलाई प्रभाव पार्नसक्छ। यसै सन्दर्भमा, वर्तमान अध्ययनले मानव बेचबिखनको मुद्दालाई सञ्चारमाध्यमले कसरी प्रस्तुत गरेको छ भनेर पनि विश्लेषण गरेको छ। विशेषगरी, अध्ययनले सञ्चारमाध्यमले मानव बेचबिखनका घटनाहरूलाई 'राज्यको असफलता', 'गरिबी र आर्थिक अभावको परिणाम' र/वा 'मानव अधिकारको दृष्टिकोणबाट' प्रस्तुत गरेको छ छैनभनेर पहिचान गर्न खोजेको थियो। समाचार लेखहरूको कोडिङको पहिलो चरणमा यी समुहहरु पहिचान गरिएको थियो। सञ्चारमाध्यम रिपोर्टहरूमा यी तीन लेन्सहरूको बारम्बार प्रयोग गरिएका थिए र त्यसैले छिट्टै पहिचान गरियो। संवाददाताहरूले एकै समयमा धेरै फ्रेमहरू प्रयोग गर्दा यी फ्रेमहरू एउटै लेखमा खप्टिएकादोहोरिएका पनि थिए । अध्ययनले समाचार लेखहरूमा प्रयोग गरिएका अन्य रिपोर्टिङ लेन्सहरू छुटाएको हुन सक्छ। धेरै लेखहरूले कुनै पनि प्रत्यक्ष फ्रेम प्रयोग नगरेको पनि पाइयो किनकि तिनीहरूले के भयो भनेर मात्र रिपोर्ट गरे र यो कसरी भयो भनेर अन्वेषण गरेका छैनन्। यस अध्ययनले सबैभन्दा प्रभावशाली फ्रेमहरू मात्र विश्लेषण गर्ने उद्देश्य राखेको छ; समाचार लेखहरूमा प्रयोग गरिएका प्रत्येक रिपोर्टिङ लेन्सको विश्लेषण गर्नु अध्ययनको दायराभन्दा बाहिर थियो।

यी तीन वटा लेन्स सरकारी र गैरसरकारी समाचार सञ्चारमाध्यमबाट प्रकाशित रिपोर्टहरूमा प्रयोग भए पनि निजी समाचार सञ्चारमाध्यमको तुलनामा सरकारी सञ्चारमाध्यमले राज्य र मानवअधिकारको परिप्रेक्ष्यको असफलताको लेन्स प्रयोग गर्ने सम्भावना कम र गरिबी र अभावको लेन्स प्रयोग गर्ने सम्भावना बढी थियो (तालिका ४.११)।

30 सम्पादकसँगको अन्तर्वार्ता (E1), २५ अक्टोबर २०२१.

31 संवाददातासँगको अन्तर्वार्ता (R1), २० अक्टोबर २०२१.

## तालिका ४.११ सञ्चारमाध्यमका स्वामित्व प्रकार अनुसार रिपोर्टिङ लेन्स

| **रिपोर्टिङ लेन्स** | **सरकारी समाचार सञ्चारमाध्यम (%)** | **निजी समाचार सञ्चारमाध्यम (%)** | **समग्रमा (%)** |
|---|---|---|---|
| राज्यको असफलता | १५.३ | २५.७ | २३.५ |
| गरिबी र आर्थिक अभावको परिणाम | ४२.१ | २१.६ | २५.६ |
| मानव अधिकार दृष्टिकोण | ९.५ | २६.० | २२.७ |
| *N=४८० (सरकारी सञ्चारमाध्यम: ९५; निजी सञ्चारमाध्यम: ३८५)* | | | |

स्रोत: लेखकहरुको आफ्नै।

यस अध्ययनमा सन् २०१६ देखि २०२० सम्मको मानव बेचबिखनसम्बन्धी ४८० वटा लेखको समीक्षा गरिएको थियो, जसमध्ये ११३ लेख (२३.५ प्रतिशत) हरुले नेपालमा मानव बेचबिखनविरुद्ध लड्न राज्यको असफलता नै नेपालमा मानव वेचविखन कायम रहनु वा ढाँचा परिवर्तन हुनुको कारणको रूपमा प्रस्तुत गरेका छन्। मानव बेचबिखन रोक्न वा अपराधीहरूलाई कारवाही गर्न केही नियमहरू लागू गर्न राज्यको असक्षमताका लागि सामान्यतया आलोचना भएको थियो। उदाहरणका लागि, सन् २०२० को सञ्चारमाध्यम रिपोर्टले अनुसन्धानमा AHTB को कमीकमजोरीबारे आलोचना गरेको छ:

> *अनुसन्धानमा प्रहरीको कमीकमजोरीका कारणले गर्दा वर्षौंदेखि यस्तै प्रकृतिका मानव बेचबिखन घटनाहरू भइरहेका छन्। सामाजिक सञ्जालमार्फत पीडितलाई आकर्षक जागिरको प्रलोभनमा पारेर र लाखौं रुपैयाँ ठगी गरेर थाइल्यान्ड, कम्बोडिया, लाओसलगायत मुलुकमा अलपत्र पार्ने घटना बारम्बार भइरहेका छन्। अनौठो कुरा त के भने वर्षौंदेखि एउटै व्यक्ति यस्ता घटनाहरूको मुख्य नायक भएको पाइन्छ।*
>
> (Sapkota २०२०b) [अनुवादित]

महिलाहरू विरुद्ध राज्यको प्रतिबन्धित आप्रवासन नीतिका कारण महिलाहरूलाई मानव बेचबिखनमा बढी जोखिममा पारेको भनी आलोचना गरिएको थियो, जुन २०२० को यस सञ्चारमाध्यम रिपोर्टमा दर्शाइएको गरिएको छ:

> *संरक्षणवादी दृष्टिकोण नअपनाएको भए यी महिला कामदारहरू शोषण र मानव बेचबिखनको पीडित हुने बताउँदै सरकारले आफ्नो रक्षा गर्छ। तर पनि, त्यसो गरेर उनीहरूले अवैध माध्यमबाटआप्रवासन गरेको कारणले आफूलाई नै असुरक्षित बनाएका छन्।*
>
> (Mandal 2019b)

बेचबिखनको मुद्दालाई राज्यको असफलताको रूपमा प्रस्तुत गर्दै विमानस्थलका अधिकारीहरूले तस्करहरूलाई सहयोग गर्न भूमिका खेलेको भन्दै आलोचना गरिएको थियो। एउटा समाचार लेखमा रिपोर्ट गरिएअनुसार:

> *संसदअन्तर्गतको 'अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति' ले मङ्गलवार सार्वजनिक गरेको तथ्याङ्कअनुसार खाडी मुलुकमा काम गर्न जाने घरेलु कामदारमध्ये ६० प्रतिशतले त्रिभुवन विमानस्थलबाट 'सेटिङ' गरी उडान भर्ने गरेका छन्। गैरकानुनी माध्यमबाट खाडी मुलुकमा आप्रवासन गरेका घरेलु कामदारमध्ये ६० प्रतिशतलाई विमानस्थलबाट भिजिट भिसा वा 'सेटिङ' मा पठाइएको र विमानस्थलमा कार्यरत अध्यागमन अधिकारी तथा सुरक्षाकर्मी, एयरलाइन्सका कर्मचारी र बिचौलियाहरू अवैध व्यापारमा प्रत्यक्ष संलग्न रहेको प्रतिवेदनमा उल्लेख छ।*
>
> (Regmi २०१७) [अनुवादित]

करिब २५.६ प्रतिशत लेख (४८० मध्ये १२३) ले नेपालबाट हुने मानव बेचबिखनलाई आफ्नो मुलुकको गरिबी र आर्थिक अभावको मुद्दाका रूपमा चित्रण गरेका छन्। उदाहरणका लागि, सन् २०१९ को एउटा लेखमा यसरी रिपोर्ट गरिएको थियो : 'रुपन्देहीमा विपन्न पृष्ठभूमिका धेरै महिलाहरू अवैध उपायहरू अपनाएर रोजगारीका लागि विदेश जाने क्रम जारी छ' (Anmol २०१९)। त्यसैगरी, सन् २०२० को एउटा समाचार रिपोर्टले मानव बेचबिखन विरुद्धमा कार्यरत संस्थाका एकजना अधिकारीलाई उद्धृत गर्दै यसो बताएको छ:

> *रोजगारी र चेतनाको अभाव र गरिबी नै [बेचबिखनका] मूल कारणहरू हुन् ... पढ्न लेख्न नसक्ने र फोन गर्न समेत नसक्नेहरू पनि बेचबिखनमा परेका छन्। यसले उनीहरू पूर्ण रूपमा अनभिज्ञ रहेको देखाउँछ।*
>
> (Mandal २०२० a)

नमुना लेखहरूको लगभग 22.7 प्रतिशत (480 मध्ये 109) ले मानव अधिकारलाई सन्दर्भ गरेको छन, यद्यपि तिनीहरूले मानव बेचबिखनको मुद्दालाई मानव अधिकार उल्लङ्घनको परिणामको रूपमा फ्रेम गरेनन्। सन् २०१९ को एउटा समाचार लेखले यसरी रिपोर्ट गरेको छ:

> *दुई वर्षअघि सरकारले नेपाली महिलाहरूलाई सम्भावित शोषणबाट जोगाउन खाडी मुलुकहरूमा घरेलु कामदारको काम लिन प्रतिबन्ध लगाएको थियो। तर यस विषयमा चिन्ता बढ्दै गएको छ, किनकि अधिकारकर्मी र संगठनहरूले यस्तो प्रतिबन्धले व्यक्तिको गतिशीलताको अधिकारमा उल्लङ्घन गरेको बताउँछन्। तर सरकार के गर्ने भन्ने कुरालाई लिएर अन्योलमा परेको देखिन्छ।*
>
> (Mandal २०१९ b)

### ४.१०.१ नेपालमा हुने मानव बेचबिखनका बारेमा लेख्ने र प्रकाशन गर्ने सञ्चारमाध्यम संवाददाता र सम्पादकहरूको अनुभव

संवाददाता र सम्पादकहरूलाई प्रकाशनका लागि मानव बेचबिखनका मुद्दाहरू छनोट, खोजी र अनुगमन गर्ने कार्यमा संलग्न निर्णय प्रक्रिया र सो निर्णय प्रक्रियालाई असर गर्ने कारकहरूका बारेमा सोधिएको थियो। संवाददाताहरूले मानव बेचबिखनका घटनाका अधिकांश समाचार घटनामा आधारित प्रतिवेदन हुने उल्लेख गरेका छन्, अर्थात् ती घटना घटेपछि वा प्रहरी वा बेचबिखन विरुद्धको संघसंस्था जस्ता स्रोतहरूबाट सूचना उपलब्ध भएपछि संवाददाताहरूले खोजी

गर्छन्। मानव बेचबिखनका बारेमा रिपोर्ट प्रकाशित गर्ने निर्णय संवाददाताले स्वतन्त्र रूपमा लिन्छन्, यद्यपि सम्पादकले कुन-कुरामा ध्यान केन्द्रित गर्ने र/वा ध्यान हटाउने भनेर भन्न पनि सक्छन्। धेरैजसो संवाददाताहरूले बेचबिखनको कथा/रिपोर्ट प्रकाशित गर्न कुनै बाधाको सामना गर्नु नपरेको दाबी गरेका छन्। त्यसैगरी, कतिपय संवाददाताहरूले कुनै अन्य कथा जस्तै मानव बेचबिखनका कथाहरू प्रकाशित गर्ने निर्णय पनि न्यूजरूममा हुने आवधिक बैठकहरूमा आधारित हुने गरेको बताए।

नेपालका धेरैजसो संवाददाताहरूमा मानव बेचबिखनसम्बन्धी कथाहरूको रिपोर्टिङका लागि पर्याप्त तालिम र मार्गदर्शनको अभाव भएको पनि संवाददाताहरूले उल्लेख गरे।[32] कसै-कसैले तस्करी सम्बन्धी कथाहरू खोजमूलक रिपोर्टिङको सट्टा प्रेस विज्ञप्ति र गैरसरकारी संस्थाबाट उपलब्ध सूचनामा आधारित भएर लेखिएका र प्रकाशित गरिएको दाबी गरे।

लेखहरूको फ्रेमिङमा धेरै व्यक्तिपरकता थियो। संवाददाताहरूले उनीहरूको मूल्यमान्यता, ज्ञान र मानव बेचबिखनका घटनाहरूको बुझाइले कथाहरू रिपोर्ट गर्ने तरिकामा मुख्य भूमिका खेलेको थियो भन्ने कुरामा दाबी गरे। मानव बेचबिखन घटनाको लेखन वा रिपोर्टिङमा कुन फ्रेम प्रयोग गर्ने भन्ने निर्णय पूर्णतया संवाददाताको व्यक्तिपरकता र त्यसपछि र सम्पादक/न्युजरूमलाई प्रयोग गरिएको फ्रेम/कोण सबैभन्दा उपयुक्त थियो भनेर विश्वस्त पार्ने निजकोक्षमतामा निर्भर हुने बताए। मानव बेचबिखनका मुद्दाहरूका बारेमा लेखन वा रिपोर्टिङमा कुन फ्रेम/कोण प्रयोग गर्ने भन्ने बारे निर्णय लिने कारकहरू बारे सोध्दा, एक संवाददाता (R3) ले 'पाठकहरूको चासो' हाइलाइट गर्दै, रिपोर्टिङलाई आकार दिने महत्त्वपूर्ण कारक हो भनेर जवाफ दिएः

> *फ्रेमको विषयमा संवाददाताहरू आफैँले वा न्यूजरूमले निर्णय गर्छ। हामी रिपोर्टलाई नयाँ कोण दिने प्रयास गर्छौं, जुन यसअघि कसैले नसुनेको होस् । तर पनि, हामी सबैले यसमा सबै सम्भावित फ्रेमहरू समावेश गर्ने प्रयास गर्छौं। निर्णयका लागि धेरै कारकहरूले भूमिका खेल्छन्, यसमा पाठकहरूको चासो र बचेकाहरूका लागि यसले ल्याउने केही मद्दत लागायतका कुरा पर्दछन् पाठकहरूको चासो र बाँचेका उत्तरजीवीहरूका लागि यसले ल्याउने केही प्रकारको मद्दतसहित निर्णयका लागि धेरै कारकहरूमा भूमिका खेल्छन्।* [33]

तलको उद्धरणमा चित्रण गरिएझैं, अध्ययनका लागि छानिएको एउटा पत्रिकाका सम्पादक (E1) ले पनि यस्तै कुरा उठाए तर अघिल्लो उद्धरणसँगै पढ्दा केही थप सङ्केत दिँदै, महिलाहरूलाई असुरक्षित र पीडितको रूपमा प्रस्तुत गरिएको कथाले पाठकहरू आकर्षित गर्छ भन्ने बताए। उनले मानव बेचबिखनसम्बन्धी समाचार रिपोर्टिङको गहिराइमा नपुग्नुका लागि सम्पादकहरू होइन, संवाददाताहरू नै जिम्मेवार छन् भनेर पनि बताए।

> *अधिकांश पीडित महिलाहरू भएकाले, हामीले प्रायः दयाको कोण देख्छौं। यसले भाषा र कथालाई सोहीअनुसार अघि बढाउँछ संवाददाताहरूले मेहनत गरेको भए हामीले यी सम्बन्धको जालोमा र यसका पछाडि रहेको  प्रभावशाली व्यक्तिहरूबारे  प्रकाश पार्न सक्थ्यौं।* [34]

---

[32] संवाददातासँगको अन्तर्वार्ता (R2), २३ अक्टोबर २०२१.

[33] संवाददातासँगको अन्तर्वार्ता (R3), 21 अक्टोबर २०२१.

[34] सम्पादकसँगको अन्तर्वार्ता (E1), २५ अक्टोबर २०२१.

तथापि  सम्पादकको कथन सावधानीका साथ लिनु आवश्यक छ किनकि कथाहरू र रिपोर्टिङको चौडाइ र गहिराइको बारेमा अन्तिम निर्णय गर्दा शक्तिसम्बन्धको भूमिका आउन सक्छ: एक पक्षले कथामा रहेका अपर्याप्तताहरूबारे अर्कोलाई दोष दिन सक्छ।

नेपालका मानव बेचबिखनका सञ्चारमाध्यमहरूले कुनै विशेष मुद्दामा बढी वा कम ध्यान दिएका छन् भनी सोध्दा धेरैजसो संवाददाताहरूले बेचबिखनसम्बन्धी सञ्चारमाध्यम रिपोर्टहरू प्रायः पीडित केन्द्रित भएको बताए। रिपोर्टहरूले प्रायः बेचबिखनका घटनाहरूलाई कथित पीडितहरूको कोणबाट चित्रण गरेका छन, जबकि आरोपीत अपराधीहरूको पहिचान खुलाउन वा बेचबिखन जालोबारे विस्तृत अन्वेषण गर्न सोही अनुरुपको ध्यान दिइएन। एउटा राष्ट्रिय दैनिकका सम्पादक (E2) ले यस्तो बताए:

> *हामीले मुख्यतया व्यक्तिगत उदाहरणमा बढी र प्रवृत्तिहरूमा कम ध्यान केन्द्रित गरेका छौं। हाम्रो सरकारले यस सम्बन्धमा बारम्बार असक्षमता देखाएको छ र समानुभूतिको भावनाले भरिएका कथाहरूको तुलनामा यो कुरा प्रकाशनमा आएको छैन। अपराधी र पीडित बाहेक, मलाई लाग्छ कि हामीले हाम्रो ध्यान बेचबिखन सञ्चालन गर्ने आपराधिक जालोतर्फ बढी केन्द्रित गर्नुपर्छ। कमजोर प्रहरी सञ्जाल यसको अर्को बाधक हो भन्ने तथ्यलाई हामी नकार्न सक्दैनौं।* [35]

[35] सम्पादकसँगको अन्तर्वार्ता (E2), 22 अक्टोबर २०२१.

# ४. निष्कर्ष र सुझावहरू

सञ्चारमाध्यमहरू सूचनाको मुख्य स्रोत हुन् र तिनीहरूको मानव बेचबिखनसम्बन्धी चित्रण र रिपोर्टिङले सार्वजनिक र राजनीतिक चेतना, राय र प्रतिक्रियाहरूलाई आकार दिन महत्वपूर्ण भूमिका खेल्न सक्छ। यस अध्ययनले मुख्यतया रिपोर्टमा आएका नेपालबाट अन्तर्राष्ट्रिय मानव बेचबिखन मार्गहरूमा भएका परिवर्तनहरू जाँच गर्न, रिपोर्ट गरिएका पीडितहरू र आरोपीत अपराधीहरूको पहिचान गर्न र अवरोधकको रूपमा काम गर्ने निकायहरूको खोजी गर्न नेपालका छ वटा प्रमुख राष्ट्रिय समाचार पत्रको समाचार संग्रहबाट नमुना सामग्रीको विश्लेषण गरेको छ। सङ्ग्रहित तथ्याङ्कको विश्लेषणलाई मानव बेचबिखनसम्बन्धी विद्यमान तथ्याङ्क/प्रकाशित दस्तावेजको समीक्षाद्वारा र मानव बेचबिखन रिपोर्टिङसँग सम्बन्धित समस्याहरूमा समाचारपत्र संवाददाता र सम्पादकहरूसँगको अन्तर्वार्ताद्वारा थप पुष्टि गरिएको छ।

मानव बेचबिखन नेपालमा लामो समयदेखि निरन्तररुपमा समस्याको रुपमा रहेको छ। नेपाल बेचबिखनको प्रमुख स्रोत मुलुक हो। भारतसँग लामो खुला सीमाना रहेको तथ्यले नेपालबाट भारत हुँदै विदेशी गन्तव्यमा हुने बेचबिखनको मात्रालाई तिव्रता दिएको छ। रिपोर्ट गरिएका बेचबिखनसम्बन्धी अधिकांश घटनाहरू छल वा कपटमा आधारित थिए; जसमा तस्करहरूले झूटो वाचा र सपना देखाएर पीडितहरूलाई लोभ्याउने वा फकाउने गरेका थिए। मानव बेचबिखनका सबैभन्दा धेरै रिपोर्ट गरिएका प्रकारहरूमा श्रम बेचबिखन र यौन बेचबिखन थिए। समाचारपत्रका रिपोर्टमा श्रम बेचबिखनबारे नियमित समाचार प्रकाशन हुने कुरा नेपालमा बेचबिखनका घटनाहरू बढ्दो रूपमा श्रम आप्रवासन र वैदेशिक रोजगारीसँग जोडिएको छ भन्ने प्रकाशित दस्तावेजबाट प्राप्त निष्कर्षसँग मेल खान्छ।

मानव बेचबिखनसम्बन्धी समाचार लेखहरूमा कथित महिला पीडितहरूको बाहुल्यता देखिएको कुरा अन्य मुलुकहरूमा मानव बेचबिखनसम्बन्धी समाचार प्रकाशनको समाचार विश्लेषणबाट प्राप्त निष्कर्षहरूसँग मेल खान्छ। नेपालमा मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदनले पनि नेपालमा सबैभन्दा बढी पीडित महिलाको रूपमा पहिचान गरेको कुरा यहाँ उल्लेखनीय छ। नेपालबाट श्रम आप्रवासनमा पुरुषहरूको बाहुल्यता भए पनि श्रम बेचविखनसमबन्धी लेखहरूमा महिला पीडितहरू बढी देखिनु अर्को महत्वपूर्ण पक्ष हो । यो विशेषगरी महिला आप्रवासी कामदारहरूले घरेलु कामका लागि आप्रवासनमा लगाइएको प्रतिबन्धको कारणले आप्रवासनका लागि अनौपचारिक माध्यमहरू प्रयोग गरेको हुनाले हुन सक्छ। यसबाहेक, घरेलु कामका लागि महिला आप्रवासनमा लागाइएको प्रतिबन्ध उनीहरूको मानवअधिकारको उल्लङ्घन हो भन्ने कुरामा हालै नीति निर्माता, मानवअधिकारकर्मी, सरकार, गैरसरकारी संस्थाहरू लगायतको ध्यानाकर्षण भएको छ।

तसर्थ, अनौपचारिक, अनाधिकृत माध्यमद्वारा हुने महिला श्रम आप्रवासनका रिपोर्टहरू समाचार पत्रहरूमा आउने सम्भावना बढी छ। बेचबिखन विरुद्ध कार्यरत संस्थाहरू र प्रहरीले महिला आप्रवासी कामदारहरूको स्वतन्त्र आवागमनमा बढी निगरानी राख्नु कथित महिला पीडितहरूको रिपोर्टिङको उच्च दरको कारण हुन सक्छ। त्यसैगरी, मानव बेचबिखन र आप्रवासन बीच जोडिएको सम्बन्धलाई विचार गर्ने हो भने, मानव बेचबिखन र वैदेशिक रोजगारीका मुद्दाहरूका लागि नेपालमा रहेका निकायहरुको भिन्न-भिन्न क्षेत्राधिकार र उजुरी संयन्त्र एवम् पुरुष प्रधान वैदेशिक रोजगार क्षेत्रले बेचबिखनमा पर्ने पीडितहरूको पूर्ण चित्रण नगरेको हुन सक्छ। यसले नेपालमा मानव बेचबिखन र श्रम आप्रवासन मुद्दाहरूको अनुसन्धानका लागि जिम्मेवार सरकारी निकायहरूबीच समन्वयको आवश्यकतालाई औंल्याउँछ।

सन् २०१६ अघि चीनको स्वायत्त क्षेत्र तिब्बत र हङकङ (चीनको विशेष प्रशासनिक क्षेत्र), दक्षिण कोरिया र खाडीका मुलुकहरू परम्परागत रूपमा बेचबिखनका प्रमुख गन्तव्यहरू थिए। यसैगरी, विद्यमान प्रकाशित दस्तावेजमा तस्करहरूले भारत र अन्य मुलुकहरूमा पीडितहरूको ओसापसार गर्नका लागि भूमि मार्गहरू (जस्तै नेपाल र भारत बीचको खुला सीमानाबाट) निरन्तर प्रयोग गरेको कुरा पनि उल्लेख गरेको पाइन्छ। यस अध्ययनमा देखिएझैं, भारत अझै पनि मानव बेचबिखनका लागि प्रमुख गन्तव्य र ट्रान्जिट मुलुकको रूपमा रिपोर्ट गरिएको छ र दक्षिण कोरिया, चीन र खाडीका मुलुकहरू, सन् २०१६ देखि प्रमुख गन्तव्यहरूको रूपमा रिपोर्ट गरिएको छ। सन् २०१६ देखि युरोपेली मुलुकहरू, ल्याटिन अमेरिकामा पर्ने देशहरू, म्यानमार र विभिन्न अफ्रिकी मुलुकहरूलाई नयाँ गन्तव्य र ट्रान्जिट मुलुकहरूको रुपमा पनि रिपोर्ट गरिएको छ।

सन् २०१६ र २०२० बीचको समाचार लेखहरूको विश्लेषणले बेचबिखनका लागि तस्करहरूले प्रायः मार्गहरू परिवर्तन गर्ने र नयाँ ट्रान्जिट क्षेत्रहरू प्रयोग गर्ने देखाउँछ। घरेलु कामका लागि महिला आप्रवासनमा लगाइएको प्रतिबन्ध र भारतीय विमानस्थलबाट उडान भर्नका लागि NOC आवश्यक पर्ने जस्ता नेपाल सरकारले बेचबिखन र शोषणबाट नेपालीहरूलाई 'संरक्षण' गर्न प्रयोग गरेको दृष्टिकोण नै महिलाहरू विभिन्न गन्तव्य मुलुकहरूमा बेचबिखन हुनुको प्रमुख कारण भएको रिपोर्ट गरिएको छ। नेपाल सरकारले भारतीय विमानस्थलबाट हवाई यात्राका लागि NOC अनिवार्य गरेपछि तस्करहरूले पीडितहरूलाई म्यानमार लैजान भारत हुँदै नयाँ स्थल मार्ग प्रयोग गरेको पनि विश्लेषणले देखाएको छ। यसले तत्कालीन समाधान खोज्नुको सट्टा शोषण र बेचबिखनका मुद्दाहरूलाई व्यापक र दीर्घकालीन रुपमा सम्बोधन गर्ने नीति आवश्यक रहेको देखाउँछ।

यी निष्कर्षहरूमा आधारित भई, यो अध्ययनले निम्न सिफारिसहरू पेश गर्दछ:

१. अध्ययनबाट निस्किएका खोजहरूले नेपालमा मानव बेचबिखनसँग सम्बन्धित समस्याहरूमा अनुसन्धानात्मक पत्रकारिताको कमीलाई सङ्केत गर्छ। मानव बेचबिखनसम्बन्धी धेरैजसो रिपोर्टहरू अवरोधकहरूका रिपोर्टहरूमा आधारित छन्। तसर्थ, नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरूलाई पत्रकारहरूले मानव बेचबिखन सँग सम्बन्धित मुद्दाहरूमा अनुसन्धानात्मक रिपोर्टिङ गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ। यसका लागि नेपालमा अनुसन्धानात्मक पत्रकारितागर्दा आइ पर्ने चुनौतीहरू पहिचान गर्न र सम्बन्धित सरकारी निकाय र पत्रकार संघलगायतका निकायबीच समन्वय गरी ती अवरोधहरूलाई सम्बोधन गर्न आवश्यक छ। वित्तीय स्रोतहरूको बाँडफाँड मानव बेचबिखनका सम्बन्धमा अनुसन्धानात्मक पत्रकारिता अनुसरण गर्ने संवाददाताहरूका लागि प्रेरणादायक कारक हुन सक्छ।

२. अध्ययनका लागि अन्तर्वार्ता दिएका संवाददाताहरूले नेपालबाट हुने मानव बेचबिखनसम्बन्धी रिपोर्टिङमा व्यवस्थापनबाट कुनै पनि प्रकारको बाधाअवरोध सामना गर्नु नपरेको बताए। संवाददाताहरूलाई मानव बेचबिखन मुद्दाहरूमा खोजमूलक र समाचार रिपोर्टिङसम्बन्धी तालिम दिने व्यवस्था गरी यो सूक्ष्मता र कठिन क्षेत्रहरू भएको फराकिलो विषय हो भन्ने कुरा स्पष्ट पारी यसलाई आप्रवासन र अधिकारसँग जोड्ने कुरा अघि सारेमा गुणस्तरीय रिपोर्टिङमा योगदान पुग्न सक्छ। यो भनेको संकीर्ण दृष्टिकोण वा खण्डीकृत रिपोर्टिङबाट बच्न र व्यापक रिपोर्टिङलाई प्रवर्द्धन गर्नका लागि हो। संवाददाता र सम्पादकहरूलाई सान्दर्भिक मानव बेचबिखनका समाचार कथाहरू, रिपोर्टिङ कोण, भाषा संवेदनशीलता र अपराध र खुलासाको दायराबारे प्रभावकारी सञ्चार विषयमा प्रशिक्षण दिन सकिन्छ। त्यसैगरी, ठोस रिपोर्टिङ, सत्यतथ्य अन्वेषण र समालोचनात्मक लैङ्गिक विश्लेषणलगायतका विश्लेषणका लागि तालिम दिइनुपर्छ।

३. मानव बेचबिखनसँग सम्बन्धित समाचारले महिला पीडितहरूका साथै यौन/श्रम बेचबिखनलाई प्रमुखता दिन्छ। तसर्थ, समाचार लेखहरूले प्रायः रिपोर्ट नगरिएको मानव बेचबिखनका अन्य पक्ष र स्वरूपहरूमा ध्यान केन्द्रित गर्न पनि आवश्यक छ। बेचबिखनका कथाहरूले गहन खोज गर्ने र मामिलाहरूबारे थप विस्तृत रिपोर्टहरू उपलब्ध गराउने र सम्भव हुँदा खोज पत्रकारिताको पालना गर्नुपर्छ। यी घटनाहरूका सम्बन्धमा सम्पादक र संवाददाताहरूका लागि तालिम सत्र र कार्यशालाहरूको आयोजना गर्नाले मानव बेचबिखनको रिपोर्टिङमा देखिने कमीकमजोरीहरू कम गर्नमा मद्दत पुग्न सक्छ।

४. निश्चित क्षेत्रमा महिलालाई वैदेशिक रोजगारीमा प्रतिबन्ध लगाउने जस्ता प्रतिकूल नीतिहरू परिमार्जन गर्न नेपाल सरकारले पहल गर्नुपर्छ, किनभने यस्ता नीतिले महिला बेचबिखनलाई मात्रै सघाउँछ । नेपाल सरकारले रोजगारी खोज्न प्रतिबन्ध लगाएका मुलुकहरूमा नेपाली महिलाहरूको जोखिमपूर्ण बाटो भएर बेचबिखन हुने गरेको अध्ययनले देखाएको छ, जसले गर्दा उनीहरू दुर्व्यवहार र शोषणको उच्च जोखिममा परेका छन्। महिलाहरूलाई विदेशमा काम गर्ने अवसरहरू क्रमशः पुनः खोल्दै र 'प्रतिबन्धात्मक दृष्टिकोण' को पुनर्विचारले उनीहरूलाई सम्मानजनक र सुरक्षित रोजगारीका लागि प्रचलित, वैध मार्गहरू प्रयोग गर्न अगुवाई गर्न सक्छ।

५. अधिकांश श्रम आप्रवासनसम्बन्धी मामिलाहरू DoFE द्वारा हेरिएको हुनाले, DoFE र AHTB ले निकट समन्वयमा काम गर्न र श्रम बेचबिखनसम्बन्धी मामिलाहरूमा विस्तृत तथ्याङ्क उपलब्ध गराउन आवश्यक छ। यी दुई निकायहरू बीचको यस्तो समन्वयले बेचबिखनमा संलग्न शंकास्पद अपराधीहरूको पारस्परिक निगरानी, सम्भावित वेचविखनका घटनाहरूका बारेमा आपसी सञ्चार र रोजगारी/बेचबिखनका गन्तव्यहरूमा हुने रोजगार/बेचबिखनको प्रकृतिका बारेमा उपलब्ध जानकारीको आदानप्रदान गर्न सक्छ। नेपालबाट हुने बेचबिखनका स्वरूप र ढाँचाहरूमा भएका परिवर्तनहरूलाई विचार गरेर नेपालमा मानव बेचबिखन र श्रम आप्रवासनसम्बन्धी प्रचलित कानुन संसोधन गर्नु पनि महत्त्वपूर्ण छ।

# अनुसूची १: मौखिक सहमति सम्झौता (मुख्य सूचकहरूका लागि)

नमस्कार, मेरो नाम __________________ हो र म काठमाडौं स्थित CESLAM मा अनुसन्धानकर्ताका रूपमा कार्यरत छु। नेपालबाट श्रम आप्रवासनका लागि मानव बेचबिखनका अन्तर्राष्ट्रिय मार्गहरूमा भएको परिवर्तनसम्बन्धी अध्ययन Winrock, IDS र सोसल साइन्स बहा, काठमाडौंमा रहेको सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटीको सहकार्यमा रहेको छ।

म तपाईंलाई हाम्रा लागि केही प्रश्नहरूको जवाफ दिएर यस अनुसन्धानको हिस्सा बन्न अनुरोध गर्न चाहन्छु। तपाईंले उपलब्ध गराउने कुनै पनि जानकारी सिधै तपाईंसँग पुनः जोडिने छैन। अन्तर्वार्तासम्बन्धी तथ्याङ्क अन्तर्वार्ताकर्ता, अनुवादक र मुख्य अनुसन्धानकर्ताहरूका लागि मात्र पहुँचयोग्य हुने छ। यो जानकारी यस अध्ययनमा संलग्न अनुसन्धानकर्ताहरूद्वारा पहुँच गर्न सकिने पासवर्ड-सुरक्षित निजी फाइलमा साझा Google drive मार्फत भण्डार गरिने छ। यो तथ्याङ्क अनुसन्धान उद्देश्यका लागि प्रयोग गरिने छ।

तपाईंलाई यस अध्ययनमा सहभागी भएर कुनै प्रत्यक्ष सम्भाव्य लाभ हुँदैन। अनुसन्धानबाट प्रहरीहरूलाई मानव बेचबिखनका नीतिहरू मूल्याङ्कन गर्न र तिनका बारेमा सूचित गर्नमा मद्दत गर्न सक्ने किसिमको जानकारी प्राप्त हुने छ भन्ने आशा गरिन्छ।

हाम्रो अन्तर्वार्ता पूरा हुन लगभग एक घण्टा लाग्ने छ। हामी तपाईंलाई आरामदायक र श्रव्य गोपनीयता कायम राख्ने खालको स्थान रोज्न प्रोत्साहित गर्छौं। यस अनुसन्धानमा सहभागी हुनु/नहुनु पूर्ण रूपमा स्वैच्छिक हो र तपाईं आफ्नो सहमति फिर्ता लिन चाहनुहुन्छ भने मलाई जानकारी गराएर कुनै पनि समयमा त्यसो गर्न सक्नुहुन्छ। के म यो अन्तर्वार्ताको प्रक्रिया अगाडि बढाउन तपाईंको सहमति पाउन सक्छु? म यो अन्तर्वार्ता रेकर्ड गर्न सक्छु?

सक्नुहुन्छ                                        सक्नुहुन्न

यस अध्ययनमा सहभागी हुनुभएकोमा धन्यवाद, हामी तपाईंको प्रतिक्रिया र समयको मान राख्छौं। तपाईंसँग कुनै पनि समयमा अनुसन्धानबारे कुनै पनि प्रश्न वा चिन्ता भएमा, कृपया श्रम तथा गतिशीलताको अध्ययन केन्द्र (सेन्टर फर दि स्टडी अफ लेबर एण्ड मोबिलिटी, CESLAM) लाई +९७७-१-४५७२८०७ (कार्यालय समय, बिहान १० बजेदेखि साँझ ५ बजेसम्म) फोन गर्न नहिच्किचाउनुहोस्।

तपाईंलाई फेरि पनि धन्यवाद।

# अनुसूची २: अन्तर्वार्ताको जाँचसूची (संवाददाता र सम्पादकहरूका लागि)

**व्यक्तिगत जानकारी:** नाम, पद, संगठन

***नोट:*** *प्रश्नहरू सरोकारवालाहरूको सान्दर्भिकता र कार्यक्षेत्रका साथै समाचार विश्लेषणका प्रारम्भिक नतिजाहरूबाट प्राप्त निष्कर्षहरूका आधारमा अनुकूलित र अद्यावधिक गरिने छ।*

१. मानव बेचबिखनसम्बन्धी के-कस्ता समाचारहरू प्रकाशित गर्ने भन्नेबारे तपाईं कसरी निर्णय गर्नुहुन्छ? कुन-कुन समाचारहरू पछ्याउने भनेर कसले निर्णय गर्छ? के प्रकाशित हुन्छ र के हुँदैन भनेर कसले निर्णय गर्छ?

२. तपाईंको बेचबिखनसम्बन्धी समाचार प्रकाशित नभएको कुनै उदाहरण छ? कारण के थियो?

३. तपाईंलाई मानव बेचबिखनसम्बन्धी राम्रो समाचारमा के कस्तो कुरा हुन्छ जस्तो लाग्छ? यसका लागि के चाहिन्छ र के यो सम्भव छ?

४. नेपालमा हुने मानव बेचबिखनसम्बन्धी सञ्चारमाध्यम रिपोर्टिङमा के केही कुरा छुटेको बा केहि कुराले एकदमै धेरै ध्यानाकर्षण पाएको अनुभव गर्नु भएको छ? कस्ता कथाहरूले एकदमै धेरै/एकदमै कम ध्यानाकर्षण पाएको छ वा कस्ता कथाहरूलाई धेरै/थोरै मात्रामा समेट्न आवश्यक छ?

५. धेरैजसो समाचार लेखहरूमा शंकास्पद पीडितहरूका कथाहरू समावेश हुन्छन्। अपराधीहरूलाई समाचार रिपोर्टहरूमा किन बिरलै पहिचान गरिन्छ? पत्रकारहरूलाई दुवै शंकास्पद पीडित र (आरोपीत) अपराधीहरूसम्म पहुँच गर्न र उनीहरूको पहिचान गर्न कस्ता चुनौतीहरू हुन्छन्?

६. विभिन्न लेखहरूमा विभिन्न सञ्चारमाध्यम फ्रेमहरू हुन्छन्। केहीले मानव अधिकारमा ध्यान केन्द्रित गर्छन्, केहीले गरिबीमा जोड दिन्छन् भने अन्यले मानव बेचबिखन रोक्नमा राज्यको असफलतामा ध्यान केन्द्रित गर्छन्। लेख लेख्दा कुन फ्रेमलाई अगाडी बढाउने भन्ने सम्बन्धमा निर्णय कसरी गरिन्छ?

७. मानव बेचबिखनका घटना/मामिलाहरूबारे प्रारम्भिक जानकारी कसरी प्राप्त गर्नुहुन्छ?

८. नेपालबाट हुने बेचबिखनका अन्तर्राष्ट्रिय मार्गहरूमा कुनै परिवर्तन भएको पाउनुभएको छ? यस्तो परिवर्तनको कारण के हो जस्तो लाग्छ? तपाईंले अन्तराष्ट्रिय मानव बेचबिखनका घटनाहरू ट्र्याक गर्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई पछ्याउनुहुन्छ?

# अनुसूची ३: गुणस्तर मूल्याङ्कन उपकरण

निम्न मापदण्ड समाचार लेखहरूको गुणस्तर मूल्याङ्कन गर्न र तिनीहरूलाई अङ्क दिन प्रयोग गरिने छ।

- सान्दर्भिकता: समाचार लेखमा उपलब्ध गराइएको जानकारी कुन हदसम्म उपयुक्त र अध्ययनका लागि उपयोगी हुने भन्ने कुरा ।
- पूर्णता: लेखले अध्ययनको चौडाइ र गहिराइका सम्बन्धमा पर्याप्त जानकारी उपलब्ध गराउँछ वा गराउँदैन।
- तथ्यहरूको विरुद्ध विचारहरू: के लेख, विचार हो वा समाचार हो?
- शुद्धता: तथ्याङ्क कुन हदसम्म सही, विश्चसनीय र त्रुटिरहित र गैर-भ्रामक छ ।
- बुझ्न सकिने: तथ्याङ्क स्पष्ट, अस्पष्टताविना र सजिलै बुझ्न सकिने छ वा छैन।
- शुद्धता, सत्यता र विश्वसनीयता: उपलब्ध गराइएको जानकारी कुन हदसम्म सही र विश्वसनीय छ।

अध्ययनमा संलग्न दुई जना अनुसन्धानकर्ताले गुणस्तर सूचकहरूमा छुट्टा-छुट्टै स्वतन्त्र रूपमा अङ्क दिनु हुने छ। १ लाई गुणस्तरको न्यूनतम स्तर र ५ लाई गुणस्तरको उच्चतम स्तर मानेर पाँच-अङ्कको स्केल प्रयोग गरिने छ। ५० प्रतिशतभन्दा कम अङ्क ल्याउने कुनै पनि लेखलाई हटाइने छ।

# अनसूची ४: समाचार लेखहरूमा रिपोर्ट गरिएको गन्तव्य

| गन्तव्य | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको प्रतिशत |
| गन्तव्य उल्लेख गरिएको छैन | १६ | १६ | २१ | ४० | १४ | १०७ | २२.३ |
| GCC मुलुकहरू | २५ | ३९ | ३३ | २८ | १३ | १३८ | २८.८ |
| भारत | १८ | १९ | ३३ | ३१ | १८ | ११९ | २४.८ |
| US | ५ | ५ | ५ | ७ | ३ | २५ | ५.२ |
| युरोपेली मुलुकहरू* | ० | २ | ४ | ५ | २ | १३ | २.७ |
| अष्ट्रेलिया | ३ | २ | १ | ७ | ० | १३ | २.७ |
| मलेसिया | ५ | ३ | १ | ० | १ | १० | २.१ |
| केन्या | १ | १ | ३ | ५ | ० | १० | २.१ |
| चीन | १ | १ | २ | ५ | ० | ९ | १.९ |
| क्यानडा | २ | २ | १ | ३ | ० | ८ | १.७ |
| किर्गिजस्तान | ४ | ० | १ | १ | ० | ६ | १.३ |
| सिरिया | १ | २ | २ | १ | ९ | ६ | १.३ |
| साउथ कोरिया | २ | ० | ४ | ० | ० | ६ | १.३ |
| टर्की | ० | ० | २ | ० | ४ | ६ | १.३ |
| दक्षिण अफ्रिका | ० | १ | २ | १ | १ | ५ | १ |
| इटाली | ० | ० | २ | ३ | ० | ५ | १ |
| अफ्रिकी मुलुकहरू* | ० | ० | ४ | ० | ० | ४ | ०.८ |
| अफगानिस्तान | २ | ० | २ | ० | ० | ४ | ०.८ |
| लेबनन | १ | १ | १ | १ | ० | ४ | ०.८ |
| मध्य पूर्वी मुलुकहरू* | १ | ० | ० | २ | ० | ३ | ०.६ |
| लिबिया | ० | ० | ० | ३ | ० | ३ | ०.६ |
| म्यानमार | ० | ० | ० | २ | १ | ३ | ०.६ |
| मलावी | ० | ० | ० | २ | ० | २ | ०.४ |
| मकाओ | ० | ० | १ | १ | ० | २ | ०.४ |
| तुर्किमनिस्तान | १ | १ | ० | ० | ० | २ | ०.४ |
| नेपाल | ० | २ | ० | ० | ० | २ | ०.४ |
| ग्रीस | ० | ० | ० | ० | २ | २ | ०.४ |
| श्रीलङ्का | १ | १ | ० | ० | ० | २ | ०.४ |

| गन्तव्य | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको प्रतिशत |
| टोगो | १ | ० | २ | ० | ० | २ | ०.४ |
| दक्षिणपूर्वी एसिया* | ० | ० | ० | १ | ० | १ | ०.२ |
| अजरबैजान | ० | ० | १ | ० | ० | १ | ०.२ |
| इस्टोनिया | ० | ० | १ | ० | ० | १ | ०.२ |
| हङकङ | ० | ० | १ | ० | ० | १ | ०.२ |
| इरान | ० | ० | ० | १ | ० | १ | ०.२ |
| जापान | ० | ० | १ | ० | ० | १ | ०.२ |
| क्याम्बोडिया | ० | ० | ० | ० | १ | १ | ०.२ |
| लाओस | ० | ० | ० | ० | १ | १ | ०.२ |
| माल्दिभ्स | ० | ० | १ | ० | ० | १ | ०.२ |
| न्यूजिल्याण्ड | ० | ० | १ | ० | ० | १ | ०.२ |
| पोर्चुगल | १ | ० | ० | ० | ० | १ | ०.२ |
| रोमानिया | ० | ० | ० | ० | १ | १ | ०.२ |
| रूस | १ | ० | ० | ० | ० | १ | ०.२ |
| सिङ्गापुर | ० | १ | ० | ० | ० | १ | ०.२ |
| थाइल्याण्ड | ० | ० | ० | ० | १ | १ | ०.२ |
| बहु-प्रतिक्रियाहरू; n=४८० | | | | | | | |
| *नोट: 'GGC मुलुकहरू' मा बाहेक, तालिकामा रहेका क्षेत्रहरू वा क्षेत्रीय संघहरूलाई सन्दर्भ गर्न प्रयोग गरिएका सबै शब्दावली मूल समाचार रिपोर्टहरूमा प्रयोग गरिएका थिए र अध्ययन टोलीद्वारा तयार गरिएका थिएनन्। | | | | | | | |

# अनुसूची ५: रिपोर्ट गरिएका गन्तव्य मुलुकहरूलाई विभिन्न क्षेत्रहरूमा राखेर गरिएको रिकोडीङ

| गन्तव्य क्षेत्र | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा |
|---|---|---|---|---|---|---|
| GCC मुलुकहरू | २५ | ३९ | ३३ | २८ | १३ | १३८ |
| दक्षिण एसिया | २१ | २० | ३६ | ३१ | १८ | १२६ |
| उत्तर अमेरिका | ७ | ७ | ६ | १० | ३ | ३३ |
| अफ्रिका | १ | २ | ११ | ११ | १ | २६ |
| युरोप | २ | २ | ७ | ८ | ५ | २४ |
| पश्चिम एसिया (GCC मुलुकहरू बाहेक) | ३ | ३ | ६ | ५ | ४ | २१ |
| पूर्व एसिया | ३ | १ | ९ | ६ | ० | १९ |
| दक्षिणपूर्वी एसिया | ५ | ४ | १ | ३ | ५ | १८ |
| अष्ट्रेलिया र ओशेनिया | ३ | २ | २ | ७ | ० | १४ |
| मध्य एशिया | ५ | १ | १ | १ | ० | ८ |
| बहु-प्रतिक्रियाहरू; n=४८० | | | | | | |

रिपोर्टमा प्रयोग गरिएको वर्गीकरण संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक मामिला विभाग (UNDESA) को विश्वका भौगोलिक क्षेत्रहरूको वर्गीकरणमा आधारित छ।[36]

[36] संयुक्त राष्ट्र, आर्थिक र सामाजिक मामिला विभाग, तथ्याङ्क विभाग। **तथ्याङ्कीय प्रयोगका लागि मानक मुलुक वा क्षेत्र कोडहरू (M ४९ मानक),** ९ जनवरी २०२२ मा पहुँच गरिएको।

# अनुसूची ६: समाचार लेखहरूमा रिपोर्ट गरिएका ट्रान्जिट मुलुकहरू

| ट्रान्जिट मुलुकहरू | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको प्रतिशत |
| उपलब्ध छैन | ४४ | ६४ | ७० | ८५ | ४१ | ३०४ | ६३.३ |
| भारत | ३० | २० | ३४ | ४१ | १२ | १३७ | २८.५ |
| म्यानमार | ० | ० | ० | १७ | ४ | २१ | ४.४ |
| संयुक्त अरब इमिरेट्स् | २ | ३ | ३ | ९ | ३ | २० | ४.२ |
| थाइल्याण्ड | ४ | २ | ६ | १ | १ | १४ | २.९ |
| श्रीलङ्का | ४ | ४ | ३ | १ | ० | १२ | २.५ |
| मेक्सिको | २ | ४ | ४ | १ | ० | ११ | २.३ |
| अफ्रिकी मुलुकहरू | १ | ४ | २ | ० | ० | ७ | १.५ |
| नाइजेरिया | ० | ० | ५ | ० | ० | ५ | १.० |
| अजरबैजान | ० | ० | ० | ३ | १ | ४ | ०.८ |
| इथियोपिया | ० | ० | ० | ३ | १ | ४ | ०.८ |
| इन्डोनेसिया | ० | १ | ० | ३ | ० | ४ | ०.८ |
| जोर्डन | ० | ० | ० | ४ | ० | ४ | ०.८ |
| कुवेत | २ | १ | १ | ० | ० | ४ | ०.८ |
| लिबिया | ० | ० | ० | ४ | ० | ४ | ०.८ |
| भियतनाम | ० | १ | ० | २ | १ | ४ | ०.८ |
| बङ्गलादेश | २ | ० | ० | १ | ० | ३ | ०.६ |
| खाडी मुलुकहरू | ० | ० | १ | २ | ० | ३ | ०.६ |
| केन्या | १ | २ | ० | ० | ० | ३ | ०.६ |
| मलावी | ० | ० | ० | २ | १ | ३ | ०.६ |
| मलेसिया | ० | ० | २ | १ | ० | ३ | ०.६ |
| निकारागुवा | १ | १ | ० | १ | ० | ३ | ०.६ |
| सिङ्गापुर | १ | ० | २ | ० | ० | ३ | ०.६ |
| तान्जानिया | १ | २ | ० | ० | ० | ३ | ०.६ |
| बुल्गेरिया | ० | ० | २ | ० | ० | २ | ०.४ |
| क्रोएशिया | ० | ० | २ | ० | ० | २ | ०.४ |
| ग्वाटेमाला | ० | १ | ० | १ | ० | २ | ०.४ |
| हाइटी | ० | ० | ० | २ | ० | २ | ०.४ |

| ट्रान्जिट मुलुकहरू | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको प्रतिशत |
| होन्डुरस | ० | १ | ० | १ | ० | २ | ०.४ |
| कोस्टारिका | १ | १ | ० | ० | ० | २ | ०.४ |
| मेडागास्कर | ० | ० | ० | २ | ० | २ | ०.४ |
| रूस | ० | १ | ० | १ | ० | २ | ०.४ |
| सर्बिया | ० | ० | २ | ० | ० | २ | ०.४ |
| स्लोभाकिया | ० | ० | २ | ० | ० | २ | ०.४ |
| क्याम्बोडिया | ० | १ | ० | ० | १ | २ | ०.४ |
| बाहामास | ० | ० | ० | १ | ० | १ | ०.२ |
| भुटान | ० | ० | १ | ० | ० | १ | ०.२ |
| ब्राजिल | ० | ० | ० | १ | ० | १ | ०.२ |
| चीन | ० | १ | ० | ० | ० | १ | ०.२ |
| साइप्रस | ० | ० | १ | ० | ० | १ | ०.२ |
| इक्वेडर | १ | ० | ० | ० | ० | १ | ०.२ |
| फ्रान्स | १ | ० | ० | ० | ० | १ | ०.२ |
| इरान | ० | ० | ० | ० | १ | १ | ०.२ |
| जापान | १ | ० | ० | ० | ० | १ | ०.२ |
| लाओस | ० | १ | ० | ० | ० | १ | ०.२ |
| माइक्रोनेसिया | १ | ० | ० | ० | ० | १ | ०.२ |
| ओमन | ० | १ | ० | ० | ० | १ | ०.२ |
| पाकिस्तान | १ | ० | ० | ० | ० | १ | ०.२ |
| पानामा | १ | ० | ० | ० | ० | १ | ०.२ |
| पपुआ न्यू गिनी | ० | १ | ० | ० | ० | १ | ०.२ |
| कतार | ० | १ | ० | ० | ० | १ | ०.२ |
| साउदी अरेबिया | ० | १ | ० | ० | ० | १ | ०.२ |
| टर्की | ० | ० | १ | ० | ० | १ | ०.२ |
| मोजाम्बिक | ० | ० | ० | ० | १ | १ | ०.२ |
| कोल्मबिया | ० | ० | ० | १ | ० | १ | ०.२ |
| बहु-प्रतिक्रियाहरू; n=४८० | | | | | | | |
| नोट: तालिकामा रहेका क्षेत्रहरू वा क्षेत्रीय संघहरूलाई सन्दर्भ गर्न प्रयोग गरिएका सबै शब्दावली मूल समाचार रिपोर्टहरूमा प्रयोग गरिएका थिए र अध्ययन टोलीद्वारा तयार गरिएका थिएनन्। | | | | | | | |

# अनुसुची ७: रिपोर्ट गरिएका ट्रान्जिट मुलुकहरूलाई विभिन्न क्षेत्रहरूमा राखेर गरिएको रिकोडीङ

| ट्रान्जिट क्षेत्र | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा |
|---|---|---|---|---|---|---|
| दक्षिण एसिया | ३७ | २४ | ३८ | ४३ | १२ | १५४ |
| दक्षिणपूर्वी एसिया | ५ | ६ | १० | २४ | ७ | ५२ |
| अफ्रिका | ३ | ८ | ७ | ११ | ३ | ३२ |
| GCC मुलुकहरू | ४ | ७ | ५ | ११ | ३ | ३० |
| केन्द्रीय अमेरिका र क्यारिबियन | ३ | ४ | ० | ६ | ० | १३ |
| उत्तर अमेरिका | २ | ४ | ४ | १ | ० | ११ |
| पश्चिमी एशिया (GCC बाहेक) | ० | ० | २ | ७ | २ | ११ |
| युरोप | १ | १ | ८ | १ | ० | ११ |
| दक्षिण अमेरिका | १ | ० | ० | २ | ० | ३ |
| अष्ट्रेलिया र ओशेनिया | १ | १ | ० | ० | ० | २ |
| पूर्व एसिया | १ | १ | ० | ० | ० | २ |

रिपोर्टमा प्रयोग गरिएको वर्गीकरण संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक मामिला विभाग (UNDESA) को विश्वका भौगोलिक क्षेत्रहरूको वर्गीकरणमा आधारित छ।[37]

[37] संयुक्त राष्ट्र, आर्थिक र सामाजिक मामिला विभाग, तथ्याङ्क विभाग। **तथ्याङ्कीय प्रयोगका लागि मानक मुलुक वा क्षेत्र कोडहरू (M ४९ मानक)**, ९ जनवरी २०२२ मा पहुँच गरिएको।

# अनुसुची ८: समाचार लेखहरूमा रिपोर्ट गरिएका बाहिर निस्कने जिल्लाहरू

| बाहिर निस्कने जिल्ला | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको प्रतिशत |
| उपलब्ध छैन | ५५ | ७४ | ७९ | १०७ | ३५ | ३५० | ७२.९ |
| बाँके | ६ | ३ | ८ | १० | ३ | ३० | ६.३ |
| काठमाडौं | ३ | ४ | ३ | ७ | ३ | २० | ४.२ |
| झापा | २ | २ | १ | ९ | ५ | १९ | ४.० |
| कञ्चनपुर | ५ | ३ | ५ | ० | १ | १४ | २.९ |
| रूपन्देही | १ | ० | ४ | ३ | ३ | ११ | २.३ |
| पर्सा | १ | ० | ३ | २ | २ | ८ | १.७ |
| बर्दिया | १ | १ | २ | ० | १ | ५ | १.० |
| कपिलवस्तु | २ | ० | ३ | ० | ० | ५ | १.० |
| मोरङ | ० | ० | २ | १ | २ | ५ | १.० |
| महोत्तरी | १ | ३ | ० | ० | ० | ४ | ०.८ |
| बैतडी | ० | ० | ३ | ० | ० | ३ | ०.६ |
| सुनसरी | ० | ० | ० | २ | १ | ३ | ०.६ |
| धनुषा | १ | ० | ० | १ | ० | २ | ०.४ |
| चितवन | ० | १ | ० | ० | ० | १ | ०.२ |
| इलाम | ० | ० | १ | ० | ० | १ | ०.२ |
| कैलाली | १ | ० | ० | ० | ० | १ | ०.२ |
| नवलपरासी | ० | ० | ० | ० | १ | १ | ०.२ |
| रसुवा | ० | ० | १ | ० | ० | १ | ०.२ |
| रौतहट | १ | ० | ० | ० | ० | १ | ०.२ |
| बहु-प्रतिक्रियाहरू; n=४८० | | | | | | | |

# अनुसुची ९: पीडितहरूको रिपोर्ट गरिएका स्रोत जिल्लाहरू

| मूल जिल्ला | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको प्रतिशत |
| उपलब्ध छैन | ४४ | ५६ | ७१ | ९६ | ३२ | २९९ | ६२.३ |
| मोरङ | ३ | ३ | ५ | ७ | ७ | २५ | ५.२ |
| झापा | ४ | ७ | १ | ६ | ६ | २४ | ५.० |
| दाङ | २ | ४ | ५ | ४ | ४ | १९ | ४.० |
| सिन्धुपाल्चोक | ४ | ९ | ३ | ३ | ० | १९ | ४.० |
| मकवानपुर | ३ | ५ | ४ | ४ | ० | १६ | ३.३ |
| काठमाडौं | १ | २ | १ | ५ | ६ | १५ | ३.१ |
| नवलपरासी | १ | १ | ४ | ३ | ५ | १४ | २.९ |
| चितवन | ३ | ३ | १ | ६ | ० | १३ | २.७ |
| सुनसरी | ० | ३ | १ | ६ | २ | १२ | २.५ |
| बाग्लुङ | २ | ० | ६ | २ | १ | ११ | २.३ |
| बर्दिया | ४ | १ | ६ | ० | ० | ११ | २.३ |
| नुवाकोट | १ | २ | ३ | ४ | १ | ११ | २.३ |
| बाँके | २ | ० | ३ | २ | ३ | १० | २.१ |
| धादिङ | २ | १ | ३ | २ | १ | ९ | १.९ |
| दोलखा | २ | ३ | ३ | १ | ० | ९ | १.९ |
| काभ्रेपलाञ्चोक | ३ | १ | १ | ३ | १ | ९ | १.९ |
| पर्वत | ० | १ | २ | ३ | ३ | ९ | १.९ |
| सिन्धुली | २ | ३ | २ | २ | ० | ९ | १.९ |
| रुपन्देही | ० | २ | २ | २ | ३ | ९ | १.९ |
| उदयपुर | २ | २ | २ | १ | १ | ८ | १.७ |
| रोल्पा | ३ | ० | ३ | १ | ० | ७ | १.५ |
| सप्तरी | २ | १ | १ | १ | २ | ७ | १.५ |
| सर्लाही | ० | ० | २ | ३ | २ | ७ | १.५ |
| सिरहा | २ | १ | १ | २ | १ | ७ | १.५ |
| सुर्खेत | ० | ० | २ | २ | ३ | ७ | १.५ |
| गुल्मी | १ | १ | ० | ४ | ० | ६ | १.३ |
| कैलाली | ० | २ | २ | २ | ० | ६ | १.३ |
| कास्की | १ | ० | ३ | १ | १ | ६ | १.३ |
| लमजुङ | ० | ० | १ | ४ | १ | ६ | १.३ |
| म्याग्दी | १ | १ | २ | २ | ० | ६ | १.३ |

| मूल जिल्ला | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको सङ्ख्या | लेखहरूको प्रतिशत |
| दैलेख | १ | १ | ३ | ० | ० | ५ | १ |
| गोर्खा | ३ | ० | २ | ० | ० | ५ | १ |
| इलाम | १ | १ | २ | ० | १ | ५ | १ |
| खोटाङ | १ | ० | ३ | ० | १ | ५ | १ |
| महोत्तरी | ३ | ० | १ | ० | १ | ५ | १ |
| प्युठान | १ | ० | १ | ३ | ० | ५ | १ |
| रामेछाप | ३ | १ | १ | ० | ० | ५ | १ |
| सल्यान | १ | ० | २ | २ | ० | ५ | १ |
| धनुषा | २ | ० | १ | १ | ० | ४ | ०.८ |
| कपिलवस्तु | ० | २ | २ | ० | ० | ४ | ०.८ |
| रसुवा | १ | १ | १ | १ | ० | ४ | ०.८ |
| रुकुम | ० | ० | २ | २ | ० | ४ | ०.८ |
| तनहुँ | १ | ० | ३ | ० | ० | ४ | ०.८ |
| ताप्लेजुङ | ० | ० | ३ | १ | ० | ४ | ०.८ |
| भोजपुर | १ | १ | ० | ० | १ | ३ | ०.६ |
| धनकुटा | १ | १ | १ | ० | ० | ३ | ०.६ |
| जाजरकोट | ० | ० | २ | १ | ० | ३ | ०.६ |
| ललितपुर | ० | १ | १ | १ | ० | ३ | ०.६ |
| पाल्पा | २ | १ | ० | ० | ० | ३ | ०.६ |
| पाँचथर | १ | १ | १ | ० | ० | ३ | ०.६ |
| पर्सा | ० | ० | २ | ० | १ | ३ | ०.६ |
| सोलुखुम्बु | १ | ० | २ | ० | ० | ३ | ०.६ |
| स्याङ्जा | ० | ० | २ | १ | ० | ३ | ०.६ |
| बैतडी | ० | ० | २ | ० | ० | २ | ०.४ |
| कञ्चनपुर | ० | ० | १ | १ | ० | २ | ०.४ |
| अछाम | ० | ० | १ | ० | ० | १ | ०.२ |
| अर्घाखाँची | ० | ० | १ | ० | ० | १ | ०.२ |
| बारा | ० | ० | १ | ० | ० | १ | ०.२ |
| भक्तपुर | ० | ० | ० | १ | ० | १ | ०.२ |
| कालिकोट | ० | ० | ० | १ | ० | १ | ०.२ |
| ओखलढुङ्गा | ० | ० | १ | ० | ० | १ | ०.२ |
| रौतहट | ० | ० | १ | ० | ० | १ | ०.२ |
| सङ्खुवासभा | ० | ० | १ | ० | ० | १ | ०.२ |
| बहु-प्रतिक्रियाहरू; n=४८० | | | | | | | |

# अनुसुची १०: नेपालमा जाति र जातीय वर्ग

यस अध्ययनमा प्रयोग गरिएका जाति र जातीय वर्ग Pitamber Sharma को पुस्तक, *सम एस्पेक्ट्स अफ नेपाल्स सोशल डेमोग्राफी: जनगणना २०११ को अद्यावधिक* मा सुझाव गरिएको जाति र जातीय वर्गीकरणसँग मेल खान्छ (Sharma २०१४)। साझा सामाजिक, पारिस्थितिकीय, भाषिक र धार्मिक विशेषताहरूमा आधारित समूहहरूमा वर्गीकरण गरेर नेपालका विविध जात र जातीय समूहहरूको एकीकृत जातीय मानचित्र उपलब्ध गराउने भएकाले यो वर्गीकरण प्रयोग गरिएको हो।

१. **पहाडी जाति:** बाहुन, क्षेत्री, सन्यासी/दशनामी, ठकुरी;

२. **पहाडी दलित:** बादी, दमाई/ढोली, गाईने, कामी, सार्की;

३. **पहाडी जनजाति:** आठपरिया, बाहिङ, बान्तवा, ब्रह्मु/बरामो, चाम्लिङ, चेपाङ/प्रजा, छन्त्याल/छन्तेल, दुरा, घले, घर्ती/भुजेल, गुरुङ, हायु, ह्योल्मो, जिरेल, खालिङ, खवास, कुलुङ, कुसुण्डा, लेप्चा, लिम्बु, लोहारुङ, मगर, मेवाहाङ/बाला, नाछिरिङ, नेवार, पहारी, राई, साम्पाङ, सुनुवार, तामाङ, थामी, थुलुङ, याक्खा, याम्फु;

४. **भित्री तराई जनजाति:** बोटे, दनुवार, दराई, कुमाल, माझी, राजी, राउटे;

५. **पर्वत जनजाति:** भोटे, ब्यासी/सौका, डोल्पो, ल्होमी, ल्होपा, शेर्पा, थकाली, टोपकेगोला, वालुङ;

६. **तराई जातिहरू:** बढाइ, बराई, बिन, ब्राह्मण तराई, देव, धुनिया, गदेरी/भेडीहार, हजाम/ठाकुर, हलुवाई, जैन, कहार, कलवार, कमर, कानु, कथाबनिया, कायस्थ, केवत, कोइरी/कुशवाहा, कोरी, कुम्हार, कुर्मी, लोध, लोहार, माली, मल्लहा, मारवाडी, नुनिया, नुरङ, राजभर, राजधोब, राजपूत, सोनार, सुधी, तेली, यादव;

७. **तराई दलित:** बन्तर/सरदार, चमार/हरिजन राम, चिडिमार, ढांडी, धनकर/धारीकर, धोबी, डोम, दुसध/पासवान/पसी, हलखोर, कालार, खाट्वे, मुसहर, नटुवा, सरबरिया, तात्मा/ताटवा;

८. **तराई जनजाति:** अमत, धानुक, धिमाल, गंगाई, झङ्गड/धगर, किसान, कोचे, मेचे, मुण्डा, पट्टरकट्टा/कुसवाडिया, राजवंशी, सतार/सन्थाल, ताजपुरिया, थारु;

९. **अन्य (उल्लेख गर्नुहोस):** बंगाली, मुस्लिम, पञ्जाबी/सिख, चुरौटे;

१०. **उल्लेख नगरिएको:** आदिवासी/जनजाति, दलित अन्य, तराई अन्य, अपरिभाषित अन्य, विदेशी।

# अनुसूची ११: तथ्याङ्क निकासी फाराम

| | |
|---|---|
| शीर्षक | |
| प्रकाशन | |
| लेखक | |
| वर्ष | |
| महिना | |
| दिन | |
| सञ्चारमाध्यमको सामग्री | |
| तथ्याङ्कको प्रयोग | |
| उद्धरणको प्रयोग | |
| स्रोतको प्रयोग | |
| बेचबिखनको माध्यम | |
| बेचबिखनको प्रकृति | |
| बेचबिखनको उद्गम जिल्ला | |
| गन्तव्य | |
| ट्रान्जिट मुलुकहरू | |
| ट्रान्जिट सहरहरू | |
| बाहिर निस्कने स्थान (सीमा बिन्दु) | |
| बाहिर निस्कने जिल्ला | |
| आरोपीत अपराधीको विवरण | |
| आरोपीत अपराधीको नाम | |
| आरोपीत अपराधीको लिङ्ग | |
| आरोपीत अपराधीको उमेर | |
| आरोपीत अपराधीको जाति/जातीयता | |
| आरोपीत अपराधीको जातीय वर्ग | |
| पीडित पक्षको विवरण | |
| पीडित पक्षको लिङ्ग | |
| पीडित पक्षको जाति/जातीयता | |
| पीडित पक्षको जातीय वर्ग | |
| पीडित पक्षको उमेर | |
| पीडित पक्षको मूल | |
| पीडितको स्रोत जिल्ला | |
| आरोपीत अपराधीको सम्पर्क | |
| अवरोधकको विवरण | |
| अवरोधकको नाम | |
| अवरोधकको प्रकार | |
| रिपोर्टिङको लेन्स | |

# सन्दर्भ सामाग्रीहरु


Acharya, B.B. (2018) 'An Overview of Nepali News Media: Challenges and Prospects', *Journal of University Grants Commission* 7.1: 75-92

Acharya, U. (2021) '**Nepal: Print**', *Media Landscapes: Expert Analyses of the State of Media*, Maastricht: European Journalism Centre (accessed 10 October 2021)

ADB (2020) ***Gender Equality and Social Inclusion Diagnostic of Selected Sectors in Nepal***, Manila: Asian Development Bank (accessed 27 February 2022)

Adhikari, D.; Pokhrel, J.; KC, S. and Rai, B. (2011) *The Media in the News: An Assessment Report in the Context of Nepal's Post-conflict Transition*, Kathmandu: Media Foundation

Agence France Presse (2016) '**Nepali, Bangladeshi Women Trapped in Syria**', *The Kathmandu Post*, 13 March (accessed 27 February 2022)

AHTB (2021) ***Triannual Statistics Details,*** Kathmandu: Anti-Human Trafficking Bureau (accessed 1 October 2021)

Albright, E. and D'Adamo, K. (2017) 'The Media and Human Trafficking: A Discussion and Critique of the Dominant Narrative', in M. Chisolm-Straker and H. Stoklosa (eds), *Human Trafficking is a Public Health Issue*, Berlin: Springer

Alger, D. (1998) '**Megamedia, the State of Journalism, and Democracy**', *Harvard International Journal of Press/Politics* 3.1: 126-33, DOI: 10.1177/1081180X98003001012 (accessed 27 April 2021)

Amazon (2021) ***Alexa Top Sites in Nepal*** (accessed 30 April 2021)

Anmol, A. (2019) '**Women go Abroad for Work and Return Duped and Abused**', *The Kathmandu Post*, 17 November (accessed 27 February 2022)

Bagdikian, B.H. (1997) *The Media Monopoly*, Boston MA: Beacon Press

Banerjee, S. (2021) ***The Need for Integrated SOPs to Combat Human Trafficking Along India-Nepal Border***, New Delhi: Observer Research Foundation (accessed 23 April 2021)

Beckett, C. and Deuze, M. (2016) 'On the Role of Emotion in the Future of Journalism', *Social Media + Society* 2.3: 1-6

Berger, P. and Luckmann, T. (1991) *The Social Construction of Reality*, London: Penguin Books

Betteridge-Moes, M. (2020) ***Human Trafficking Persists During Covid at Indo-Nepal Border***, London: SOAS University of London (accessed 25 October 2021)

Bhandari, K.; Bhattarai, D. and Deane, J. (2016) ***Accountability, Nation and Society: The Role of Media in Remaking Nepal***, Kathmandu: BBC Media Action (accessed 27 February 2022)

Burles, M. and Bally, J.M.G. (2018) 'Ethical, Practical, and Methodological Considerations for Unobtrusive Qualitative Research About Personal Narratives Shared on the Internet', *International Journal of Qualitative* Methods 17: 1-9

CBS (2014) *Population Monograph of Nepal: Volume II (Social Demography),* Kathmandu: Central Bureau of Statistics

CBS (2011) *Nepal Living Standard Survey 2010-11*, Kathmandu: Central Bureau of Statistics

David, F.; Bryant, K. and Larsen, J.J. (2019) *Migrants and the Vulnerabilities to Human Trafficking, Modern Slavery and Forced* Labour, Geneva: अन्तराष्ट्रिय आप्रवास संस्था (International Organization for Migration)

Denton, E. (2010) 'International News Coverage of Human Trafficking Arrests and Prosecutions: A Content Analysis', *Women and Criminal Justice* 20: 10-26

Department of Information and Broadcasting (2018) ***Annual Report 2074/2075**,* Kathmandu: Government of Nepal (accessed 27 April 2022)

Dhungana, S. (2019) '**Nepali Women are Being Trafficked to China and Sold as Wives**', *The Kathmandu Post,* 9 September (accessed 24 April 2021)

DoFE (2020) *Labour Approval Record Dated 2076/04/01 to 2077/03/31,* Kathmandu: वैदेशिक रोजगार विभाग

Freedom Forum (2020) ***Press Release: Nepal Awaits Improvement in Press Freedom Atmosphere***, Kathmandu: Freedom Forum (accessed 1 October 2021)

Freedom Forum (2012) *A Study Report: Media Content Research on Aid Transparency in Nepal,* Kathmandu: Freedom Forum

FWLD (2020) *Coalition of NGOs for Nepal on Anti-Trafficking: Submission to the Human Rights Council for the 37th Session of the Universal Periodic Review (UPR)*, Kathmandu: Forum for Women, Law and Development

G.C., J. (2003) '**Ek Andolankari ko Byatha** [Woes of a Protester]', *Himal Khabarpatrika*, 14 June (accessed 4 March 2022)

Giri, A. (2019) '**Nepali Embassy Institutes Online Provisions for No-Objection Certificate, but Public Laments It as Too Little, Too Late**', *The Kathmandu Post*, 17 May (accessed 12 November 2021)

GoN (2016) ***Online Media Operation Directives, 2073***, Kathmandu: Government of Nepal (accessed 27 April 2022)

GoN (2015) *Constitution of Nepal 2015*, Kathmandu: नेपाल सरकार

GoN (2007) ***Human Trafficking and Transportation (Control) Act 2007***, Kathmandu: Nepal Law Commission, Government of Nepal (accessed 4 March 2022)

GoN (2006) ***The Electronic Transactions Act, 2063 (2008)***, Kathmandu: Government of Nepal (accessed 27 April 2022)

GoN and UNDP (2014) *Nepal Human Development Report 2014: Beyond Geography Unlocking Human Potential*, Kathmandu: Government of Nepal and United Nations Development Programme

Gulati, J. (2010) 'Media Representation of Human Trafficking in the United States, Great Britain, and Canada', *SSRN Electronic Journal*

Gurung, G. (2013) *Living the Golden Dreams: The Gulf and Nepalese Women*, Kathmandu: Maiti Nepal

Hall, S. (1997) 'The Work of Representation', in S. Hall (ed.), *Representation: Cultural Representation and Signifying Practice*s, London, Thousand Oaks CA and New Delhi: SAGE

Hamal, S. (2019) ***CID Magazine 2076: Annual Publication**,* Kathmandu: Crime Investigation Department (accessed 27 February 2022)

HRW (2019) '**Nepal: End Attacks on Free Expression - Escalating Crackdown on Journalists, Social Media**', 18 April, New York NY: Human Rights Watch (accessed 1 October 2021)

ILO (2021a) ***What is Forced Labour, Modern Slavery and Human Trafficking?***, Geneva: International Labour Organization (accessed 26 October 2021)

ILO (2021b) *Reporting on Forced Labour and Fair Recruitment: An ILO Toolkit for Nepali Journalists,* Kathmandu:

ILO (2015) ***No Easy Exit: Migration Bans Affecting Women from Nepal,*** Geneva: International Labour Organization (accessed 27 February 2022)

IOM (n.d.) *IOM and Labour Migration,* Geneva: अन्तराष्ट्रिय आप्रवास संस्था (International Organization for Migration)

*Kantipur* (2019) 'Modeling Bhandai Jhadai Taantrik Pujaka laagi Bechien! [Almost Sold for Tantric Worship in the Name of Modelling]', 27 December

Kharel, A. (2016) '**Female Labor Migration and the Restructuring of Migration Discourse: A Study of Female Workers from Chitwan, Nepal**', PhD dissertation, Kansas State University (accessed 27 February 2022)

Kharel, A.; Shrestha, S.; Bhattarai, S.; Oosterhoff, P. and Snyder, K. (forthcoming) *Assessment of Outreach and Engagement with Prospective Migrants by the Agencies Recruiting Labourers for Foreign Employment*

KIN Nepal (2021) ***Community Anti Human Trafficking Campaign*** (accessed 26 November 2021)

Kiss, L. *et al.* (2019) *The Trafficking of Girls and Young Women: Evidence for Prevention and Assistance,* New York NY: Plan International

Logan, T.K. (2007) *Human Trafficking in Kentucky*, Lexington KY: युनिभर्सिटी अफ केन्टुकी

Loseke, D.R. (2003) 'Claims-Makers and Audiences', in D.R. Loseke (ed.), *Thinking about Social Problems*, New Jersey: Transaction Publishers

Macnamara, J. (2005) 'Media Content Analysis: Its Uses, Benefits and Best Practice Methodology', *Asia Pacific Public Relations Journal* 6.1: 1-34

Maharjan, B. (2020) '**Media Council Bill Policy Brief**', Kathmandu: Samriddhi Foundation (accessed 27 February 2022)

Maharjan, H.M. (2020) '**Rethinking Media Studies Research**', *The Rising Nepal*, 4 January (accessed 27 February 2022)

Maharjan, K. and Thapa, M.K. (2017) ***Cause, Processes and Vulnerability of Sexual Trafficking Nepal,*** Kathmandu: United Mission to Nepal (accessed 27 February 2022)

Maiti Nepal (2020) *Annual Report 2020*, Kathmandu: Maiti Nepal

Maiti Nepal (2018) *Annual Report 2018*, Kathmandu: Maiti Nepal

Mandal, C.K. (2020a) '**Porous Border, Poor Interception and Changing Forms Continue to Enable Human Trafficking to Flourish**', *The Kathmandu Post*, 30 July (accessed 27 April 2022)

Mandal, C.K. (2020b) '**Nepalis Continued to be Duped to Work Abroad on Visit Visas**', *The Kathmandu Post,* 31 December (accessed 27 February 2022)

Mandal, C.K. (2020c) '**Immigration Authorities Consider Changes in Laws to Check Nepalis Leaving on Visit Visas to Work Abroad**', *The Kathmandu Post*, 10 December (accessed 27 April 2022)

Mandal, C.K. (2020d) '**Nepalis Going Abroad on Visit Visa in Droves Worries Officials**', *The Kathmandu Post*, 29 November (accessed 12 November 2021)

Mandal, C.K. (2019a) '**Over 300 Nepalis Trafficked Through the India-Myanmar Border from December to January**', *The Kathmandu Post*, 6 February (accessed 23 April 2021)

Mandal, C.K. (2019b) '**Two Years on, Nepal Continues to Bar Women from Taking Housemaid Jobs in Gulf**', *The Kathmandu Post*, 12 May (accessed 27 February 2022)

McCarthy, M. (2021) ***A Comprehensive Analysis of Policies and Frameworks Governing Foreign Employment for Nepali Women Migrant Workers and Migrant Domestic Workers***, Lalitpur: International Labour Organization Country Office, Nepal (accessed 27 April 2022)

MoLE (2018) *Labour Migration for Employment. A Status Report for Nepal: 2015/16 and 2016/17,* Kathmandu: Government of Nepal, Ministry of Labour and Employment

MoLESS (2020) *Nepal Labour Migration Report 2020*, Kathmandu: Government of Nepal, Ministry of Labour, Employment and Social Security

Murray, F.; Theminimulle, S.; Dharel, M. and Shrestha, B.T. (2019) ***Scoping Study on Modern Slavery Nepal,*** Kathmandu: Department for International Development, Nepal (accessed 27 February 2022)

National Women Commission (2017) ***Mahila Hinsa kaa Ghatana, Ujuri ra Patrapatrikama Prakaashit Samacharharuko Bishlesan*** *[Analysis of Events, Complaints and News Reports of Women Violence]*, Kathmandu: National Women Commission (accessed 4 March 2022)

Neuendorf, K.A. (2017) *The Content Analysis Guidebook*, 2nd ed., Los Angeles CA: SAGE

Neupane, S.R. (2019a) '**Myanmar Hundai Iraq Lana Khojiyeka Nepali ko Uddar** [Rescue of Nepalis Trying to Reach Iraq through Myanmar]', *Kantipur*, 8 February (accessed 4 March 2022)

Neupane, S.R. (2019b) '**Nepali Embassy in Delhi Issues Public Notice Regarding No-Objection Certificate**', *The Kathmandu Post*, 14 May (accessed 19 January 2022)

NHRC (2019) *National Report on Trafficking in Persons in Nepal,* Kathmandu: राष्ट्रिय मानव अधिकार आयोग

NHRC (2018) *Trafficking in Persons in Nepal: National Report*, Lalitpur: राष्ट्रिय मानव अधिकार आयोग

NHRC (2017) ***Trafficking in Persons: National Report 2015/16,*** Lalitpur: National Human Rights Commission (accessed 27 April 2022)

NHRC (2016) *Trafficking in Persons: National Report 2013-15*, Lalitpur: राष्ट्रिय मानव अधिकार आयोग

NHRC (2014) ***Trafficking in Persons Especially on Women and Children in Nepal: National Report 2012-13***, Lalitpur: National Human Rights Commission (accessed 27 April 2022)

NHRC (2012) ***Trafficking in Persons Especially on Women and Children in Nepal: National Report 2011,*** Lalitpur: National Human Rights Commission (accessed 27 April 2022)

Oosterhoff, P.; Sharma, B.P. and Burns, D. (2020) ***Evaluation of the South-Eastern Nepal Hotspot to Reduce the Prevalence of Bonded Labour***, Brighton: Institute of Development Studies (accessed 27 April 2022)

Oosterhoff, P.; Sharma, B.P. and Burns, D. (2017) ***Participatory Statistics to Measure Prevalence in Bonded Labour Hotspots in Nepal: Report on Findings of the Baseline Study***, Brighton: Institute of Development Studies (accessed 27 April 2022)

Oosterhoff, P.; Yunus, R.; Jensen, C.; Somerwell, F. and Pocock, N. (2018) *Modern Slavery Prevention and Responses in South Asia: An Evidence Map*, London: अन्तर्राष्ट्रिय विकास विभाग

Patterson, C.; Emslie, C.; Mason, O.; Fergie, G. and Hilton, S. (2016) 'Content Analysis of UK Newspaper and Online News Representations of Women's and Men's "Binge" Drinking: A Challenge for Communicating Evidence-Based Messages about Single-Episodic Drinking?', *BMJ Open* 6

PCN (2021) *45th Barshik Pratibedan Aa. Wa. 2076/77 (45th Annual Report FY 2076/77),* Kathmandu: Press Council Nepal

PCN (2019) ***Journalist Code of Conduct, 2016 (Amended 2019)***, Kathmandu: Press Council Nepal (accessed 1 September 2021)

PCN (2016) ***Journalists Code of Conduct, 2016***, Kathmandu: Press Council Nepal (accessed 29 April 2021)

Pokharel, G. (2018) 'Kenya bata Bharat le Uddar Gareka Saat Nepali Cheli Ghar Pharkana Manenan [Seven Nepali girls rescued by India from Kenya refused to return home]', *Onlinekhabar*, 26 February

Portel, P. (2020) '**For Nepali Women Seeking Work in the Gulf, New Routes and Old Risks**', *The Kathmandu Post,* 4 January (accessed 27 April 2022)

Pragya (n.d.) ***Trafficking of Women and Girls in Nepal: Study on Trends following the 2015 Earthquake***, Haryana: Pragya (accessed 27 February 2022)

Pyakurel, U.P. (2018) 'Restrictive Labour Migration Policy on Nepalese Women and Consequences', *Sociology and Anthropology* 6.8: 650-56

Rai, B. (2019) '**Nepal's Labour Migration Policy: by Men, for Men**', *The Kathmandu Post*, 1 December (accessed 27 February 2022)

Rastriya Samachar Samiti (2021) '**Nepal has Over 2,325 Online News Portals Now**', *Onlinekhabar*, 18 February (accessed 27 April 2021)

Regmi, D. (2017) '**60 Pratisat Setting Airport Batai** [60 Percent Setting from the Airport Itself]', *Kantipur*, 9 August (accessed 27 April 2022)

Reporters Without Borders (2021) ***2021 World Press Freedom Index*** (accessed 29 April 2021)

Sanford, R.; Martínez, D.E. and Weitzer, R. (2016) '**Framing Human Trafficking: A Content Analysis of Recent US Newspaper Articles**', *Journal of Human Trafficking* 2.2: 139-55, DOI: 10.1080/23322705.2015.1107341 (accessed 27 February 2022)

Sapkota, J. (2021) '**Srilankako Jailma 26 jana Nepali** [26 Nepalis in Sri Lanka Prison]', *Kantipur*, 28 February (accessed 27 February 2022)

Sapkota, J. (2020a) 'America Hindeka Nepali jaba Malawima Bandhak Bhaye… [When Nepalis Who Went to America Were Taken Hostage in Malawi…]', *Kantipur*, 2 November

Sapkota, J. (2020b) '**Bangkok lai Transit Banayera Cambodia puryaune ko?** [Who Transports People from Bangkok to Cambodia and Laos?]', *Kantipur*, 18 November (accessed 27 February 2022)

Sapkota, J. (2019) '**Burkha ma Lukayera Manab Taskari** [Human Trafficking Hiding under Burkha]', *Kantipur*, 5 October (accessed 4 March 2022)

Schildkraut, J. and Muschert, G.W. (2019) 'Media Salience and Mass Murder: Examining Frame Changing Across Mass Shooter Events, 2000-2012', in S.E. Daly (ed.), *Assessing and Averting the Prevalence of Mass Violence*, Hershey PA: IGI Global

Sharma, P. (2014) *Some Aspects of Nepal's Social Demography: Census 2011 Update*, Kathmandu: Social Science Baha and Himal Books

Sharma, S.; Pandey, S.; Pathak, D. and Sijapati-Basnett, B. (2014) *State of Migration in Nepal*, Kathmandu: श्रम तथा गतिशीलताको अध्ययन केन्द्र

Shrestha, R.; Karki, P.; Suwal, A. and Copenhaver, M. (2015) '**Sex Trafficking Related Knowledge, Awareness, and Attitudes among Adolescent Female Students in Nepal: A Cross-Sectional Study**', *PLoS ONE* 10.7 (accessed 27 February 2022)

Surtees, R.; Johnson, L.S.; McAdam, M. and Davis, J. (2020) *Identifying Trafficking Victims: An Analysis of Victim Identification Tools and Resources in Asia*, Washington DC: NEXUS Institute and Winrock International

Taylor-Nicholson, E.; Paoletti, S.; Sijapati, B. and Farbenblum, B. (2014) ***Labor Migration Agents: Regulation, Accountability and Alternatives***, Kathmandu: Centre for the Study of Labour and Mobility (accessed 27 February 2022)

Thapa, D. *et al.* (forthcoming) *Optimizing Screening and Support Services for Gender-Based Violence and Trafficking in Persons*, Kathmandu: Social Science Baha and The Asia Foundation

*The Himalayan Times* (2021) '**Media Experts Call for Promotion of Independent Media**', 29 September (accessed 11 January 2022)

*The Record* (2020) '**Nepali Journalists Demand Salary, Stage Sit-in Protests**', 4 October (accessed 27 February 2022)

Tuchman, G. (1972) 'Objectivity as Strategic Ritual: An Examination of Newsmen's Notions of Objectivity', *American Journal of Sociology* 77.4: 660-79

Tuladhar, S.; Shrestha, K.R.; Regmi, N.; Shrestha, A. and Ban, B. (2013) 'Current Status of Health Reporting in Nepali Press', *Bodhi: An Interdisciplinary Journal* 6.1

UN (2000) ***The Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, Supplementing the United Nations Convention against Transnational Organized Crime 2000***, New York NY: United Nations (accessed 10 March 2021)

UNICEF (2011) ***Trafficking for Sexual Exploitation and other Exploitative Purposes***, Florence: UNICEF (accessed 11 October 2021)

UNICEF USA (2017) ***What Fuels Human Trafficking?***, New York NY: UNICEF (accessed 11 October 2021)

UNODC (2017) ***Standard Operating Procedures to Counter Cross Border Trafficking in Persons: India-Nepal, For First Responders***, New Delhi: United Nations Office on Drugs and Crime, South Asia (accessed 27 February 2022)

US Department of State (2020) ***Trafficking in Persons Report***, 20th ed., Washington DC: US Department of State (accessed 27 February 2022)

US Government (2000) ***Victims of Trafficking and Violence Protection Act of 2000 Public Law 106-386*** (accessed 1 January 2022)

Vance, C. (2012) '**Innocence and Experience: Melodramatic Narratives of Sex Trafficking and their Consequences for Law and Policy**', *History of the Present* 2: 200-18, DOI: 10.5406/historypresent.2.2.0200 (accessed 27 February 2022)

Virkus, B.L. (2014) '**Human Trafficking and the Media: Comparing Newspapers' Portrayal of Victims and Offenders**', MA thesis, Department of Sociology, Anthropology and Criminology, University of Northern Iowa (accessed 27 February 2022)

Yadav, B. (2016) '73 Children, Women Rescued from Birgunj in 3 Months', *The Kathmandu Post*, 14 June

Delivering world-class research, learning and teaching that transforms the knowledge, action and leadership needed for more equitable and sustainable development globally.

Institute of Development Studies
Library Road
Brighton, BN1 9RE
United Kingdom
+44 (0)1273 606261
**ids.ac.uk**

Charity Registration Number 306371
Charitable Company Number 877338
© Institute of Development Studies 2022